# रामेछाप जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन र संरचनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग
स्नातकोत्तर तह (एम.ए) द्वितीय वर्षको दशौं पत्रको
लागि प्रस्तुत शोधपत्र


प्रस्तुतकर्ता
**श्रीप्रसाद घिमिरे**
एम.ए. दोश्रो वर्ष
रोल नं.: ९६/०६०/६१
परीक्षा रोल नं.:
त्रि.वि. दर्ता नं. ३७२५-१९९३

२०६४

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत नेपाली विषयको छात्र श्रीप्रसाद घिमिरेले त्रि.वि.वि स्नातकोत्तर तहमा नेपाली विषयको दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **"रामेछाप जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन र संरचनात्मक अध्ययन"** शीर्षकको शोधपत्र उचित्र ठहरिएकोले स्वीकृत भयो ।

मिति : २०६४/ /

शोधपत्र मूल्याङ्कन समिति

विभागीय प्रमुख - प्रा.डा. घनश्याम उपाध्याय

शोध निर्देशक - सह. प्रा. मोतीलाल पराजुली

वाह्य विशेषज्ञ - उप. प्रा. डा. कृष्णप्रसाद न्यापाने

# शोध निर्देशनको सिफारिस

**"रामेछाप जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन र संरचनात्मक अध्ययन"** शीर्षकको प्रस्तुत शोधपत्र श्रीप्रसाद घिमिरेले मेरो निर्देशनमा तयार पार्नुभएको हो । क्षेत्रकार्यबाट सङ्कलित लोककथाहरुलाई लोककथा सैद्धान्तिक मापदण्डका आधारमा विश्लेषण गरिएको प्रस्तुत शोधपत्र वैज्ञानिक एवम् पूर्ण छ । यस कार्यबाट म पूर्ण सन्तुष्ट छु र मूल्याङ्कनका पूर्वप्रक्रियाहरु अगाडि बढाउन सिफारिस गर्दछु ।

दिनाङ्क :

शोध निर्देशक

............................

डा. मोतीलाल पराजुली

सह-प्राध्यापक

नेपाली केन्द्रिय विभाग

कीर्तिपुर, काठमाडौं ।

# कृतज्ञता पत्र

मेरो यो अध्ययन **रामेछाप जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन र संरचनात्मक अध्ययन** रहेको छ । यसलाई तयार पार्न विभिन्न सामग्रीहरूको सहयोग लिइएको छ । संरचनात्मक अध्ययनको लागि मुख्यरूपमा डा. बासुदेव त्रिपाठीको पश्चिमी साहित्यका वादहरू र सहायक रूपमा डा. खगेन्द्र लुइटेलको कविताको संरचात्मक अध्ययन र डा. मोतीलाल पराजुलीको सोरठी नृत्यनाटिका रहेका छन् ।

पूर्णतः नयाँ सिद्धान्तमा आधारित भएर संरचनात्मक रूपमा रामेछापका लोककथाकहरूको अध्ययन गरिएको छ । यस कार्यमा रामेछापका लोककथाहरूको अध्ययन गरिएको छ । यस कार्यमा "नआत्तिनु गर्नुहोस् तपाईं सफल हुनुहुन्छ" भनेर निरन्तर हौसला दिने गुरू डा. मोतीलाल पराजुलीप्रति कृतज्ञता टक्रयाउँछु ।

जन्म दिने मातापितालाई साष्टाङ्ग दण्डवत गरी जे-जस्तो परिस्थितिमा पनि पारिवारिक बोझबाट मुक्ति दिएर पढ्न र लेख्न अवसर प्रदान गर्ने श्रीमती गीता, भाइहरू टेकप्रसाद र फणिन्द्र, दिदी लक्ष्मी र बहिनी पवित्रा तथा दाजु जनार्दन अनि छोरी श्रेयाप्रति पनि आभार व्यक्त गर्दछु ।

मलाई पढ्नु पर्दछ भनी प्रेरणा दिने साथी कमल भूजेल, भाइ दिपक घिमिरे, भरपूर सहयोग गर्ने रुद्रबहादुर बुढाथोकी र प्रा. टेकप्रसाद घिमिरे सबैमा ऋणी रहनेछु । अरू सबैलाई धन्यबाद !

२०६४ बैशाख ४

........................
............

(श्रीप्रसाद घिमिरे)

# विषय सूची

परिच्छेद - एक १
१.१ शोधशीर्षक १
१.२ शोध कार्यको प्रयोजन १
१.३ विषय र परिचय - १
१.४ समस्याकथन २
१.५ शोधकार्यका उदेश्यहरू २
१.६ पूर्वकार्यको समीक्षा ३
१.७ शोधकार्यको औचित्य ४
१.८ शोधकार्यको सीमाङ्कन ५
१.९ सामग्री सङ्कलन र विश्लेषण विधि ५
१.१० शोधपत्रको रूपरेखा ५

**परिच्छेद - दुई** ६
२.१. रामेछाप जिल्लाको सङ्क्षिप्त परिचय ६
२.२ रामेछाप जिल्लाको ऐतिहासिक पृष्टभूमि र नामकरण ६
२.३ रामेछाप जिल्लाको भौगोलिक परिचय ८
२.४ नदी-नाला, पोखरी र धार्मिक स्थलहरू ९
२.४.१ मन्दिरहरू १०
२.४.२ गुम्बाहरू १०
२.५ रामेछाप जिल्लाको सञ्चार सेवा १०
२.६ रामेछाप जिल्लाका स्वास्थ्य सेवा ११
२.७ रामेछाप जिल्लामा यातायात १२
२.८ रामेछाप जिल्लामा उद्योग धन्दा १२
२.९ रामेछाप जिल्लाको सामाजिक - सांस्कृतिक परिचय १३
२.१०. रामेछाप जिल्लाको धार्मिक परिचय १४
२.११ रामेछाप जिल्लाको आर्थिक स्थिति १५
२.१२ रामेछाप जिल्लाको शैक्षिक स्थिति १६
२.१३ रामेछाप जिल्लाको साहित्यिक गतिविधि १७
२.१४ निष्कर्ष २१

**परिच्छेद- तीन लोकसाहित्यको परिचय** **१२**
३.१. लोक साहित्यको विधागत चिनारी १३
३.१.१. लोकगीत १४
३.१.२. लोककथा १५
३.१.३. लोकगाथा १५
३.१.४. लोकनाटक १६
३.१.५. उखान १६
३.१.६. टुक्का १६
३.१.७. गाउँखाने कथा १७
३.१.८. निष्कर्ष १७
३.२. लोककथाको परिचय, परिभाषा र स्वरूप १८
३.२.१. लोककथाको परिभाषा १८
३.२.२. लोककथाको स्वरूप ३०
३.३. लोककथासँग सम्बन्ध राख्ने अन्य विधाहरू ३१
३.३.२. लोककथा र लिखित कथा ३२
३.३.३. लोककथा र लोकनाटक ३३
३.४. लोककथाका तत्वहरू ३४
३.४.१. कथानक ३४
३.४.२. पात्र ३५
३.४.३. संवाद ३५
३.४.४. परिवेश ३६
३.४.५. उद्देश्य ३६
३.४.६. भाषा ३६
३.४.७. शैली ३७
३.५. लोककथाका विशेषताहरू ३७
३.५.१. मनोरञ्जनात्मकता ३८
३.५.२. उपदेशात्मकता ३८
३.५.३. कल्पनाको प्रबलता ३८
३.५.४. अज्ञात रचनाकार ३९
३.५.५. सरलता एवम् सम्प्रेष्यता ३९

३.५.६. ऐतिहासिकता ३९
३.५.७. सामाजिकता ३९
३.५.८. धार्मिक प्रवृत्ति ४०
३.५.९. अतिशयोक्तिमूलकता ४०
३.६. लोककथाको वर्गीकरण ४०
३.६.१. सामाजिक लोककथा ४२
३.६.२. सांस्कृतिक एवं ऐतिहासिक लोककथा ४२
३.६.३. पौराणिक लोककथा ४२
३.६.४. अतिरञ्जित लोककथा ४३
३.६.५. पशुपक्षीसम्बन्धी लोककथा ४३
३.६.६. विविध लोककथा ४३
३.७. लोककथाको संकलन तथा अध्ययनपरम्परा ४३
३.८. निष्कर्ष ४५

**परिच्छेद - चार संरचनावाद** **४६**
४.१. संरचनावादको परिचय र परिभाषा ४६
४.२ संरचनावादको अध्ययन क्षेत्र ४७
४.३ संरचनावादको अध्ययनको परम्परा ५०
४.४ भ्लादिमिर प्रोपको संरचनावाद ५४
४.५ भ्लादिमिर प्रोपद्वारा स्थापित ३१ सूत्र र तिनको विस्तारित सूची ५६

**संरचनागत विश्लेषण** **६९**
५.१ उपसंहार ८८
५.२ निष्कर्ष ८९
५.३ भावि अनुसन्धानका निम्ति सुझाव ८९

**सूचकको परिचय** **११४**

**सन्दर्भ सामाग्री** **११५**

# परिच्छेद - एक

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **"रामेछाप जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन र संरचनात्मक अध्ययन"** रहेकोछ ।

## १.२ शोध कार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि तयार पारिएको हो ।

## १.३ विषय र परिचय -

लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्य विधा हो । यो मानव सभ्यतासँगै सुरु भएको लोकसाहित्यको अभिन्न अङ्ग हो । प्राचीन समयमा मानवहरूले आफ्ना सन्ततिहरूलाई मनोरञ्जन एवम् नैतिक शिक्षा प्रदान गर्न भनिने कथाहरू नै लोककथा हुन् । *आदिमानवहरूले आफ्ना दुःख-सुख, पीडा, हर्ष, उत्साह र साहस आदिको बारेमा आफन्तहरूलाई सुनाउने क्रममा नै लोककथा सुरु भएको मान्न सकिन्छ* । लोककथा प्राय, लोक समुदायमा बढी प्रचलित हुँदै आएको पाइन्छ । यस्ता कथा लोकमा प्रचलित भएका हुनाले यी कथाको नाम लोककथा रहन गएको हो । *रामेछाप जिल्लामा पनि लोककथाहरू प्रशस्त मात्रामा सुन्ने-सुनाउने प्रचलन रहेको छ* र यस्ता लोककथाहरू रामेछाप जिल्लामा अझै जिवित रहेकाछन् । रामेछाप जिल्ला सांस्कृतिक, प्राकृतिक, धार्मिक आदि विविधताले भरिपूर्ण जिल्ला हो । यस जिल्लाका डाँडापाखा, खोलानाला, मठमन्दिर आदि स्थानका बारेमा पनि विभिन्न लोककथासम्बन्धी लोकविश्वासहरू पाइन्छन् । *विभिन्न जातिको बसोबास रहेको रामेछाप जिल्लाका लोककथाहरूमा जनताका धार्मिक, सांस्कृतिक, भाषिक, जातीय आदि परम्पराको छनक पनि पाइन्छ ।* लोककथाहरू प्रायः नीतिशिक्षा, मनोरञ्जन, धर्म, संस्कृति आदिको प्रतिविम्वन गर्न सफल हुन्छन् । *आज सभ्यताको नाउँमा भित्रिदै आएको पश्चिमी सभ्यताले नेपालमा*

*प्रचलित विभिन्न साहित्यिक विधामा प्रभाव पारेको छ*। हाल प्रचलित त्यस्ता आधुनिक कथाले लोककथालाई ओझेलमा पार्न लागेको देखिन्छ । यसको असर रामेछाप जिल्लामा पनि पर्न थालेको पाइन्छ । अतः लोकसाहित्यको ह्रासोन्मुख स्थितिलाई मध्यनजर गर्दै रामेछाप जिल्लामा प्रचलित नेपाली लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण विषयमा केन्द्रित रहेर यहाँका लोककथाहरूको विविध पक्षको अध्ययन एवम् अनुसन्धान गर्न प्रस्तुत शीर्षक छनोट गरिएको हो ।

## १.४ समस्याकथन

लोकसाहित्यको एउटा महत्त्वपूर्ण विधाका रूपमा रहेको लोककथाले नेपाली समाजका विविध पक्षको चित्रण गर्दछ । *रामेछाप जिल्ला लोकसाहित्यको क्षेत्रमा निकै धनी देखिए तापनि यहाँका विद्वान्वर्गबाट लोकसाहित्यका क्षेत्रमा कलम नचलाउनु, त्यसमा पनि लोककथाको क्षेत्रमा लागेर कतैबाट शोध-खोज एवम् अनुसन्धान हुन नसक्नु नै एउटा प्रमुख समस्या हो ।* यस मुख्य समस्याभित्र निम्न गौण समस्याहरू पनि देखिन्छन् ।

(क) रामेछाप जिल्लामा के कस्ता लोककथाहरू छन् ?

(ख) यहाँका लोककथाहरूलाई के कति आधारमा वर्गीकृत गर्न सकिन्छ ?

(ग) यहाँका लोककथाहरू कसरी संरचनात्मक विश्लेषण गर्न सकिन्छ ?

यिनै समस्यामा केन्द्रित रहेर प्रस्तुत अनुसन्धान पूरा गरिएको छ ।

## १.५ शोधकार्यका उदेश्यहरू

हालसम्म रामेछाप जिल्लाका लोककथाहरूको समग्र रूपमा अध्ययन-अनुसन्धान भएको छैन । यसले गर्दा रामेछापको लोककथा अध्ययनमा लागेका अध्यतालाई समस्याहरू देखिएका छन् जुन समस्याहरू उपर्युक्त समस्या कथनमा उल्लेख गरिसकिएको छ । शोध अनुसन्धान पश्चात् उपर्यूक्त समस्याहरूमा केन्द्रित रहि सम्पन्न यस अध्ययनमा उद्देश्यहरू राखिएका छन् ।

(क) रामेछाप जिल्लामा छरिएर रहेका लोककथाहरूको सङ्कलन गर्नु ।

(ख) यहाँका लोककथाहरूको वर्गीकरण गर्नु ।

(ग) यहाँका लोककथाहरूको संरचनात्मक विश्लेषण गर्नु ।

माथि समस्या कथनमा प्रस्तुत गरिएका समस्याहरूको समाधान गर्ने र पूर्वाध्ययनको समीक्षामा दिएका अभावहरूको परिपूर्ति गर्ने र उद्देश्यकथनमा दिइएको उद्देश्यहरू पूर्ति गरिएकोले यो अनुसन्धान उद्देश्यमूलक रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

वि. सं. १९९६ मा बोधविक्रम अधिकारी “नेपाली दन्त्यकथा सङ्ग्रह” लिएर आउँछन् ।[1] त्यसैगरी लोकसाहित्यका विभिन्न विधाहरूको सङ्कलन, वर्गीकरण एवम् विश्लेषण विभिन्न विद्वान्हरूद्वारा गरिएको पाइन्छ । यस क्रममा अधिराज्यव्यापी *लोकसाहित्यको समग्ररूपमा अध्ययन भए तापनि रामेछाप जिल्लामा प्रचलित लोककथाको छुट्टै सङ्कलन, वर्गीकरण एवम् विश्लेषण भएको पाइँदैन* । तसर्थ समग्ररूपमा लोकसाहित्यको फस्टाउँदो विधा लोककथाको अध्ययनका क्रममा रामेछाप जिल्लामा प्रचलित लोककथाहरू पनि समेटिएका छन् । यस कारण तिनै विद्वान्का अध्ययनलाई यहाँ पूर्वकार्यको समीक्षाका रूपमा कालक्रमिक विवरण भित्र प्रस्तुत गरिएको छ ।

१. तुलसी दिवसले “नेपाली लोककथा” (२०३२) मा लोककथाको सैद्धान्तिक परिचय दिई अधिराज्यव्यापी रूपमा लोककथाको सङ्कलन गरेका छन् । सङ्कलनका क्रममा रामेछाप जिल्लामा प्रचलित लोककथाहरू पनि सङ्कलित छन् तर रामेछाप जिल्लाका समग्र लोककथाहरू भने सङ्कलित छैनन् ।[2]
२. राजेन्द्र सुवेदी र धरणी गौतमले “मेची अञ्चलका लोककथाको सङ्कलन, वर्गीकरण एवम् विश्लेषण” (२०३८) मा मेची अञ्चलका लोककथाहरूको

---

1 (डा.) मोतीलाल पराजुली, **नेपाली लोकगाथा**, पोखरा,: तारादेवी पराजुली २०५९

2 तुलसी दिवस, **नेपाली लोककथा**: केही अध्ययन (काठमाण्डौं ने. रा. प्र. प्र. २०३२ पृ. ७)

सङ्कलन गरेका छन् । यसमा पनि रामेछाप जिल्लामा प्रचलित लोककथाहरू सङ्कलित छन् तर रामेछाप जिल्लाका लोककथाहरू यहाँ समेटिएका छैनन् ।[घ]

३. <u>धर्मराज थापा र हंसपुरे सुवेदीले</u> "नेपाली लोकसाहित्यको विवेचना" (२०४१) मा लोककथाको सामान्य चर्चा गरेका छन् । उक्त पुस्तकमा लोककथाको विस्तृत चर्चा भने गरेको पाइँदैन ।[ङ]

४. <u>शम्भुप्रसाद कोइरालाले</u> "लोकसाहित्य : सिद्धान्त र विश्लेषण" (२०५५) मा लोककथाको सैद्धान्तिक परिचय दिएका छन् । तर उनले स्थानगत आधारमा लोककथालाई चिनाउने काम भने गरेका छैनन् ।[छ]

५. <u>चूडामणि बन्धुले</u> "नेपाली लोक साहित्य" (२०५८) मा लोककथाको सामान्य पचिय मात्र दिएका छन् । र उक्त पुस्तकमा लोककथासम्बन्धी गहन अध्ययन भने गरिएको पाइँदैन ।[ट]

६. डा. मोतीलाल पराजुलीले "नेपाली लोकगाथा" (२०४९) मा लोककथा सम्बन्धी सामान्य परिचय दिएको पाइन्छ तर विस्तृत रूपमा वर्णन गरेको पाइँदैन ।[ठ]

७. लोककथा विशेषाङ्क (मधुपर्क) (२०५९) मा विभिन्न विद्वान्हरूले लोककथाको सैद्धान्तिक परिचय दिएका छन् । साथै यसमा धेरै लोककथाहरू पनि सङ्कलन गरिएका छन् तर लोककथाको संरचनात्मक विश्लेषण भने गरिएको छैन । यसरी हेर्दा रामेछाप जिल्लाका लोककथाका क्षेत्रलाई समेट्ने गरी जिल्लाव्यापी रूपमा अध्ययनअनुसन्धान भएको देखिँदैन । वर्तमान अवस्थामा प्रस्तुत शोधपत्रले आंशिक रूपमा उक्त अभावको परिपूर्ति गर्ने प्रयास गरेको छ ।[ड]

## १.७ शोधकार्यको औचित्य

माथि समस्या कथनमा दिइएका समस्याहरूको निराकरण गरिएको, उद्देश्यकथनमा दिइएका उद्देश्यहरू पूरा लिएको पूर्वाध्ययनको समीक्षामा उल्लेख गरिएका अभावहरूलाई हटाइएको हुनाले यस शोधकार्यको औचित्य स्वतः स्पष्ट हुन्छ ।

---

[3] राजेन्द्र सुवेदी र धरणी गौतम, **मेची अञ्चलका लोककथाको संकलन, वर्गीकरण र विश्लेषण**, प्रतिवेदन लेख (इलामः २०३८)

[4] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाण्डौंः पा. वि. के. त्रि. वि. २०४१)

[5] शम्भुप्रसाद कोइराला, **लोकसाहित्यः सिद्धान्त र विश्लेषण** (विराटनगरः धरणी पुरस्कार प्रतिष्ठान प्र स २०५५)

[6] चूडामणि बन्धु, **नेपाली लोक साहित्य**ः (काठमाण्डौः एकता बुक्स २०५८ पृ. २८४)

[7] (डा.) मोतीलाल पराजुली, **नेपाली लोकगाथा**, पोखरा, तारादेवी पराजुली २०५९

[8] (सम्पा) कपिल घिमिरे (मधुपर्क), वर्ष ३५, अंक ४, लोककथा अंक, (काठमाण्डौ.: २०४९

यस अतिरिक्त रामेछोप जिल्लाको लोकजीवनमा प्रचलित लोककथाहरूलाई सङ्कलन गरी यथोचित विश्लेषण गरिएकोले प्राज्ञिक क्षेत्रमा पनि यस कार्यको औचित्य सिद्ध हुन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस अध्ययनका निम्ति सामान्यतः दुई क्षेत्र निर्धारण गरिएको छ । यस अनुसन्धानको विषयगत क्षेत्र लोकसाहित्यको "लोककथा" विधा हो भने भौगोलिक क्षेत्रगत सीमामा रामेछाप जिल्लामा प्रचलित लोककथाहरूलाई यस अनुसन्धानमा समेटिएको छ ।

## १.९ सामग्री सङ्कलन र विश्लेषण विधि

यस अनुसन्धानका सामग्री सङ्कलन गर्दा क्षेत्रीय विधिको प्रयोग गरिएको छ । सामग्री विश्लेषणमा रसियाली लोकवार्ताविद्‌ प्रोपद्वारा प्रतिपादित संचारवादी पद्धतिको प्रयोग गरिएको छ ।साथै विश्लेषणात्मक विधिको पनि प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित शीर्षकमा राखी अध्ययन र विश्लेषण गरिएको छ ।

परिच्छेद एकः शोधपरिचय

परिच्छेद दुईः रामेछाप जिल्लाको सङ्‌क्षिप्त परिचय

परिच्छेद तीनः कथाको सैद्धान्तिक परिचय

परिच्छेद चारः रामेछाप जिल्लाका लोककथाहरूको वर्गीकरण एवम्‌ संरचनात्मक विश्लेषण

परिच्छेद पाँचः उपसंहार

परिशिष्ट

# परिच्छेद - दुई

## २.१. रामेछाप जिल्लाको सङ्क्षिप्त परिचय

रामेछाप जिल्ला नेपालको मध्यमाञ्चलमा रहेको जिल्ला हो । यो जिल्लाको उत्तरमा दोलखा र दक्षिणमा सिन्धुली अनि पूर्वमा ओखलढुंगा सोलुखुम्बु र पश्चिममा काभ्रेपलान्चोक रहेका छन् । यो महाभारत पर्वतको उत्तरको मध्यपहाडी भू-भागमा रहेको जिल्ला हो । रामेछाप जिल्ला नेपालका पाँच विकासक्षेत्रमध्ये मध्यमाञ्चल विकासक्षेत्रको जनकपुर अञ्चल अन्तर्गत रहेका ६ जिल्लाहरूमध्ये प्रमुख पहाडी जिल्लाको रूपमा रहेको छ ।

नेपाल प्राकृतिक बनावट अनुसार पहाडै-पहाडले बनेको र मानव वस्ती अनुसार गाउँ नै गाउँले भरिएको देश हो । यो देश विश्वका पहाडी मुलुकहरूमध्ये एक हो । यहाँ पहाडी मुलुकहरूमा पाइने सबै किसिमका भौगोलिक एवम् प्राकृतिक विशेषताहरू पाइन्छन् । रामेछाप जिल्लामा ५५ वटा गा. वि. स. हरू रहेका छन् । यस जिल्लालाई विभिन्न दृष्टिकोणबाट यहाँ सङ्क्षिप्त परिचयसहित प्रस्तुत गरिएको छ ।

## २.२ रामेछाप जिल्लाको ऐतिहासिक पृष्टभूमि र नामकरण

*वि. सं. २०१८ वैशाख १ गते नेपाल ७५ जिल्लामा विभाजन हुँदा रामेछाप नामबाट छुट्टै जिल्ला (हालको) गठन गरिएको र केही समयसम्म अञ्चल कार्यालयसमेत रामेछापलाई नै बनाइ ६ वटा जिल्लाको सदरमुकामको रूपमा अञ्चल प्रशासन यहींबाट चलेकोले र प्रशासनिक, राजनीतिक, सामाजिक एवम् ऐतिहासिक र भौगोलिकजस्ता हरेक क्षेत्रमा रामेछाप नामले निरन्तरता पाउँदै गएकाले रामेछाप आजसम्म रामेछाप नामबाट परिचित भएको हो ।*

२०३६ सालदेखि लगातार २०४५ सालसम्म कहिले गौडा-गोश्वारा, कहिले बडा हाकीमको अड्डा कहिले अञ्चलस्तरीय कार्यालय र कहिले जिल्लास्तरिय प्रशासनिक स्थलको रूपमा २१० वर्षको इतिहास बोकेर बसेको रामेछाप २०४५ सालको भूकम्पले

आँशिक रूपमा क्षति पुऱ्याएपछि, अनि रामेछापवासीलाई अपायक पर्ने भएपछि मन्थलीमा २०४५ फागुन २६ गते सदरमुकाम झरेको थियो ।

रामेछापको नामकरण सम्बन्धमा विद्वान्वर्गका वीचमा एकरूपता पाइदैन । प्रमाणित रूपमा कुनै प्रमाण नपाइए पनि स्थान विशेषको किवदन्ती र जनश्रुतिलाई आधार बनाई रामेछाप नामकरण भएको पाइन्छ ।

१. बितेको कुनै समयमा राम भन्ने तमाङ जातिको मानिसले रामेछाप क्षेत्रको मुख्तियारी अथवा मुख्यालीको रूपमा विर्ता पाएको थियो । त्यही व्यक्तिबाट त्यस क्षेत्रको भोगचलन, जिम्वाली र छाप समेत चल्दथ्यो । यसलाई यस क्षेत्रलाई रामको छाप पा छाप्रो भएकोले राम छाप हुदै अपभ्रंश भएर रामेछाप बनेको देखिन्छ ।[9]

२. हालको रामेछाप डाँडाको वरिपरि प्राचीनकालदेखि नै (हालसम्म) तामाङ्हरूको बस्ती रहिआएको छ । तमाङ्हरूले मुख्य रूपमा गाईगोरु, बाखा र भेडा पाल्ने भएकोले उनीहरूले त्यस क्षेत्रमा कतिपय स्थानलाई खर्कको रूपमा वा चरनको रूपमा पनि प्रयोग गरे । यसरी तमाङ् भाषमा रा भनेको भेंडा, बाखा, मे भनेको गाई, गोरु र छाप भनेको चरनक्षेत्र वा खर्क भन्ने जनाउँदछ । तामाङ्हरूले रामेछाप डाँडाको मुख्य भागलाई आफ्नो भाषमा रामेछाप भनेर भेडा, बाखा र गाईगोरुको चरन क्षेत्र भन्ने अर्थमा प्रयोग गरेकाले सो स्थानको नाम रामेछाप रहन गयो । रामेछाप जिल्ला भित्र यो क्षेत्र रामेछाप गा. वि. स. को रूपमा रहेको छ ।[10] यसरी रामेछाप जिल्लामा तमाङ्हरूको बसोबास पुरानो देखिन्छ । यसै अनुसार तमाङ्को सानो क्षेत्रलाई नाम राखेको भए पनि पूरै जिल्लाको नाम नै रामेछाप रहन गयो । अहिले पनि रामेछाप जिल्लामा प्रमुख जातिका रूपमा तमाङ्गहरू नै रहेका छन् ।

---

9 रामेछाप जिल्ला पार्श्वचित्र २०६१, पृ १

10 ऐ

माथि उल्लेखित इतिहास तथा जनश्रुतिलाई आधारमान्दा मुख्य रूपमा तमाङ्ग जातिको बसोबासको क्षेत्र मानिए तापनि हाल भने अरु जातिहरू पनि बसोबास गर्दै आएका छन् ।

## २.३ रामेछाप जिल्लाको भौगोलिक परिचय

नेपालको भौगोलिक अवस्थिति विश्वको मानचित्रमा ८०.४ उत्तरपूर्वदेखि ८८.१२ उत्तरपूर्वी देशान्तरमा र २६.२२ उत्तर देखि ३०.२७ उत्तरी अक्षांशमा रहेको छ । रामेछाप जिल्ला उक्त नेपालको भौगोलिक अवस्थितिको आधारमा विभिन्न भूगोलविद्हरूको विश्लेषण अनुसार ८५° ५० पूर्व देखि ८६° ३५ पूर्वी देशान्तर र २७° २८ उत्तर देखि २७° ५० उत्तरी  अक्षांशको बीचमा रहेको छ । नेपालको कुल मूमिको (१,४१,१४८) वर्ग किलोमिटर मध्ये रामेछाप जिल्लाले १५६४.३२ वर्ग किलोमिटर जमिनको भू-भाग ओगटेको छ ।[११]

क्षेत्रफलका हिसाबले नेपालको कूल क्षेत्रफलको १.०६ प्रतिशत ओगट्ने यो जिल्ला पचहत्तर जिल्ला मध्ये ४६ औं क्रममा पर्दछ । नेपाल अधिराज्यका ७५ जिल्लामध्ये रामेछाप जिल्ला त्यस्तो जिल्ला हो जसले महाभारत र चीनको स्वशासित क्षेत्र तिब्बतसँग अन्तर्राष्ट्रिय सिमाना पनि कायम गरेको छ । रामेछाप जिल्ला चार सीमानाले छुट्टिएको छ । पूर्वमा लिखुनदीले ओखलढुङ्गा र सोलुखुम्बुबाट छुट्याउँछ भने पश्चिममा खिम्ती खोला र चौरी खोलाले क्रमश दोलखा र काभ्रेपलाञ्चोक जिल्लाबाट छुट्याउँछ । यसैगरी जिल्लाको सुदूर पूर्वी उत्तरमा लिखुनदी एवम् खिम्ती खोलाको शिर (हिमाल) ले दोलखासँग छुट्याउँछ भने पश्चिमोत्तरमा तामाकोशी नदी र मिल्ती खोलाले दोलखा र काभ्रे जिल्लासँग र दक्षिणमा सुनकोशी नदीले सिन्धुलीसँग छुट्याउँछ ।[१२]

---

[11] ऐ पृ २

[12] रामेछाप आवाज, क मि के २०६३ पृ १

(क) **रामेछाप जिल्लामा पर्ने ५५ वटा गा. वि. स.हरू**

| | | | | |
|---|---|---|---|---|
| १. बाम्ती | १२. डडुवा | २३. गुप्तेश्वर | ३४. भलुवाजोर | ४५. रामेछाप |
| २. बेताली | १३. देउराली | २४. हिलेदेवी | ३५.मन्थली | ४६. रामपुर |
| ३. बेथान | १४. दिमी पोखरी | २५. हिमगंगा | ३६. नागदह | ४७. रस्नालु |
| ४. भदौरे | १५. दोरम्बा | २६. कठजोर | ३७. नामाडी | ४८. सैपु |
| ५. भटौली | १६. दुरागाउँ | २७. खारादेवी | ३८. ओखेनी | ४९. सालुपाती |
| ६. भीरपानी | १७. फर्पु | २८. खनियापानी | ३९. पकरवास | ५०. साँघुटार |
| ७. भुजी | १८. देलु | २९. खिम्ती | ४०. फुलासी | ५१. सुकाजोर |
| ८. विजुलीकोट | १९. गोश्वारा | ३०. कुभुकास्थली | ४१. पिङ्खुरी | ५२. सुनारपानी |
| ९. चनखु | २०. गोठगाउँ | ३१. लखनपुर | ४२. प्रिती | ५३. ठोसे |
| १०. चिसापानी | २१. गुम्देल | ३२. मझुवा | ४३. पुरानागाउँ | ५४. तिलपुङ |
| ११. चुचुरे | २२. गुन्सीभदौरे | ३३. माकादुम् | ४४. राकाथुम | ५५. टोकरपुर |

## २.४ नदी-नाला, पोखरी र धार्मिक स्थलहरू

रामेछाप जिल्लामा सानाठूला खोला तथा नदीहरू प्रशस्त मात्रामा बगेका छन् । अझ यहाँ बगेका नदीहरूले त सीमानाको काम समेत गरेका छन् । यसरी सिमानामा बगेका नदीहरूमा तामाकोशी, सुनकोशी, लिखरनदी पर्दछन् । त्यस्तै खोलाहरूमा मिल्ती खोला, चौरीखोला, खिम्तीखोला, खानीखोला, खावाखोला प्रमुख छन् ।

रामेछाप जिल्लामा केही पोखरीहरू पनि रहेका छन् । त्यस्ता केही पोखरीहरूमा जटापोखरी, पाँचपोखरी, बहुलापोखरी, कालापोखरी (चुचुरे गा वि स) भाले पोखरी, यालाम्छे पोखरी, तीनलाल पोखरी (गुम्देल गा वि स) मा पर्दछन् । यिनका अलावा कतिपय पोखरीहरूको नामकरण समेत नभएको र कतिपय पोखरीहरू सानातिना भएका र दुर्गम पहाडी भेकमा भएका कारण प्रचार नभएको देखिन्छ ।

रामेछाप जिल्लामा केही धार्मिक स्थलहरू पनि रहेका छन् । तिनीहरूमा मन्दिर र गुम्बा छुट्याएर हेरिएको छ ।

### २.४.१ मन्दिरहरू

खाँडादेवी, रजगाउँ, ऐरम्वास, मृगेश्वर, उमातीर्थ, जवरेश्वर, साततले कैलास, आनापति (बाहुनचुरा), थानापति (याचावारी), त्रिवेणी, छिताकुण्ड, ऋषितपस्वी, ब्रह्माविष्णु, महादेवस्थान, शैलुङ्गेश्वरी, अग्लेश्वरी, छाँगेश्वरी, गुँरासेकालिका देवीस्थान गौखुरेश्वर आदि रहेका छन् ।

### २.४.२ गुम्बाहरू

थोदुङ गुम्बा, हिवसुमगुम्बा (दोरम्बा-३), पेमाछ्योलिङ्ग गुम्बा (पुराना गाउँ-३), नामगेलछ्योलिङ्ग गुम्बा (डडुवा-९), पेमाछ्योलिङ्ग गुम्बा (वेचान-९), पेमाछ्योलिङ्ग गुम्बा (राकाथुम-३), साङछ्योलिङ्ग गुम्बा (फलासी-८), उर्गेनछ्योलिङ्ग गुम्बा (गलु-५), कर्मछ्योलिङ्ग गुम्बा (लखनपुर-४), पुडिघ्याङ गुम्बा, सेम्बा गुम्बा (चुचुरे-२), सिप्तपाल्री गुम्बा (फर्पुन्छ) आदि पर्दछन् ।

रामेछाप जिल्ला डाँडा, पाखा, भीर, टार सबै थोक मिलेर बनेको जिल्ला हो । यहाँ विभिन्न किसिमका रूख-विरुवा पाइन्छन् । त्यस्तै पशुपंक्षीमा बाघ, भालु, मृग, चितुवा, बाँदर, स्याल, दुम्सी, मयूर, कालिज, ढुकुर, कोइली, न्याउरी, जुरेली आदि पाइन्छन् ।

## २.५ रामेछाप जिल्लाको सञ्चार सेवा

नेपाल अधिराज्यका अरू जिल्लामा जस्तै रामेछाप जिल्लामा पनि सूचना तथा खबर आदानप्रदानका लागि विभिन्न साधनहरू रहेका छन् । यस्ता साधनहरूमा हुलाक नै प्रमुख साधनका रूपमा रहेको छ भने दोस्रो साधनका रूपमा टेलिफोन रहेको छ । त्यस्तै विभिन्न साधन (इ-मेल, इन्टरनेट, फ्याक्स, आ. वा.) हरू पनि रहेका छन् । त्यस्तै जिल्लाभरिमा जिल्ला हुलाक-१, इलाका हुलाक-१०, तथा अतिरिक्त हुलाक-४४ वटा रहेका छन् । रामेछाप जिल्लाका ५५ वटै गा वि स मा प्रायः हुलाकद्वारा नै खबर आदानप्रदान गरिन्छ जसमा सदरमुकाममा र जिल्लाका विभिन्न गा.वि.स. मा

टेलिफोनको पनि सुविधा छ । टेलिफोन नभएका ठाउँमा हुलाक नै प्रमुख सञ्चारको साधन बनेको छ ।

## २.६ रामेछाप जिल्लाका स्वास्थ्य सेवा

रामेछाप जिल्लाका विभिन्न स्वास्थ्य केन्द्रहरूमा जिल्ला सदरमुकाम मन्थली बजारमा जनस्वास्थ्य केन्द्र र एक जिल्ला प्रमुख आयुर्वेदको औषधालय छन् । त्यसैगरी रामेछाप बजार (पुरानो सदरमुकाममा) एउटा जिल्ला अस्पताल छ । यो अस्पताल जिल्लाभरीकै ठूलो र सुविधायुक्त अस्पताल हो । यस्तै जिल्लाका विभिन्न स्थानमा उपस्वास्थ्य चौकी तथा स्वास्थ्यचौकीहरू रहेका छन् । यी स्वास्थ्य तथा उप-स्वास्थ्य चौकीहरूले स्थानीय वासिन्दाहरूलाई सामान्यरूपमा सेवा पुऱ्याउँदै आएका छन् । समग्र रामेछाप जिल्लामा संञ्चालित सत्यसेवाहरू निम्न अनुसार रहेका छन् ।

| क.सं. | स्वास्थ्यसेवा केन्द्रहरू | संख्या |
|---|---|---|
| १ | जिल्ला जनस्वास्थ्य कार्यालय | १ |
| २ | जिल्ला अस्पताल | १ |
| ३ | जिल्ला आयुर्वेदिक कार्यालय | २ |
| ४ | प्रथमिक स्वास्थ्य केन्द्र | १ |
| ५ | स्वास्थ्यचौकीहरू | १२ |
| ६ | उप-स्वास्थ्यचौकीहरू | ४१ |

यी बाहेक गैरसरकारी क्षेत्रको सहयोगमा तामाकोशी सेवा समिति, जनकल्याण सेवा समिति, चारघरे सेवासमिति, भण्डार अस्पताल बाम्ती र जनहित सेवा क्लब आदिले पनि रामेछाप जिल्लामा स्वास्थ्य क्षेत्रमा सहयोग पुँऱ्याएका छन् । निजी क्षेत्रबाट पनि विभिन्न क्लिनिकहरू स्थापना गरिएका छन् । यी क्लिनिकहरूबाट पनि रामेछापका बासिन्दाहरूले सेवा पाइरहेका छन् ।

## २.७ रामेछाप जिल्लामा यातायात

पूर्वी पहाडी क्षेत्रमा रहेको रामेछाप जिल्ला यातायातका क्षेत्रमा विकासोन्मुख रूपमा रहेको छ । यस जिल्लालाई जोड्ने एकमात्र राजमार्गको रूपमा अरनिको राजमार्ग रहेको छ । हवाइमार्ग समेत एउटा वैकल्पिक यातायातको रूपमा रहेको रामेछापमा २०६०/६१ सम्ममा ३२ वटा गा.वि. स. लाई सडकले छोएको छ । ३२ गा. वि. स. मध्ये रस्नालु र तिलपुङ दुई गा. वि. स. का सम्पूर्ण वडाहरूमा सडक यातायात विस्तार भएको छ ।[13] अरनिको राजमार्गको खिम्ती देखि मन्थलीसम्म नियमित र मन्थलीबाट रामेछाप हुँदै सालुदेउरालीसम्म आंशिक रूपमा यातायात चल्ने गर्दछ । जिरीबाट ठोसे हुँदै रस्नालु, वेताली, नामाडी, फर्पुसम्म आउने जाने यातायात पनि अनियमित रहेको छ । पश्चिम रामेछापको लखनपुर बेथानमा पनि हिउँदे यातायातको व्यवस्था  छ ।

यी माथिका राजमार्गहरूमा मन्थली बजारमा लगभग एक किमी मात्र कालोपत्रे गरिएको छ । अरु सबै भाग कच्चीधुले राजमार्गका रूपमा हालसम्म कायम छन् । जिल्लाका विभिन्न ठाउँमा समान ढुवानीका लागि भने ट्र्याक्टर, भेडा, खच्चरका निमित्त साना साना बाटाहरू बनेका छन् । समग्र रूपमा भन्नुपर्दा छिमेकी जिल्लाका तुलनामा रामेछाप जिल्ला यातायातका क्षेत्रमा पछाडि नै देखिन्छ ।

## २.८ रामेछाप जिल्लामा उद्योग धन्दा

रामेछाप जिल्ला नेपालका ६५ जिल्लाहरू मध्ये दुर्गम मानिने एउटा पहाडी जिल्ला हो । यस जिल्लामा न्यून मात्रामा उधोग व्यवसाय सञ्चलित भएका छन् । जिल्लाका युवायुवतीको बेरोजगारी हटाउन यी विभिन्न उद्योग धन्दाहरू धेर-थोर मात्रामा सफल भएका देखिन्छन् । घरेलु तथा साना उधोग विकास समिति शाखा कार्यालयका अनुसार २०६०/६१ सम्मको उद्योग दर्ता संख्या ६१० र त्यसमा कार्यरत जनशक्ति संख्या १,६५५ जना लाई विभिन्न स्तरको तालिम प्रदान गरिसकेको छ । यस

---

[13] रामेछाप जिल्ला पार्श्वचित्र पृष्ठ -२३

तालिम वाट थप ५२६ जना व्यक्तिहरू स्वरोजगारीमा संलग्न भइरहेका छन् । रामेछाप जिल्लाका विभिन्न स्थानमा पानीको विकास भएको छ ।

## २.९ रामेछाप जिल्लाको सामाजिक - सांस्कृतिक परिचय

रामेछाप जिल्ला गाउँ नै गाउँले भरिएको एउटा पहाडी जिल्ला हो । यस *जिल्लामा विभिन्न जात-जातिहरू (क्षत्री, बाहुन, तमाङ, मगर, गुरुङ, दमाई, कामी, सार्की, माझी आदि) बसोबास गर्दै आएका छन्* । यहाँ विभिन्न जातिहरू एकआपसमा मिलेर बसेका छन् । रामेछाप जिल्ला बहुजाति, बहुभाषी, बहुधार्मिक मानिसहरू बसोबास गर्दै आएको जिल्ला हो ।

रामेछाप जिल्लाका मुख्य जातिहरू बाहुन र क्षत्री हुन् । यिनीहरू आफ्नो संस्कारलाई कठोर रूपमा पालन गर्दछन् । दशैं, तिहार, तीज लगायत अन्य चाडपर्वहरू मनाउछन् । यिनीहरूको संस्कार प्रायः नेपालका सबै बाहुन -क्षेत्रीहरूसंग मिल्दछ । यिनीहरू न्वारन, व्रतबन्ध, विवाह, काजक्रिया आदि अर्को थरको ब्राह्मणद्वारा सम्पन्न गर्दछन् । यिनीहरू विवाहमा नौमती बाजा बजाउने गर्दछन् । रामेछाप जिल्लामा अन्य मगर, गुरुङ, दमाई, कामी, सार्की, माझी जस्ता विभिन्न जातिहरू आफ्नै परम्परा र संस्कृति मानेर बसेका छन् । यस जिल्लाका मानिसहरू प्रायः भात तरकारी, दही,मोही, माछा-मासु र आफ्नै परम्परागत चल्दै आएका खानेकुरा खाने गर्दछन् ।

यस जिल्लाको अर्को प्रमुख जाति तामाङ हो । तामाङहरू आफ्नो परम्परालाई ज्यादै राम्रो तरिकाले मान्ने गर्दछन् । यिनीहरू मर्दापर्दा आफ्नै जातको लामाद्वारा काम गर्ने गर्दछन् । यिनीहरू सबैलाई पायक पर्ने ठाँउमा गुम्बा बनाएर आफ्नो सम्पूर्ण धार्मिक कार्य त्यहीं सम्पन्न गर्ने गर्दछन् । यिनीहरू मरेको लाशलाई गाड्ने र त्यसमाथि ध्वजा गाड्ने गर्दछन् । जाँड रक्सी र मासु यिनीहरूका परम्परागत खानेकुरा हुन् । नाचमा डम्फुनाच नै यस जातिको प्रमुख नाच हो ।

*रामेछाप जिल्ला बहुजाति, बहुभाषी, बहुधर्मी, समाजमा आधारित छ*। यहाँको सामाजिक रहनसहन पनि अन्य पहाडी जिल्लाको जस्तै रहेको छ । यहाँका बासिन्दाहरूमा भौगोलिक भिन्नताका कारणले स्थान अनुसारको वेशभूषा पाइन्छ । वर्तमान समयमा समग्रमा लोग्ने मानिसहरू दौरा-सुरुवाल, टोपी, सर्ट, पाइन्ट आदि लगाउँछन् भने महिलाहरू सारी, चोलो, मजेत्रो, पटुका, कुर्था-सुरुवाल, म्याक्सी आदि लगाउँछन् । महिलाहरू श्रृङ्गार प्रशाधनमा भने उच्च मध्यम र निम्न वर्गको आ-आफ्नो क्षमता अनुसारको गरगहना लगाउने गर्दछन् ।

रामेछाप जिल्लामा विभिन्न जात-जातिहरू आफ्नो परम्परा र संस्कृतिलाई अँगाल्दै आइरहेको छन् । हाल यस जिल्लाको कुल जनसंख्या *२,११,८२४* छ । यसमा पनि पुरुषको संख्या *१,००,२६३* छ भने महिलाको संख्या *१,११,५५१* रहेको छ । यस जिल्लामा जम्मा ४०,३८६ घर परिवारको बसोबास रहेको छ । प्रति परिवार सरदर ७.५ को संख्याले रहेको छ भने प्रति वर्ग-किलोमिटर ७.३८ जनघनत्व रहेको छ । जिल्लाको जनसंख्या वृद्धिदर जनगणना २०४८ अनुसार ३.८ % थियो भने २०५८ सालको जनगणना अनुसार १.२२ % रहेको छ ।

## २.१०. रामेछाप जिल्लाको धार्मिक परिचय

रामेछाप जिल्ला बहुजाति, बहुभाषी र बहुधर्मी जातजातिहरूको बसोबास भएको जिल्ला हो । यस जिल्लाका बासिन्दाहरूले परापूर्वकालदेखि नै आआफ्नै धार्मिक संस्कृतिहरू मान्दै आएका छन् । हाल रामेछाप जिल्लामा *हिन्दु, बौद्ध, किराँत, क्रिश्चियन, मुस्लिम आदि विभिन्न धर्मालम्बीहरूको वसोवास रहेको छ*। जनसंख्याको आधारमा हेर्दा क्रमश : हिन्दू, बौद्ध आदि पर्दछन् । २०५८ सालको जनगणना अनुसार धर्मको आधारमा जिल्लाको जनसंख्या -

| क्र.स. | धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दू | १४,०१४१ | ६८.८ |
| २ | बौद्ध | ६,०७४ | २८.३ |
| ३ | किराँत | ४,१४१ | २.० |
| ४ | क्रिश्चियन | ९१३ | ०.४ |
| ५ | इस्लाम | ४२ | ०.० |
| ६ | शिख | १४ | ०.० |
| ७ | जैन | ४ | ०.० |

## २.११ रामेछाप जिल्लाको आर्थिक स्थिति

रामेछाप जिल्ला नेपाल अधिराज्यका विभिन्न पहाडी जिल्ला मध्ये एक हो । यस जिल्लाका बासिन्दाहरूको *प्रमुख पेसा कृषि र पशुपालन रहेको छ* । गाउँ नै गाउँले भरिएको रामेछाप जिल्लाका प्रमुख शहरबजारका बासिन्दाहरूले व्यापार व्यवसाय गरेर जीवन निर्वाह गर्दै आएका छन् । गाउँका सबै मानिसहरू भने कृषि पेशामा संलग्न छन् । यहाँका बासिन्दाहरूका *मुख्य बाली भनेका धान, मकै, कोदो, गँहु, आलु र अन्य फलफूलहरू* पनि हुन् । पहिले पहिले हातमुख जोड्ने समस्या समाधान गर्न छिमेकी जिल्ला सिन्धुली पुगेर चामल, गहुँ, नुन, तेल आदि ल्याउने रामेछापका बासिन्दाहरू दोलखा-रामेछाप सडक खण्डको अरनिको राजमार्ग सञ्चालन भएपछि सडक वरिपरिका मानिसहरूले तरकारी र पशुपालन पेसावाट नै आफ्नो आर्थिक स्थिति सुधार्दै लगेका छन् । हालै देशमा चलेको द्वन्द्वबाट बँच्न र आर्थिक स्थिति सुधार्न जिल्लाका धेरथोर मानिसहरूले विदेश प्रवेश गरेर विदेशी मुद्रा भित्रयाई आफ्नो आर्थिक स्थिति राम्रो बनाउँदै लगेका छन् ।

## २.१२ रामेछाप जिल्लाको शैक्षिक स्थिति

रामेछाप जिल्लाको शैक्षिक इतिहास खोज्दै जाँदा नेपालको शैक्षिक इतिहाससम्म पुग्नुपर्दछ । जसरी सम्पूर्ण नेपालको शिक्षा गुरुकुल शिक्षाबाट सुरुभएको थियो, त्यस्तै रामेछाप जिल्लाको शिक्षा पनि अगाडी वढेको पाइन्छ ।

रामेछाप जिल्लामा सवैभन्दा पहिले वि.सं. *२००९ सालमा ठोसेमा प्राथमिक विद्यालयको स्थापना भएपछि आधुनिक शिक्षाले प्रवेश पाएको देखिन्छ* । त्यसपछि २०११ सालमा साँधुटारमा र २०१२ सालमा मन्थलीमा समेत विद्यालय स्थापना भएका थिए । यसैगरी २०२० सालमा गौरीशङ्कर माविमा माध्यमिक स्तरको पढाई सुरु भई २०२१ सालमा प्रथम पटक एस.एल.सी.परीक्षामा समावेश भएको हो ।

२०४९ मा मन्थली र रामेछापमा (१०+१२) उच्च.मा.वि स्थापना भए भने २०५७ सालदेखि स्नातक तहको पढाइ सुरु भएको पाइन्छ । अहिले त ठोसे, खिम्ती, वेताली, साँघुटार, दोरम्वा, चकखास लगायतका विद्यालयमा उच्च शिक्षाको अध्यापन सुरु भइसकेको छ ।

जिल्लाको साक्षरतातर्फ हेर्दा वि.स. २०५८ सालको जनगणनाअनुसार देशको साक्षरता दर ५४% रहेको सन्दर्भमा रामेछापको साक्षरता ३९.०४ प्रतिशतमात्र रहेको र अन्य जिल्लाको शैक्षिक अवस्थासँग तुलना गर्दा *(साक्षरता प्रतिशतको आधारमा) ७५ जिल्लामा ६१ औं नम्वरमा रहेको सन्दर्भमा* जिल्लाको साक्षरता देहाय अनुसार छ ।

केन्द्रीय तथ्याङ्क विभाग २०५८ अनुसार

| | |
|---|---|
| कुल साक्षरता (६ वर्ष माथि) | ३९.०४% |
| पुरुष साक्षरता | ५३.३७% |
| महिला साक्षरता | ३६.३७% |

**विधालय वितरण**

| तह | सामुदायिक | संस्थागत | |
|---|---|---|---|
| वालविकास केन्द्र | २५ | - | - |
| प्राथमिक | ३५३ | ३ | १ |
| नि.मा.वि. | ८५ | - | - |
| मा.वि. | ४९ | - | - |
| उ.मा.वि. | ८ | - | - |
| - | - | - | - |

स्रोतः जि.शि.का. रामेछाप

जिल्लाको कुल जनसंख्यामध्ये ५३,५४५ पुरुष र ८२,१०१ महिला साक्षर ( लेख्न/पढ्न सक्ने) छन् । जिल्लामा सर्व सुलभ रूपमा शिक्षा उपलब्ध गराउन ३५३ वटा समुदायिक विद्यालय र ४ वटा संस्थागत विद्यालयहरू सञ्चालित छन् भने अनुमति प्राप्त सामुदायिक स्रोतमा सञ्चालन भएका ५६ वटा विद्यालयहरू पनि रहेका छन् । यसरी हेर्दा एउटा विद्यालयले ६०८ जनसंख्यालाई सेवा प्रदान गरिरहेको छ भने एउटा विद्यालयमा प्राथमिक तहमा सरदर १३६ जना बालबालिकाहरू अध्ययनरत छन् ।

## २.१३ रामेछाप जिल्लाको साहित्यिक गतिविधि

रामेछाप जिल्लाले नेपाली राजनीतिको जस्तै नेपाली साहित्यको ऐतिहासिक पृष्ठभुमि बोकेको छ । नेपालमा नेपाली साहित्यको विकास जुन समयमा सुरु भएको थियो, त्यसै समयदेखि रामेछाप जिल्लामा लेख्य रूपमा नभएर कथ्य रुपमा भजन, श्लोक, लहरी र लोकसाहित्यका रूपमा लोकगीत, लोककथा, बालुन आदि सुरु भएको पाइन्छ ।

संस्कृतका आदिगुरु पं. ज्यो. पद्मप्रसाद भट्टराई राृमेछापको सालुमा जन्मिएका थिए । उनी षड्शास्त्री थिए ।[ज्ञढ] नेपालको कम्युनिस्ट आन्दोलनमा ऐतिहासिक भूमिका निर्वाह गर्ने रामेछापको भंगेरीका पुष्पलाल श्रेष्ठले राजनीतिक, दार्शानिकका साथै साहित्यिक-सांस्कृतिक रचनाहरु लेखेका छन् ।

नेपाली साहित्यका *प्रथम सहिद कृष्णलाल अधिकारी (मकै पर्व ) रामेछापको कठजोरका अधिकारी हुन्* । उनी त्यसबेला सर्वसाधारण नेपालीले पाउनेमध्ये प्रशासनको उच्चपदमा पुगेका थिए ।[ज्ञछ] त्यसैगरी रामेछापबाट नेपाली साहित्यलाई सक्दो प्रयास गर्नेहरुमा सोमनाथ घिमिरे 'व्यास' को 'बाँदरायन' काव्य, हबल्दार दैवीप्रसाद पौडेल (सैपु), हितप्रसाद सुवेदी, (सानीमदौ-३, मन्थली)का चन्द्रवदन ( शोककाव्य) र अंगद रावणसंवाद (२००२)[ज्ञट] शाम्बभक्त सुवेदी (केवलेश्वर, मन्थली), दविलाल सुरी (पकरबास) चन्द्रप्रसाद ढुङ्गाना (भलुवाजोर, भीमकाव्य) आदि साहित्यकार तथा गीतकारहरुको नाम आउँछ । यसपछि भातराज मन्थलीया ( मन्थली)ले नेपाली साहित्यमा खण्डकाव्य, महाकाव्य र फुटकर कविता, पदमप्रसाद पौडेल (सैपु-पद्म विरोचन र ज्योतिषशास्त्र ) जगदीश घिमिरे -मन्थली) ले उपन्यास, नाटक र कथा प्रकाशित गरेका छन् । अशोक सुवेदी (सानीमदौ, मन्थली) ले कविता, कथा समालोचना, संस्मरण आदि लेखेर साहित्यको सेवा गरेको पाइन्छ ।

रामेछापका विभिन्न कार्यालयमा कार्यरत पेशल आचार्य, विमलप्रसाद निरौला, आदिले अरु जिल्लाबाट आएर पनि रामेछापका समाजमा देखिएका समस्या र समग्र पीडालाई समेटेर साहित्यिक लेखरचना प्रकाशन गरेको पाइन्छ ।

रामेछाप जिल्लाका युवा लेखक तथा साहित्यकारहरुमा आशोक सुवेदी[ज्ञठ], देवशङ्कर पौडेल (सैपु-स्थान नामकोश र फुटकर रचना), पुण्य पौडेल (सैपु) माधव

---

[14] तारानिधि सुवेदीबाट प्राप्त जानकारीअनुसार ।

[15] रामेछाप आवाज, कर्मचारी मिलनकेन्द्र (२०६३) बाट ।

[16] स्वर्गीय कवि हितप्रसाद उपाध्याय सुवेदीका बारेमा त्रिभुवन विश्वविद्यालयबाट नेपालका प्रथम शोककाव्यकारका रूपमा स्नातकोत्तर तहमा शोध भइरहेको छ र मन्थलीमा उहाँको सालिक राख्ने तयारीमा उनका पुत्रहरू लागेका छन् ।

[17] प्रगतिवादी कवि, कथाकार तथा समालोचकका रूपमा रहेका सुवेदी त्रिभुवन विश्वविद्यालयबाट नेपाली प्रगतिवादी कवितामा क्रान्तिचेत शीर्षकमा विद्यावारिधि -पीएचडी) गर्दैछन् । उनका सेतो गुलाब (संयुक्त कथा संग्रह २०४८),

भण्डारी 'सयपत्री' (पुलासी) ले कविता गर्भधान गर्दछ  र पूर्णाङ्की नाटक मालिकको थाल, सत्ता कवच कथासंग्रह) समेत प्रकाशित गरेका छन् । यसैगरि इन्दिरा राई ( बुढाथोकी) ले "अमूर्त सपना" उपन्यास लेखेकी छिन् । लेखकले "भिमार्जुन काव्य" लेखिएको भनिए पनि पढ्न पाइएको छैन ।

नारायणहरि सुवेदी (मच्छेडाँडी) केही समय पद्मकन्या कलेजका प्राध्यापक भएर साहित्यको सेवा गरेको पाइन्छ । उनले आफ्नै बारेमा यस्तो लेखेको पाइन्छ ।

मेरो लागि एबीसीडि भैंसी बराबर

पद्मकन्या कलेजको अम्फू प्रोफेसर[ज्ञड]

उद्धव आचार्य (सुनारपानी) ले विदेशी भूमिमा-एकाङ्की लेखेको र राजतिलक श्रेष्ठ (चिसापानी)ले विभिन्न शीर्षकमा पूर्णङ्की नाटक तयार पारी मञ्चनसमेत गराएको देखिन्छ । साँघ्टारका लाकरोशन प्रधानको घुम्टोभित्र नाटकसमेत स्थानीय स्तरमा मञ्चन भएको देखिन्छ ।

यस्तैगरी रामेछाप जिल्लामा बसेर नेपाली साहित्यका विविध क्षेत्रमा कलम चलाउनेहरुम केशव सत्याल, शङ्कर सत्याल, ध्रुव पौडेल, बालकृष्ण ढकाल, डणराज सुवेदी, श्रीप्रसाद घिमीरे, विमल भौकाजी, रामचन्द्र वियोगी, उत्तम भौकाजी, श्याम सुवेदी (नाटक र कथा), जीवन सुवेदी (कविता,संस्मरण र लेख) आदिको नाम लिन सकिन्छ ।

रामेछाप जिल्लालाई साहित्यको माध्यमबाट चिनाउने र अझ फैलाउने क्षमता राख्ने आसलाग्दा साहित्यकारहरुमा जगदीश घिमीरे, अशोक सुवेदी, युगलीला, माधव भण्डारी 'सयपत्री' राजतिलक श्रेष्ठ, रामकुमार खत्री, श्रीप्रसाद घिमिरे, उद्धव आचार्य, कोमल ढुंगेल, रामचन्द्र वियोगी आदिको नाम लिन सकिन्छ ।

---

युद्धघोष कवितासंग्रह (२०५५), गाउँको रङ फेरिएको छ, नयाँ समयका नयाँ मान्छेहरू र चिहानमाथि ठडिएको सालिक ( कवितासङ्ग्रह २०६२), नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत (समालोचक २०६३) पुस्तकहरू प्रकाशित छन् ।

[18] देवशंकर पौडेलबाट प्राप्त जानकारीअनुसार

रामेछाप जिल्लाका साहित्यक प्रतिभाहरु रामेछाप जिल्लामा बसेर जेजति नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएका छन्, त्यति नै यस जिल्लाभन्दा बाहिर बसेर नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएका छन् । यसरी साहित्यमा कलम चलाउनेहरुमा प्रा.डा. दीर्घराज घिमिरे, प्रा. टेकप्रसाद घिमिरे जगदीश घिमिरे, धरणीधर कोइराला, अशोक सुवेदी, केदारनाथ गौतम, कृष्ण अधिकारी, विमल भौकाजी, डा.भूपहरि पौडेल आदि रहेका छन् ।

रामेछाप जिल्लामा *लिखित वा शिष्ट साहित्यमा विभिन्न प्रतिभाहरूले योगदान पुऱ्याउँदै आए पनि लोकसाहित्यका क्षेत्रमा भने कसैको पनि त्यति चासो बढेको देखिँदैन* । यसरी नै लोकसाहित्यमा कसैले चासो नदेखाएमा हाम्रा पूर्खादेखि मौखिक रूपमा चल्दै आएको लोकसाहित्यका विभिन्न विधाहरू लोप भएर जान सक्छन् । यस कुरालाई ध्यान पुऱ्याउनु आवश्यक छ ।

कालक्रमिक रूपमा हेर्दा सोमनाथ व्यासलाई वि.सं.१९५० को दशक, पद्म प्रसाद भट्टराईलाई १९७० को दशक, शाम्बभक्त शर्मा सुवेदी "मुरारी"लाई सोही दशक, कृष्णलाल अधिकारीलाई १९८० को दशक, धरणीधर कोइरालालाई पनि सोही दशक, हितप्रसाद उपाध्याय सुवेदीलाई वि.सं.२००० को पहिलो दशक, भरतराज मन्थलीयलाई २०१० को दशक, जगदीश घिमिरेलाई २०२० को पहिलो दशक, डा.भूपहरि पौडेललाई २०४० को दशक, अशोक सुवेदीलाई २०५० र २०६० को दशक, विमल भौकाजीलाई पनि सोही दशकका स्रष्टाका रूपमा लिन सकिन्छ ।

विचारका हिसाबले पुष्पलाल श्रेष्ठ, श्याम सुवेदी, अशोक सुवेदी, जीवन सुवेदी, देवशङ्कर पौडेल लगायतका केही कविहरू मात्र प्रगतिवादी खेमाका देखिन्छन् भने कृष्णलाल अधिकारी (विद्रोही लेखक) र हितप्रसाद उपाध्याय सुवेदीबाहेकका अन्य सर्जकहरूमा स्वच्छन्दवादी र केही परिष्कारवादी नै देखिन्छन् । पुराना साहित्यकारहरूमध्ये गद्यमा कृष्णलालले र पद्यमा हितप्रासद उपाध्यायले आधुनिकताको पक्षपोषण गरेको पाइन्छ ।

## २.१४ निष्कर्ष

रामेछाप जिल्ला नेपालकोमध्य पहाडी क्षेत्रमा अवास्थित छ । विभिन्न डाँडापाखा अनि टार र भीर मिलेर बनेको रामेछाप जिल्ला अति नै रमणीय छ । यहाँको समाज विभिन्न जातजातिहरू मिलेर बनेको छ । यहाँका मानिसहरूका आफ्नै किसिमका रहनसहन, परम्परा र संस्कृति छन् । यस जिल्लाका ग्रामीण भेगका बसिन्दाहरू प्रायः सबै कृषि कार्यमा संलग्न रहेका छन् भने शहरी क्षेत्रका केही बासिन्दाहरू व्यापार व्यवसाय गरेर आफ्नो जीवन यापन गरिरहेका छन् ।

यस जिल्लाको शैक्षिक गतिविधि सामान्य किसिमको छ । जिल्लामा रहेको विभिन्न शैक्षिक संस्थाहरूले शिक्षालाई अग्रगति दिइरहेका छन् । यस जिल्लामा सञ्चालित औपचारिक तथा अनौपचारिक शैक्षिक संस्थाहरूले यहाँका बासिन्दाहरूलाई धेर थोर मात्रामा सेवा पुऱ्याउँदै आएका छन् ।

रामेछाप जिल्ला वहुभाषी, वहुजाती, वहुधार्मिक मानिसहरू बसोबास गर्दै आएको जिल्ला हो । त्यसैले यहाँको संस्कृतिमा विविधता पाइनु स्वभाविकै हो, त्यसैले यो जिल्ला केही धार्मिक, साहित्यिक र ऐतिहासिक स्थान र व्यक्तिहरूले समेत प्रसिद्ध छ ।

यसरी ऐतिहासिक, समाजिक, राजनैतिक, शैक्षिक अवस्थालाई नियालेर हेर्दा पनि यो जिल्ला अन्य जिल्लाका तुलनामा समृद्ध नै देखिन्छ ।

# परिच्छेद- तीन

## लोकसाहित्यको परिचय

मानवसभ्यताको इतिहासमा अभिव्यक्तिको प्रथम सोपानका रूपमा जन्मेको जेठो साहित्य नै लोकसाहित्य हो । लोकसाहित्यको परिचय दिनु भन्दा पहिले यहाँ लोक र साहित्य शब्दको छुट्टाछुट्टै चर्चा गर्नु आवश्यक ठानिन्छ । “लोक” शब्द संस्कृत भाषाबाट अन्य भाषामा व्यवहृत भएको शब्द हो । संस्कृतमा ‘लोकृ दर्शने’ एउटा धातु छ, त्यस धातुमा ‘धञ्’ प्रत्यय लागेर प्राणी, संसार आदि अर्थ व्यक्त गर्दछ । त्यस्तै साहित्य शब्दको प्रचलित व्युत्पत्ति हितका लागि, जनकल्याणको भावनाले अभिप्रेरित साहित्य भन्ने बुझिन्छ । तसर्थ लोकसाहित्यको एकमुष्ट अर्थ भनेको लोकको कल्याणको भावनाले अभिप्रेरित साहित्य भन्ने हुन आउँछ ।

अंग्रेजी भाषाको ँयपि ष्तिभचबतगचभ शब्द नेपाली भाषाको लोकसाहित्य शब्दको समानार्थी शब्दका रूपमा प्रयोग भएको छ । ँयपि को अर्थ “लोक” भन्ने हुन्छ भने ीष्तिभचबतगचभ को अर्थ ‘साहित्य’ हो । *लोकसाहित्यको प्रचलन खोज्दै जाँदा ऋग्वेदसम्म पुग्न सकिन्छ* । ऋग्वेदको पुरूष सूक्तमा जीव तथा स्थानको लागि ‘लोक’ शब्दको प्रयोग भएको पाइन्छ ।[ञढ] त्यस्तैगरी लोकसाहित्यलाई विभिन्न नामले पुकारिने गरेको पाइन्छ, जस्तैः अशिष्ट साहित्य, जनसाहित्य, ग्रामसाहित्य आदि । लोकसाहित्य सहरी क्षेत्रमा भन्दा बढी ग्रामीण क्षेत्रमा प्रयोग र प्रचलन भएको कारणले यी नामले चिनिनु स्वाभाविकै हो । लोक साहित्य लिखित साहित्यमा आउनु भन्दा धेरै अगाडिदेखि नै लोकसाहित्यका पारखीहरूले आफ्ना हृदयमा गाँसिसकेका थिए ।[द्दण] यसरी मौखिक रूपमा वर्षौंवर्षदेखि एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको लोकसाहित्यको भण्डार पनि व्यापक रहेको छ ।

लोकसाहित्य परापूर्व कालदेखि नै मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको लोकजीवनको एउटा प्रमुख आस्था र विश्वास झल्किएको हुन्छ

---


[१९]अनितादेवी भट्टराई-पाँचथर जिल्लाको लोक साहित्यको सङ्कलन वर्गीकरण र विश्लेषण पृष्ठ-१९ (अप्रकाशित शोध ग्रन्थ)

[20] पूर्ववत ऐ.ऐ.

। धर्मराज थापा र हंसपुरे सुवेदीले लोकसाहित्यलाई यसरी चिनाएका छन् -“ लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो ।”[२१]

## ३.१. लोक साहित्यको विधागत चिनारी

लिखित साहित्यमा विभिन्न विधाहरू भएझैं लोकसाहित्यमा पनि धेरै विधाहरू हुन्छन् र ती विधाहरूलाई निम्न बमोजिम देखाउन सकिन्छ ।




यसरी लोक साहित्यक विः नि नेपालमा बहुचर्चित वा चिरपरिचित हुँदै आएका लोक साहित्यका सातवटा विधाहर छन् र यहाँ ती विधाहरूको सङक्षिप्तरूपमा चर्चा गरिन्छ ।

[२१] धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत, पृष्ठ-३१८

१. लोकगीत (लोककविता)

२. लोककथा

३. लोकगाथा (लोककाव्य)

४. लोक नाटक

५. उखान

६. टुक्का

७. गाउँखाने कथा

### ३.१.१. लोकगीत

लोकसाहित्यका विभिन्न विधाहरू मध्ये सर्वाधिक चर्चित र सर्वप्रिय विधाको रूपमा लोकगीतलाई लिन सकिन्छ । भाषाको उत्पत्तिसँगै लोकगीतको पनि उत्पत्ति भएको मान्न सकिन्छ । लोकगीत लोकजीवनको अभिन्न अङ्ग हो । लोकगीत लोकमा गाइने सङ्गीतिक अभिव्यक्ति हो । लोकगीतको सुरिलो भाकाले ग्रामीण भेकका डाँडा-पाखा, खोला-नाला अनि गुफा-कन्दरा घन्काइरहेको हुन्छ । मानव जीवनका दुःख-सुख अनि हाँसो-आँसु पनि लोकगीतबाट नै अभिव्यक्त भएका हुन्छन् । गाँउका मानिसहरू घाँस काट्न जाँदा होस् वा पँधेरा जाँदा होस् अनि उकाली होस् वा ओराली आफ्ना मनका वहहरू लोकगीतको भाकामा पोख्दै हिडिरहेका हुन्छन् । आजको ग्रामीण समाजको विवाहमा गाइने सिलोकको स्थान समेत लोकगीतले आँशिक रूपमा लिन पुगेको देखिन्छ । यस्ता लोकगीतहरू समाजमा पुस्तौंपुस्तादेखि हस्तान्तरित हुँदै आएका छन् । लय वा भाका मिलाएर गाइने यस्ता गीतहरूले मानिसको मुटु नै छोएको हुन्छ । यस्ता लोकगीतहरू बाऱ्है महिना गाइने र मनोरञ्जन लिने गरिन्छ । नेपाली जनजीवनमा संस्कारगीत, कर्मगीत पर्वगीत, बाऱ्हमासे गीत आदि विभिन्न प्रकारका लोकगीतहरू पाइन्छन् । यस्ता लोकगीतहरूमा एउटा स्थान विशेषको चित्रण गर्ने लोकगीत यस प्रकार छ ।

१. खानी खोला, बाँचे भेट होला ।

२. रामेछाप जुनार खेती खिम्ती बेसी थान छ

तिमीलाई घरमा भित्रयाएपछि सारी दिने मन छ ।

### ३.१.२. लोककथा

लोकसाहित्यको अर्को प्रमुख विधा लोककथा हो । लोकले सजिलै बुझ्न सक्ने सरल सम्प्रेष्य भाषामा भनिने कथाहरू नै लोककथाहरू हुन् । लोककथाको प्राचीनता खोज्दै जाँदा भाषाको उत्पत्तिसम्म पुग्नु पर्ने हुँदै । यो मौखिक रूपमा हस्तान्तरित हुँदै आएको विधा हो । लोककथाले मानिसलाई थकित अवस्थामा होस् वा फुर्सदको समय जुनसुकै बेलामा पनि मनोरञ्जन प्रदान गर्दछ । यस्ता लोककथाहरूले मनोरञ्जनका साथै नैतिक शिक्षा पनि प्रदान गर्दछन् । मानव र मानवेतर दुवै खालका पात्र हुने यस्ता कथाहरू पनि स्थान र समयअनुसार फरक फरक हुने गरेको पाइन्छ । त्यस्ता केही लोककथाहरूमा खरायो र कछुवाको कथा, गुनकेसरी मैया, छट्टूस्याल आदि हुन् ।

### ३.१.३. लोकगाथा

लोकसाहित्यका विभिन्न विधाहरू मध्ये लोकगाथा पनि एउटा विधा हो । लोकगाथा परम्परादेखि चल्दै आएको श्रुतिपरम्परामा बाँचेको कथात्मक गीत हो । यस्ता गाथाहरू भाका हालेर गाउने गरिन्छ । यसमा गीतमा आख्यान प्रस्तुत गरिन्छ । समाजमा यस्ता लोकगाथाको आफ्नै महत्व रहेको हुन्छ । लोकगाथाहरू पनि विभिन्न प्रकारका हुन्छन् । लोकगाथाहरू पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै प्रचलनमा रहेका छन् । लोकगाथाहरू छोटा र लामा दुवै खालका हुन्छन् । लामा लोकगाथाहरू भने ७ दिन ७ रात सम्म गाउँदा पनि नसकिने हुन्छन् । केही उदाहरणका लागि :सरूमा रानी, नलराजा र दमयन्ति रानीको गाथा, हरिमल्ल राजा भवमल्ल रानीको गाथा, रामायण गाथा   आदि ।

### ३.१.४. लोकनाटक

लोकनाटक लोकसाहित्यको अभिनयमूलक विधा हो । लोकमा प्रचलित लोकगीत र लोकसङ्गीतसँग अभिनय गरिने विधा नै लोकनाटक हो । लोकनाटकमा लोकभावनाको अभिव्यक्ति हुन्छ । लोकनाटक परम्परा र रूढिमा आधारित हुन्छ । यसमा शास्त्रीय

निमयहरूको आवश्यकता पर्दैन र नाटक देखाउने मञ्च पनि लोक शैलीकै हुन्छ । मञ्चमा कुनै साजसज्जा हुँदैन । त्यसैले गाउँघरका पाटी-पौवा, चौतारी, शहरमा चोक खुल्लामञ्च आदि ठाउँमा यस्ता लोक नाटकहरू देखाउने गरिन्छ । वैदिक साहित्यदेखि सुरु भएको नाटकलाई पञ्यमवेद पनि भन्ने गरिएको पाइन्छ । आँगिक प्रदर्शनबाट मनोरञ्जन प्राप्त गरिने यस्ता नाटकहरू स्थान र समयअनुसार फरक फरक पाइन्छन् । उदाहरणका रूपमा बालन, सोरठी, घाटु आदि लोक-नाटक हुन् ।

### ३.१.५. उखान

उखान लोकसाहित्यको एउटा प्रमुख विधा हो । उखानलाई संस्कृतमा लोकोक्ति भनेर चिनिन्छ । कथनलाई तीब्रतर र प्रभावोत्पादक बनाउन उखानले प्रमुख भूमिका खेल्दछ । पुस्तौंपुस्तादेखि मौखिक रूपमा हस्तान्तरित हुँदै आएका उखानहरू अनुभवले खारिएका मानिसका वाणी हुन् । उखानले भाषामा कहिले व्यङग्यात्मक रूपमा र कहिले अभिद्य अर्थमा प्रयोग भएर भाषिक चमत्कार बढाएका हुन्छन् । उखानहरू अनुभवले खारिएका मानिसका मुखबाट सहज, सारगर्भित, सूत्रबद्ध एवंम खिरिलो रूपमा प्रकट भएका हुन्छन् । उखानहरू प्रयोगका क्रममा खारिदै र माझिदै एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएका हुन् । उदाहरणका लागि ‘इच्छा अगाडि स्वर्गको बयान, बाँदरका हातमा नरिवल, अड्को पड्को तेलको धूप’ आदि हुन् ।

### ३.१.६. टुक्का

लोकसाहित्य विभिन्न विधा मध्ये टुक्का पनि एउटा विधा हो । टुक्काले पनि उखानको जस्तै सिधा अर्थलाई छोडेर लक्ष्यार्थ प्रदान गर्दछ । यस्ता टुक्काहरू प्रायः अनुभवले खारिएका बूढाबूढीका मुखबाट नै सुन्ने गरिन्छ । जस्तैः नाक काट्नु, यसको सिधा अर्थ नाक काट्नु नै हो तर यसले विशेष अर्थ बुझाउने हुँदा यसको अर्थ इज्जत फाल्नु भन्ने हुन्छ । उदाहरणका लागि केही नेपाली टुक्काहरू मन खोल्नु, हावा खानु, तारा देख्नु, आकाशमा उड्नु आदि हुन् ।

### ३.१.७. गाउँखाने कथा

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये गाउँखाने कथा एउटा प्रिय मनोरञ्जनात्मक विधा हो । मानिसले गाउँखाने कथाहरू प्राचीन समयदेखि नै सुख-दुखका क्षणमा जिज्ञासा र मनोरञ्जन व्यक्त गर्ने अनि समय बिताउने साधनका रूपमा मात्र प्रचलित नभएर अन्य भाषा र जनजीवनमा पनि लोकप्रिय बन्दै आएको पाइन्छ । नेपालीमा लोककथालाई अड्को थाप्नु पनि भनिन्छ । यसले मानिसको बुद्धिको परीक्षण पनि गर्दछ । मनोरञ्जनको रूपमा सुरू भएको गाउँखाने कथामा प्रश्नकर्ताले प्रश्न ( गरेर) सोधेर उत्तरको अपेक्षा गर्दछ । श्रोताले उत्तर दिन नसकेमा प्रश्नकर्तालाई गाउँ दिनुपर्दछ, तब मात्र प्रश्नकर्ताले उत्तर बताइदिन्छ । उदाहरणका रूपमा केही गाउँखाने कथालाई राख्न सकिन्छ- :

खै खै दाइ म अघि जान्छु के हो ? (लौरो)

राती गेडी टिप्न जाँदा घोप्टी गाईले हान्यो के हो ? (वएर टिपेको)

हिंड्दैछ पाइला भेट्दैछ के हो ? (पानीमा चलेको डुङ्गा)

### ३.१.८. निष्कर्ष

लोकसाहित्य लोकजीवनमा परम्परादेखि नै मौखिक रूपमा हस्तान्तरित हुँदै आएको साहित्य हो । यसमा लोकजीवनका सुख-दुःख, हाँसो-आँसु, हर्ष-विस्मत आदि कुराहरू अभिव्यक्त भएका हुन्छन् । प्रायः अशिक्षित समाजमा मनोरञ्जन र नैतिक शिक्षा दिने क्रममा लोकसाहित्य जीवित रहँदै आएको छ । लोक साहित्यका विभिन्न विधाहरूले मानिसहरूलाई विभिन्न प्रकारले मनोरञ्जन प्रदान गर्दै आइरहेका छन् । विभिन्न विशेषताहरू बोकेको लोकसाहित्यको क्षेत्र विशाल रहेको छ । लिखित साहित्यको विकास पनि लोकसाहित्यबाट नै भएको हो ।

## ३.२. लोककथाको परिचय, परिभाषा र स्वरूप

लोकसाहित्यका विभिन्न विधाहरू मध्ये लोककथा एउटा प्रमुख विधा हो । भाषाको उत्पत्तिसँगै उत्पत्ति भएको मानिने लोककथा लोकजीवनको एउटा अभिन्न अङ्ग बनेको छ । लोककथा मनोरञ्जन र नैतिक शिक्षा प्राप्त गर्न भनिने सुनिने गर्दछ, जुन लोकले सजिलै बुझ्न सक्दछ् ।

नेपाल एउटा कृषि प्रधान देश हो । नेपाल अधिराज्य धेरै गाउँ र थोरै सहर मिलेर बनेको छ । यहाँका बासिन्दाहरू धेरैजसो कृषि पेशामा सलग्न रहेका छन् । कृषि पेशामा संलग्न रहेका ती मानिसहरू काम गरेर थकित भएका बेलामा अँगेनाको डीलमा बसेर होस् वा चउरमा बसेर यस्ता लोककथाहरू सुनेर मनोरञ्जन लिदै आएका छन् । लोककथामा मानवीय र मानवेतर दुवै खाले पात्रहरू आएका हुन्छन् र यस्ता पात्रहरूका बोली र व्यवहार बेग्लै काल्पनिक संसारका कुराहरू प्रस्तुत भएका हुन्छन् । लोककथामा ढुङ्गो, माटो, नदी, हावा, पानी, भीर-पाखा, जनावरहरू आदि  पात्र भएर आएका हुन्छन् ।

यसरी लोककथा मुख्य गरेर मनोरञ्जन र नैतिक शिक्षा लिने उद्देश्यले प्रस्तुत गरिदै आएको हो जुन आधुनिक कथाहरू भन्दा भिन्नै हुन्छ ।

### ३.२.१. लोककथाको परिभाषा

लोककथाहरू विभिन्न प्रकारका हुन्छन् । स्थान र समयअनुसार यस्ता लोककथाहरू फरक-फरक हुनाले लोककथालाई चिनाउन त्यति सजिलो छैन । तैपनि विभिन्न विद्वानहरूले लोककथासम्बन्धी आ-आफ्ना परिभाषाहरू व्यक्त गरेका छन् । ती परिभाषाहरू यस प्रकार  छन् :सबैभन्दा पहिले पश्चिमी साहित्यकी विदुषी सोफिया वर्नका अनसार “लोककथा भनेको आफैमा तत्कालीन समयको चाल चलन, रीतिरिवाज, सामाजिक-सांस्कृतिक विश्वास, परम्परागत संस्कार तथा अनुष्ठान आदिको जीउँदो दृश्यपट र प्रतीकात्मक साक्षी हो ।[२२]

[२२] तुलसी दिवस, नेपाली लोककथा :केही अध्ययन, पूर्ववत, पृ.७ ।

अर्का लोकसाहित्यका विद्वानद्वय धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार "लोककथाको मतलब हो आफ्नो वर्णनात्मक भनाइद्वारा लोकलाई मजीदने चाखिलो वर्णनात्मक विषयवस्तुद्वारा सुनिएको घतिलो रचना हो ।" [द्घ]

त्यस्तै अर्का लोकसाहित्यविद् डा. मोतीलाल पराजुलीका अनुसार "मानव मनका सुख-दुःखका, कल्पना र भावलोकका, रूखा-सुखा घटनाहरूका प्राचीन कथात्मक अवशेषहरू, जो मनोरञ्जनपूर्ण कलात्मक भाषाका प्रयोग हुँदै आएका छन् - तिनलाई लोककथा भनिन्छ ।"[द्द]

अर्का लोकसाहित्यका विद्वान् कृष्णप्रसाद पराजुलीका अनुसार "परापूर्व कालदेखि मौखिक रूपमा गाउँ बस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षा प्रधान कथा कुथुङ्गीको बटुलो नै लोककथा हो ।"[द्छ]

त्यस्तै अर्का लोकसाहित्यका अध्येता चूडामणि बन्धुका अनुसार " लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । "[द्ट]

यसैगरी डा. शुम्भुप्रसाद कोइरालाका अनुसार "वर्णनात्मक कथनद्वारा लोकलाई मनोरञ्जन प्रदान गर्ने लोकसाहित्यका एक उच्च विधाका रूपमा कथा देखिन्छ ।"[द्ठ]

यसरी नै लोककथालाई चिनाउने क्रममा नेपाली बृहत् शब्दकोशामा यस्ता भनिएको छ-"परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलिआएको कथा नै लोककथा हो ।"[द्ड]

त्यस्तै इन्साक्लोपीडिया ब्रिटानिकामा लोककथालाई यसरी चिनाइएको छः "लोककथा एउटा गद्य विधा हो, जो परम्परादेखि मौखिक रूपमा हस्तान्तरित हुँदै

---

[२३] द्वय थापा र सुवेदी, नेपाली लोक साहित्यको विवेचना, पूर्ववत, पृ.२३३।

[२४] डा. मोतीलाल पारजुली, नेपाली लोक गाथा, पूर्ववत, पृ.१२

[२५] कृष्ण प्रसाद पराजुली, नेपाली लोकगीतको आलोक, काठमाडौंः विणा, प्रकाशन, २०५७ पृ.४५ ।

[२६] चुडामाणि बन्धु, नेपाली, लोक साहित्य, पूर्ववत, पृ. २८४ ।

[२७] डा. शुम्भु प्रसाद कोइराला, लोक साहित्यः सिद्धान्त र विश्लेषण, पूर्ववत, पृ.१११ ।

[२८] (सम्पा) बाँसुदेव त्रिपाठी, नेपाली वृहत, शब्दकोश (काठामाडौ) ने.रा. प्र. प्र.छै. स.२०६० ।

जान्छ, लोककथामा पुराकथाका तत्त्वहरू रहन्छन् । प्रायः गरेर यसमा सांस्कृतिक, धार्मिक अर्थ नरहन पनि सक्छ तर धेरै अध्येताहरू पुराकथा र लोककथामा निश्चित विभाजन रेखा देख्दैनन् । कथाका मूल अभिप्राय र कथानकीय ढाँचा देखा पर्दछन्, लोककथाले पुस्ता-दरपुस्तामा यात्रा गर्दै लिखित साहित्यका रूपमा बाहिर आउन थालेको छ ।"[२९]

हामीले यसरी विभिन्न विद्वान तथा शब्दकोशहरूमा लोककथालाई आआफ्ना तरिकाले चिनाएको पायौं । यी परिभाषाहरूको निचोडका रूपमा निम्नाअनुसारको परिभाषा हामी बनाउन सक्छौ -*"परम्परादेखि मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएका मानवलाई मनोरञ्जनका साथै नैतिक शिक्षा प्रदान गर्ने गद्यख्यान नै लोककथा हो ।"*

### ३.२.२. लोककथाको स्वरूप

लोककथा गद्यमा हुन्छ । यसमा कथानकयुक्त विषयवस्तु हुन्छ । यसमा परम्परागत मान्यता र धारणमात्र होइन, लोकजीवनका दुःख-सुख, आस्था, विश्वास जस्ता तत्वहरू पनि रहेका हुन्छन् । त्यसैले लोककथाको स्वरूपलाई निम्न लिखित बुँदाहरूमा चिनाउन सकिन्छ ।

क) कथानकको अनिवार्यता रहेको लोककथा लोकसाहित्यको एउटा कथ्य विधा हो ।

ख) लोककथामा पात्रहरू मानवीय र मानवेतर दुवै हुन्छन् ।

ग) लोककथामा रचनाकार (लुप्त) अज्ञात हुन्छ ।

घ) लोककथामा तिलस्मी प्रवृत्ति रहे पनि तिनमा सामाजिक पक्ष पनि सशक्त हुन्छ ।

---

[२९] इन्साइक्लोपीडिया ब्रिटानिका (भाग-चार)

ङ) लोककथा 'एकादेशबाट शुरूभई सुन्नेलाई सुनको माला भन्नेलाई फूलको मालामा पुगेर कथा अन्त्य हुन्छ ।

च) लोककथाको भाषा सरल अनि लोकले बुझ्न सक्ने हुन्छ ।

छ) लोककथा एउटा ब्यक्तिले भन्ने र अरूले सुन्ने हुँदा एक्लै लोककथा भन्नुको कुनै प्रयोजन हुँदैन ।

ज) लोककथा स्थान र समयनुसार परिवर्तन हुँदै जान्छ ।

झ) लोककथा गद्य विधा भए पनि यसका बीच-बीचमा रोचकताका निम्ति गीत वा सिलोक पनि आउन सक्दछन् ।

ञ) लोककथा छोटा, लामा र मझौला जस्ता पनि हुन सक्दछन् ।

## ३.३. लोककथासँग सम्बन्ध राख्ने अन्य विधाहरू

लोककथासँग नजिकको सम्बन्ध हुने लोकसाहित्यका अन्य विधाहरूका साथै लिखित कथा पनि रहेको छ । यी विभिन्न विधाहरूको समानता र भिन्नताबारे यहाँ संक्षिप्त रूपमा चर्चा गरिन्छ ।

१. लोककथा र लोकगाथा

२. लोककथा र लिखितकथा

३. लोककथा र लोकनाटक

लोककथा र लोकगाथा दुवै लोकसाहित्यमा प्रमुख विधाहरू हुन् । यी दुवै विधा प्राचीन समयदेखि कथ्यरूपमा भनिदै गाइँदै आएका *आख्यानयुक्त काल्पनिक घटनाहरू* हुन् । जसले *अशिक्षित मानव समाजमा मनोरञ्जन र नैतिकशिक्षा प्रदान* गर्दै आएका छन् । यी दुवैमा यति साम्य हुँदा हुँदै पनि थुप्रै वैषम्य रहेका छन् । ती बैषम्यलाई निम्न तरिकाले देखाउन सकिन्छ ।

| लोककथा | लोकगाथा |
|---|---|
| १. आख्यानतत्व प्रबल रहेको हुन्छ । | १. यसमा आख्यान तत्वका साथै गेय र संङ्गीतिक तत्व पनि प्रबल रहेको हुन्छ । |
| २. प्रायः एकादेशबाट सुरूभएर सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला फेरि भन्ने बेलामा यो कथा तात्तातै आइजालामा गएर टुङ्गिन्छ । | २. लोकगाथामा यस्तो कुनै प्रावधान भएको पाइदैन । |
| ३. यसमा वक्ताको साथै श्रोताको पनि आवश्यकता पर्दछ । | ३. लोकगाथा एक्लै गाएर पनि मनोरञ्जन लिन सकिन्छ । |
| ४. यो गद्य विधा हो । | ४. यो पद्य विधा हो । |

### ३.३.२. लोककथा र लिखित कथा

लोकसाहित्य भन्दा भिन्न लिखित वा शिष्ट साहित्यका विभिन्न विधाहरू मध्ये कथा एउटा प्रमुख विधा हो । यसको लोककथासँग नजिकको सम्बन्ध रहेको हुन्छ । यी दुवै कथाहरूमा जीवन जगतको चित्रण गरिएको हुन्छ । यी दुवै विधा एउटा निश्चित संरचनामा संरचित हुन्छन् । यी दुवै विधाका तत्वहरू प्रायः समान हुन्छन् । यति हुँदा हुँदै पनि यी दुई विधाका बीच थुप्रै भिन्नता पाउन सकिन्छ । यी भिन्नतालाई यसरी देखाउन सकिन्छ ।

| लोककथा | लिखितकथा |
|---|---|
| १. मौखिक परम्परामा बाँचेको हुन्छ । | १. लिपिबद्ध हुन्छ । |
| २. प्रायः लोक समुदायमा प्रचलित हुन्छ । | २. ग्रामीण र शहरी दुवै क्षेत्रमा उत्तिकै प्रचलित हुन्छ । |
| ३. सरल भाषा शैली र स्वभाविक ढङ्गमा प्रस्तुत हुन्छन् । | ३. वैयक्तिक भाषा शैली र नाटकीय ढङ्गमा प्रस्तुत हुन्छन् । |

| | |
|---|---|
| ४.अधिकांश अन्य पुरुष शैलीमा आधारित हुन्छ । | ४. प्रथम र तृतीय पुरुष शैलीमा आधारित हुन्छ । |
| ५. कुनै पनि नियममा बाँधिएको हुँदैन । | ५. शास्त्रीय नियममा बाँधिएको हुन्छ । |
| ६. रचनाकार अज्ञात हुन्छ । | ६. कुनै पनि व्यक्तिले रचना गर्दछ । |
| ७. परिवर्तनशील हुन्छ । | ७. परिवर्तनशील हुँदैन । |
| ८. लोकसाहित्यको प्रत्यक्ष प्रभाव हुन्छ । | ८. व्यक्ति चिन्तन, दर्शन, विचार आदिको प्रभाव हुन्छ । |

### ३.३.३. लोककथा र लोकनाटक

लोककथा र लोकनाटक दुवै लोक साहित्यका विधाहरू हुन् । यी दुवै विधाले परम्परादेखि नै मौखिक रूपमा मानवलाई मनोरञ्जन तथा नैतिकशिक्षा प्रदान गर्दै आएका छन् । काल्पनिक घटनाहरूको संयोजनबाट तयार गरिने यी विधाहरूमा आख्यानतत्त्व अनिवार्य रूपमा रहेको  हुन्छ । समान विशेषता बोकेका यी दुई विधामा थुप्रै वैषाम्य पनि रहेका छन् । ती वैषम्यलाई निम्न बमोजिम देखाउन सकिन्छ ।

| लोककथा | लोकनाटक |
|---|---|
| १.श्रव्य विधा हो । | १. श्रव्य दृश्य विधा हो । |
| २. गद्या विधा हो | २. गद्य एवं पद्य दुवै हुन्छ । |
| ३. वाचन मात्र हुन्छ । | ३. गेय तथा नृत्यको प्रस्तुति हुन्छ । |
| ४. घरै भित्र बसेर पनि सुन्न-सुनाउन सकिने । | ४. मञ्च अर्थात् नाटक देखाउने स्थानको आवश्यकता पर्ने । |
| ५. संवाद गौण रूपमा रहन्छ । | ५. संवाद अनिवार्य रहन्छ । |
| ६. दर्शक/श्रोता नभए पनि हुन्छ । | ६. दर्शक/श्रोता विनाको लोक नाटक व्यर्थ हुन्छ । |

प्रस्तुत विभिन्न बुँदाहरूले लोककथा र लोकगाथा, लोककथा र लिखितकथा र लोककथा र लोकनाटकका बीचमा रहेका समानता र भिन्नताहरूलाई स्पष्ट पारेका छन् । यी तत्त्वहरूबाट लोककथाको छुट्टै मौलिक स्थान रहेका छ भन्ने कुरा प्रष्ट हुन्छ ।

## ३.४. लोककथाका तत्वहरू

नेपाली जनमानसको गलागलामा रसाउँदै र रङ्गिँदै आएको लोककथा लोकसाहित्यको एउटा प्रमुख विधा हो । लोककथाले मानिसलाई लामो समयदेखि मनोरञ्जन र शिक्षा प्रदान गर्दै आइरहेको छ । यसरी मनोरञ्जन र शिक्षा प्रदान गर्ने कारकका रूपमा लोककथा भित्र संयोजित विभिन्न तत्त्वहरू रहेका छन् । ती तत्त्वहरूलाई यहाँ संक्षिप्तरूपमा चर्चा गरिन्छ ।

१. कथानक
२. पात्र
३. परिवेश
४. संवाद
५. उद्देश्य
६. भाषा
७. शैली

### ३.४.१. कथानक

कथानक लोककथाको प्रमुख तत्त्व हो । लोककथा आख्यानयुक्त विधा भएको हुनाले कथानक विनाको कथाको कल्पना गर्न पनि गाऱ्हो हुन्छ । लोककथामा काल्पनिक र यथार्थ दुवै कथानक हुन सक्छ । लोककथाका विषय पनि विभिन्न हुन सक्छन्, जस्तैः- जीवनका सुख-दुःखका सन्दर्भहरू, प्रेमका सन्दर्भहरू, वीरता-शुरताका सन्दर्भहरू आदि । लोककथाको कथानक भित्र पनि उपकथा जोडिएर आएका हुन्छन् । यस्ता उपकथाले कल्पनाका माध्यमबाट कथालाई रोचक बनाउँदै लैजान्छ । कथानक भित्र पनि अभिप्राय सूक्ष्म तत्त्वका रूपमा आएका हुन्छन् । अभिप्रायलाई कथानक रूढि,

कथातन्तु वा मोटिफ पनि भनिन्छ । प्राय जसो कथाहरूमा पटक पटक पुनरावृत्त भइरहने एकै किसिमका दृष्टिकोणलाई अभिप्राय भनिन्छ । सौतेनी आमाको दुर्व्यव्यवहार, स्याल हात्तीको भुडीभित्र पसेर बोल्नु, नारीको कुटनैतिक चरित्रजस्ता अभिप्रायहरू धेरैजसो लोककथामा आधारित छन् ।

लोककथाको आख्यान, आरम्भ, विकास र उपसंहार जस्ता आख्यान रचना श्रृङ्खलामा आबद्ध हुन्छ । आरम्भमा कथाका बीजहरू देखिन्छन् । यिनै बीजहरू बढ्दै गएर कथानकले अर्को गति लिन्छ र कथा विकास भागमा पुग्दछ । कथाको पूर्ण विकास भएपछि कथा चरमोत्कर्षमा पुग्दछ । यही चरमोत्कर्ष पछि कथाले दिने निचोड उपसंहार हो ।

### ३.४.२. पात्र

पात्र लोककथाको दोस्रो तत्त्व हो । लोककथामा जति मात्रामा कथानकको आवश्यकता पर्दछ, त्यति नै मात्रामा पात्रको पनि आवश्यकता पर्दछ । विना पात्र कथानक अगाडि बढ्न सक्दैन । कथानक घर हो भने पात्रहरू त्यहाँ बस्ने परिवार हुन् । *लोककथा कल्पनाप्रधान मौखिक विधा भएको हुनाले यसमा प्रयुक्त पात्रहरू जीवनको यथार्थ धरातलबाट टिपिएका नभएर काल्पनिक संसारबाट टिपिएका हुन्छन् । यस्ता पात्रहरू मानवीय र मानवेत्तर* दुवै किसिमका हुन्छन् । मानवीय पात्रहरू राजादेखि प्राजसम्म हुन्छन् भने मानवेतर पात्रहरूमा पशुपक्षीदेखि ढुङ्गो, माटोसम्म हुन्छन् । यी पात्रका क्रियाकलापहरू यथार्थभन्दा धेरै पर हुन्छन् र यस्ता पात्रका क्रियाकलापहरूबाट मानिसहरू लठ्ठ पर्दछन् । यसरी पात्र लोककथाका लागि अपरिहार्य तत्व मानिन्छ ।

### ३.४.३. संवाद

संवाद लोककथाको अर्को तत्त्व हो , तर यो कथामा शिथिल रूपमा आएको हुन्छ । लोककथामा प्रयुक्त कथावस्तु र पात्रहरूलाई कथयिताले नै बढी मात्रामा प्रस्तुत गर्ने हुनाले संवाद शिथिल रूपमा रहन्छ । लोककथामा पशुपक्षी, ढुङ्गो, माटो पनि पात्र बनेर कुरा गर्दछन् । यस्तो संवाद अयर्थाथ र अस्वाभाविक भए पनि श्रोताहरूलाई भने

मुग्ध बनाएकै हुन्छ । त्यसैले यस्तो कथा सुनिरहुँन्जेल साँच्चै पो हो कि जस्तो लाग्दछ । यिनै मानवीय र मानवेतर पात्रका धेरथोर संवादले कथालाई रोचक बनाउँदछ ।

### ३.४.४. परिवेश

परिवेश लोककथाको एउटा प्रमुख तत्त्व हो । लोककथामा *ग्रामीण, आञ्चलितक एवम् दरबारिया परिवेशको वर्णन गरिएको* हुन्छ । लोककथाको परिवेश कथावाचकले कथाअनुरूप नै मिलाएको हुन्छ । लोककथामा आउने परिवेश लौकिक र अलौकिक गरी दुई किसिमका हुन्छन् । लौकिक परिवेश अन्तर्गत पृथ्वी र धरातलमा देखिने वस्तुहरू र गर्न सकिने कार्यहरू पर्दछन् भने अलौकिक परिवेश अन्तर्गत पृथ्वीभन्दा बाहिरका लोकहरू जस्तैः स्वर्ग, नरक, परिलोक, अप्सरालोक आदि र असंभाव्य कार्यव्यापारको चित्रण भएका कार्यहरू पर्दछन् । यसरी परिवेशले कथामा प्रमुख तत्त्व भएर काम गरेको हुन्छ ।

### ३.४.५. उद्देश्य

उद्देश्य लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व हो । नेपाली समाजमा लोककथाले लामो समयदेखि जरा गाड्दै आउनु र सधैं सबैलाई उत्तिकै प्यारो लाग्नुको मूल कारण यसबाट प्राप्त हुने मनोरञ्जन नै हो । त्यसैले *लोककथाको मुख्य उद्देश्य मनोरञ्जन हो भने यसका अतिरिक्त यसको उद्देश्य नैतिक उपदेश, धार्मिक ज्ञान, सांस्कृतिक* ज्ञानजस्ता कुराहरू प्रदान गर्नु पनि हो ।

### ३.४.६. भाषा

भाषा लोककथाको अर्को तत्त्व हो । लोककथा विशेष गरेर ग्रामीण समुदायका अशिक्षित मानिसहरूले अशिक्षित मानिसहरू र केटाकेटीहरूलाई सुनाउने हुनाले लोककथाको भाषा सरल र सम्प्रेष्य हुन्छ । लोककथाको भाषा शहरिया र परिष्कृत भन्दा बेग्लै किसिमको हुन्छ । यसरी सरल भाषामा कथा वाचन गरिने हुँदा सर्वसाधारणले लोककथा पनि सजिलै बुझ्न सक्दछन् ।

### ३.४.७. शैली

लोककथा सरल शैलीमा प्रस्तुत गरिन्छ । लोककथा प्रायः ग्रामीण समुदायका अशिक्षित वर्गले सुन्ने सुनाउने हुनाले यसको शैली ग्रामीण भाषामा हुनु स्वाभाविकै हो । लोककथामा यस्ता *शैलीहरू विभिन्न किसिमका हुन्छन्,* जस्तैः *वर्णनात्मक शैली, गर्भकथात्मक शैली र क्रमसम्बर्द्धनात्मक शैली ।*

वर्णनात्मक शैली-कथा एकादेशबाट सुरू गरेर ससर्ती वाचन गर्दै अन्त्य गरिन्छ भने त्यो वर्णनात्मक शैली हुन्छ ।

गर्भकथात्मक शैली-मूल कथाभित्र स-साना उपकथाहरू पनि जोड्दै कथा वाचन गर्दा त्यो गर्भकथात्मक शैली हुन्छ ।

क्रमसम्बर्द्धनात्मक शैली-कथामा कुनै पनि कुरा बारम्बार दोहोरिएर आउँछ भने त्यो कथा क्रमसम्बर्द्धनात्मक शैली हुन्छ ।

यसरी नेपाली लोककथाहरूमा यी तीन शैली प्रयोग भएको भेटिन्छ ।

लोककथामा समाजका सास्कृतिक परम्परमा आधारित हुन् वा अतिमानवीय जुनसुकै क्षेत्र पनि समेटिएको देखिन्छ । यसरी समेटिएको कथामा कथानक, पात्र, परिवेश, संवाद, सन्देश भाषा र शैली आदिले कथानकलाई पूर्णता दिने भएको हुनाले यी तत्त्वका अध्ययन यहाँ समेटिएको छ । यसरी कथाको विश्लेषण गर्ने परम्परालाई निगमनात्मक मान्न थालिएको छ ।

## ३.५. लोककथाका विशेषताहरू

लोकलाई मनोरञ्जन प्रदान गर्ने लोकसाहित्यको एक प्रमुख विधाका रूपमा लोककथालाई लिइन्छ । यसले आदिम मान्छेका क्रियाकलाप, उनीहरूको मानसिक स्थिति, रहनसहन आदि कुराहरू अभिव्यक्त गर्दछ । मुख्य रूपमा मनोरञ्जन प्रदान गर्ने लोककथाका आफ्नै विशेषताहरू छन् र ती विशेषताहरूलाई यहाँ संक्षिप्तरूपमा चर्चा गरिन्छ ।

१. मनोरञ्जनात्मकता

२. उपदेशात्मकता

३. कल्पनाको प्रबलता

४. अज्ञात रचनाकार

५. सरलता एवम् सम्प्रेष्यता

६. ऐतिहासिकता

७. सामाजिकता

८. धार्मिक प्रवृत्ति

९. अतिशयोक्तिमूलकता

### ३.५.१. मनोरञ्जनात्मकता

परम्परादेखि मौखिक रूपमा हस्तान्तरित हुँदै आएका लोककथाहरूको मुख्य उद्देश्य मानिसहरूलाई मनोरञ्जन प्रदान गर्नु नै हो । गलेका बेला होस् वा फुर्सदको समयमा मानिसहरू लोककथा सुन्ने सुनाउने गरेर मनोरञ्जन लिने गर्दछन् । यसरी प्राचीनकालमा अन्य मनोरञ्जनका साधनको अभाव थियो, त्यसैले मानिसहरूले लोककथा भन्ने सुन्ने गरेर आनन्द लिने गर्दथे ।

### ३.५.२. उपदेशात्मकता

लोककथाबाट मनोरञ्जन मात्र होइन उपदेश पनि लिने दिने गरिन्छ । प्राचीन समयमा शिक्षाको अभाव भएको हुँदा अनुभवले खारिएका बूढापाकाहरूले आफ्ना सन्ततिहरूलाई वीर पुरूष, पशुपक्षी आदिका कथा सुनाएर उपदेश दिने गर्दथे र अहिले पनि यस्ता कथाहरू ग्रामीण समुदायमा भनिदै आएका छन् ।

### ३.५.३. कल्पनाको प्रबलता

लोककथामा यथार्थभन्दा कल्पनाको प्रबलता बढी हुन्छ । लोककथामा काल्पनिक संसारका कुराहरू घटनाका रूपमा प्रस्तुत भएका हुन्छन् । प्राचीन समयदेखि बूढापाकाहरूले आफ्ना सन्ततिहरूलाई बढी भन्दा बढी मनोरञ्जन दिन यथार्थ

घटनाहरूमा काल्पनिक कुराहरू मिसाउँदै कथा भन्दै आएका हुनाले लोककथामा कल्पनाको प्रबलता रहेको हुन्छ ।

### ३.५.४. अज्ञात रचनाकार

लोककथाहरू प्राचीन समयदेखि एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमा हस्तान्तरित हुँदै आएका हुन् । एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाँदा यस्ता कथाहरू केही थपघट पनि हुँदै जान्छन् । त्यसैले यसरी हस्तान्तरित हुँदै जाँदा यसको मूल रूप देशकाल र परिस्थिति अनुरूप परिवर्तन हुँदै जान्छ र यसमा रचनाको संलग्नता हराउँछ । आदिम मान्छेले आफूमाथि घटेका विशेष घटनाहरू भन्ने र सुन्ने परम्पराको थालनी भएदेखि नै लोककथाको जन्म भएको हो । त्यसैले लोककथामा रचनाकार अज्ञात हुन्छ ।

### ३.५.५. सरलता एवम् सम्प्रेष्यता

सरलता एवम् सम्प्रेष्यता लोककथाको एउटा प्रमुख विशेषता हो । लोककथा विशेष गरी ग्रामीण समाजमा बढी प्रचलित हुने गरेको पाइन्छ । ग्रामीण समाजका अपठित नर नारी र केटाकेटीहरूले यस्ता कथाहरू सुन्ने सुनाउने गर्दछन् । त्यसैले यस्ता लोककथाहरू अपठित व्यक्तिहरूले सजिलै बुझ्न सक्ने भाषामा भनिने गरिन्छ । यस्ता कथाहरूको भाषा सरल हुन्छ अनि सम्प्रेष्य हुन्छ ।

### ३.५.६. ऐतिहासिकता

नेपाली लोककथाहरूले नेपालको इतिहासदेखि लिएर विभिन्न घटना र वीर पुरूषको विषयलाई पनि अंगिकार गरेका हुन्छन् । ऐतिहासिक स्थल, मठमन्दिर, देवीदेवताको उत्पत्ति एवम् विकासको इतिहासलाई पनि लोककथाले समेटेको हुन्छ । त्यसैले ऐतिहासिकता लोककथाको एउटा विशेषता हो ।

### ३.५.७. सामाजिकता

लोककथा नेपाली समाजको ऐना हो । लोककथामा सिंगो नेपाली समाजको तस्वीर झल्किएको हुन्छ । लोककथाले समाजका रीतिरिवाज, चालचलन, आस्था,

विश्वासलाई टिप्दै सामाजिक आवश्यकता, घटना आदिको सिंगो चित्र उतारेको हुन्छ । त्यसैले सिंगो नेपाली समाजका विभिन्न कुराहरू लोककथामा झल्किने हुँदा सामाजिकता लोककथाको प्रमुख विशेषता हो ।

### ३.५.८. धार्मिक प्रवृत्ति

सम्पूर्ण नेपाली समाज धर्ममा अडेको छ । धर्ममा आस्था राख्ने मानिसहरूले धर्मका दृष्टिले यो काम गर्न हुने र यो काम गर्न नहुने भनेर छुट्याउँदै आएका छन् । समाजमा देवीदेवता र धर्मसम्बन्धी थुप्रै कथाहरू सुन्ने सुनाउने गरिदै आएका छन् । त्यसैले धार्मिक प्रवृत्ति पनि लोककथाको एउटा विशेषता हो ।

### ३.५.९. अतिशयोक्तिमूलकता

अतिशयोक्तिमूलकता लोककथाको अर्को विशेषता हो । लोककथाहरू एउटाले जे भन्यो, त्यो अर्कोले दुरूस्त भन्नुपर्छ भन्ने छैन । किनभने उसले श्रोतालाई बढी मनोरञ्जन दिनका लागि आफूले सुनेका कथामा बढाइचढाई गरेर अतिरञ्जित तरिकाले पनि कथा प्रस्तुत गर्न सक्दछ । यसरी सर्वदा एउटै नभएर थपघट हुँदै जाने हुनाले अतिशयोक्तिमूलकता यसको एउटा विशेषता हो ।

यसरी लोककथाहरू पुस्तौपुस्तादेखि सुनाउँदै आएको पाइन्छ । लामो यात्रा पार गरिरहेको लोककथाका आफ्नै विशेषताहरू रहेका छन् र यस्ता विशेषताहरू लोककथामा आद्योपान्त रहनेछन् ।

## ३.६. लोककथाको वर्गीकरण

लोककथाको संकलन तथा अध्ययन परम्परा प्राचीनकालदेखि नै हुँदै आएको पाइए पनि यसको वर्गीकरण गर्ने काम भने धेरै पछाडि मात्र सुरु भएको पान्छ । लोककथाको वर्गीकरण गर्दा स्थान, रूपरङ्ग, विशेषता, आकार, प्रकार आदिलाई ध्यान दिनुपर्ने हुन्छ । लोककथाको क्षेत्र अति नै व्यापक हुने हुनाले लोककथा यति नै वर्ग वा प्रकारका हुन्छन् भनेर ठोकुवा गर्न गाऱ्हो हुन्छ तैपनि विभिन्न विद्वान्हरूले आ-आफ्नो तरिकाले लोककथाको वर्गीकरण गर्ने प्रयास गरेका छन्, जुन वर्गीकरणलाई यहाँ

प्रस्तुत गरिन्छ । संस्कृत साहित्यका आचार्यहरूले कथाका विषयवस्तुका आधारमा कथा र आख्यायिका गरी दुई भागमा विभाजन गरेका छन् ।[घण] त्यसैगरी लोकसाहित्यका विद्वान शम्भुप्रसाद कोइरालाले लोककथालाई मानवी तथा अतिमानवी लोककथा, पशुपंक्षी तथा फलफूलका लोककथा, दैवी तथा धार्मिक लोककथा, सांस्कृतिक-ऐतिहासिक लोककथा र अर्ती उपदेश तथा बहादुरीका लोककथा गरी पाँच भागमा विभाजन गरेका छन् । [घज्ञ]

त्यस्तै लोकसाहित्यविद् तुलसी दिवसले लोककथालाई दस भागमा विभाजन गरेका छन् र ती हुन् [घद्द] सांस्कृतिक ऐतिहासिक लोककथा, अर्ती उपदेशका लोककथा, पशुपक्षीका लोककथा, मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथा, अतिमानवीय रूपका लोककथा, दैवी लोककथा, फलफूलका लोककथा, धार्मिक लोककथा, साहस तथा बहादुरीका लोककथा र विविध लोककथा ।

त्यस्तै गरी धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोककथालाई पाँच भागमा विभाजन गरेका छन् । [३४] यी सबै विद्वानहरूका वर्गीकरण मध्ये तुलसी दिवसद्वारा गरिएको वर्गीकरण केही हदसम्म फराकिलो देखिन्छ । यिनै विभिन्न विद्वान्हरूका वर्गीकरणलाई मध्यनजर गर्दै यहाँ लोककथाको वर्गीकरणको निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । नेपाली सन्दर्भमा हेर्दा नेपाली लोककथाहरू छ वर्गका पान्छन् ।

१. सामाजिक लोककथा
२. सांस्कृतिक एवं ऐतिहासिक लोककथा
३. पौराणिक लोककथा
४. अतिरञ्जित लोककथा
५. पशुपक्षीसम्बन्धी लोककथा
६. विविध लोककथा

---

[30] ऐजन, पृ.१२२

[३१] तुलसी दिवस, **नेपाली लोककथा केही अध्ययन,** (काठमाडौः रा.प्र. प्र. २०३३), पृ.३८ ।

[३२] धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत, पृ३४७ ।

### ३.६.१. सामाजिक लोककथा

सामाजिक लोककथाहरूमा समाजका रीतिरिवाज, चालचलन, रहनसहन, उठबस आदि कुराहरू झल्किएका हुन्छन् । भनिन्छ लोककथा समाजको ऐना हो, त्यसैले समाजका विभिन्न कुराहरू लोककथाद्धारा प्रस्तुत हुनु स्वाभाविकै हो । यस्ता लोककथाहरूमा समाजका टुहुरा-टुहुरीका दुःखका कथा, गरिबीका कथा आदि पर्दछन् । यस्ता कथामा गरिब, टुहुरा-टुहुरी, लाटा-लठेप्रा र विशिष्ट स्वभाव भएका मानिसहरू पात्रका रूपमा आएका हुन्छन् । उदाहरणका लागि यस्ता कथाहरुमा लाटोबुङ्गोको कथा, दुई दाजु भाइ आदि पर्दछन् ।

### ३.६.२. सांस्कृतिक एवं ऐतिहासिक लोककथा

नेपाल सांस्कृतिक गौरवले निकै धनी देश हो । त्यस्तै इतिहासमा प्रसिद्ध रहेका वीर पुरुष, राजा, महाराजाका कथाहरू तथा मठमन्दिर, देवी देवता, जात्रा आदिसँग सम्बन्धित कथाहरू सांस्कृतिक एवम् ऐतिहासिक लोककथाहरू हुन् । यस्ता कथाहरूद्वारा बूढाबूढीहरूले आफ्ना सन्ततिहरूलाई सांस्कृतिक **ज्ञानका कुराहरू सिकाउँदै साहसी, वीर** हुनुपर्दछ भन्ने भावना जागृत गराउँदै आएका छन् । यस्ता कथाहरुले नैतिक शिक्षाका साथै मनोरञ्जन पनि दिने गर्दछन् ।

### ३.६.३. पौराणिक लोककथा

पौराणिक लोककथाहरूमा देवीदेवताका कथा, पुराणसम्बन्धी कथा वर्णन गरिएका हुन्छन् । यस्ता कथाहरूमा नीति नियमका कुराहरूका साथै यसो गर्दा पाप लाग्छ, यसो गर्दा धर्म हुन्छ भन्ने कुराको उपदेश पनि दिएको हुन्छ । यस्ता कथाहरूमा प्रायः देवीदेवता नै पात्रका रूपमा आएका हुन्छन् । पौराणिक लोककथाहरूमा सृष्टिचक्रको व्याख्याका साथै लोकविश्वासको पनि व्याख्या गरिएको हुन्छ । पुराण प्रभावित यस्ता लोककथाहरूमा रावण र सृष्टि, काली वेश्य र काली खोला आदि पर्दछन् ।

### ३.६.४. अतिरञ्जित लोककथा

अतिरञ्जित लोककथाहरूमा अलौकिक र काल्पनिक संसारका कथाहरू समावेश भएका हुन्छन् । यस्ता कथाहरूमा बोक्सी, परी, झाँक्री, राक्षस आदिका कथाहरू पर्दछन् । यस्ता कथाका पात्रहरू बोक्सी, परी, झाँक्री, राक्षस आदिका नै हुन्छन् । यी पात्रका क्रियाकलापले पाठक वा श्रोतालाई यस लोकभन्दा पर काल्पनिक संसारमा पुऱ्याएर मनोरञ्जन प्रदान गर्दछन् ।

### ३.६.५. पशुपक्षीसम्बन्धी लोककथा

पशुपक्षीसम्बन्धी लोककथाहरूमा पशु (जनावर) र पक्षी (चराचुरुङ्गी) का कथाहरू पर्दछन् । यस्ता कथाका पात्रहरू कुकुर, बिरालो, स्याल, बाघ, भालू अनि चराचुरुङ्गीहरूमा रानीचरी, भँगेरा, रूप्पी, ढुकुर आदि हुन्छन् । यस्ता पात्रहरूले मानवीय भाषा बोलेर मानिसलाई दङ्ग पार्दछन् । यस्ता कथाहरुमा रानीचरीको कथा, छट्टूस्यालको कथा आदि पर्दछन् ।

### ३.६.६. विविध लोककथा

उपयुक्त वर्गीकरणभित्र नपरेका विभिन्न जातिका धर्म, संस्कृति, चालचलन अनुसारका कथाहरूलाई यस वर्गभित्र राख्न सकिन्छ किनभने कतिपय लोककथाहरू कौतूहलता उत्पन्न गराउने उद्देश्यमा मात्र केन्द्रित हुन्छन् भने कतिपय बालबालिकालाई रोमाञ्चित गराउने खालका हुन्छन् । यस्ता खालका कथाहरू प्रशस्त मात्रामा प्रचलनमा रहेको पाइन्छ ।

## ३.७ लोककथाको संकलन तथा अध्ययनपरम्परा

लोकसाहित्यको एक प्रमुख विधाका रूपमा रहेको लोककथा मानव जातिको मनोरञ्जन तथा नीति शिक्षाको एउटा साधन हो । लोककथा भन्ने सुन्ने परम्परा अत्यन्त प्राचीनपरम्परा हो । त्यसैले लोककथाको उत्पत्ति र प्रचलन सम्बन्धित जाति र सभ्यताको विकाससँग गाँसिएको हुन्छ । लोककथाहरू मानव जातिको उत्पत्ति र भाषाको निर्माणसँगै निर्मित भएका मान्न सकिन्छ । नेपाली लोककथाको पृष्ठभूमिका

रूपमा संस्कृत वाङ्मय र तिनबाट प्रचलनमा आएका लोककथाहरूलाई लिन सकिन्छ । आर्यहरूको मूल ग्रन्थ वेद हो । वेदका ऋचाहरूमा विभिन्न आख्यानहरू पाइन्छन् । त्यस्तै ब्राह्मण ग्रन्थ, उपनिषद् तथा पुराणहरूमा पनि प्रशस्त लोकाख्यानहरू पाइन्छन् । *शिव, यमराज, नारद, श्रीकृष्ण आदिका पौराणिक कथा लोकजीवनमा व्याप्त छन् ।* धार्मिक लोककथाहरू यही परम्पराबाट सुरु भएको पाइन्छ । यस्ता कथाहरू स्वस्थानी व्रतकथा, सत्यनारायण व्रतकथा आदि हुन् ।

नेपाली लोककथाको ऐतिहासिक सर्वेक्षण गर्दा नेपाली भाषाका मौलिक कथाहरूको *संकलन कार्य हुनु भन्दा पूर्व संस्कृत, हिन्दी, उर्दू, फारसी आदि भाषाबाट नेपाली भाषामा अनुवाद भएका थिए ।* संस्कृतबाट नेपाली भाषामा अनुवाद भएका कृतिहरू 'हितोपदेश मित्रलाभ' (१८३३), 'सत्यनारायण व्रतकथा' (१९४२), 'नलदमयन्तीको कथा' (१९९०) आदि हुन् । त्यस्तै फारसीबाट नेपाली भाषामा अनुवाद भएका कृतिहरू लालहीराको कथा, मधुमालतीको कथा आदि हुन् ।

नेपाली लोककथाको प्रारम्भिक बिन्दुको रूपमा गुणाढ्यको बृहत् कथालाई लिन सकिन्छ । त्यसपछि भने वनारसबाट पुस्तकहरूको प्रकाशन थालिएपछि 'बहत्तर सुगाको कथा' (१८८०), 'लालहीराको कथा' (१८८८), 'वेत्तालपंचविशंतिका' (१८९३), वीरसिक्का' (१९४६), 'तीजको कथा' (१९४८), 'मधुमालतीको कथा' (१९९६) आदि आख्यानात्मक कृतिहरू प्रकाशित हुन थालेको पाइन्छ ।

यसरी विभिन्न भाषाको अनुवादबाट सुरु भएको लोककथाको सङ्कलन प्रकाशन परम्परा *१९९६ मा आइपुग्दा अनुवाद परम्परालाई छोडेर नेपाली भाषामा नै सङ्कलित लोककथाहरूको सङ्कलन परम्परा सुरु हुन्छ ।* बोधविक्रम अधिकारीद्वारा सम्पादित 'नेपाली दन्त्यकथा' (१९९६) बाट नेपाली भाषामा लेखिएका लोककथाहरूको प्रकाशनमा श्रीगणेश हुन्छ । त्यसपछि भने फाट्टफुट्ट रूपमा नेपाली लोककथाको प्रकाशन भएको पाइन्छ । त्यस्तै ललितजङ सिजापतिको 'दन्त्यकथामाला' (२००३), सुवर्णशम्शेर ज.व.रा. को 'दन्त्यकथा' (२००५), काजीमान कन्दङवाको 'आठ कथा' (२०१०), जुजुमान कुस्लेको 'सुनौलो कथा' (२०१६), इमानसिंह चेम्जोङ्गको 'किराँती

दन्त्यकथा' (२०२१), पासाङ गोपर्माको 'बुहारी' (२०२४), तुलसी उवसको नेपाली लोककथा २०३१, मोतीलाल पराजुलीको 'धर्मात्मा राजा' (नेपाली लोककथा संग्रह श्रृङ्खला-१) आदि नेपाली लोककथाका प्रंमुख संग्रहहरू हुन् । यसका साथै डा. मोतीलाल पराजुलीले नेपाली लोककथाका अभिप्रायको अध्ययन (२०५४) मा विद्यावारिधि समेत गर्नु भएको छ । [घघ]

यसरी नेपाली लोककथाको सङ्कलन र अध्ययनपरम्परा २० औं शताब्दीको अन्तिम दशकदेखि मात्र भएको पाइन्छ । लोककथाको सङ्कलन, अध्ययन हालसम्म सामान्य रूपमा भए पनि वैज्ञानिक तरिकाले भने हुन सकेको पाइदैन ।

## ३.८. निष्कर्ष

लोकसाहित्य लोकजीवनको अभिन्न अङ्गको रूपमा रहेको छ । श्रुतिपरम्परामा आधारित लोकसाहित्यको क्षेत्र आधुनिक साहित्यको भन्दा व्यापक रहेको पाइन्छ । यस साहित्यका विभिन्न विधाहरू रहेका छन् । ती विभिन्न विधाहरू (लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान, टुक्का र गाउँखाने कथा) का पनि विभिन्न विशेषताहरू रहेका छन् । लोकसाहित्यका यी विभिन्न विधाहरूमध्ये लोककथा एउटा मनोरञ्जनपूर्ण र उपदेशात्मक विधा हो । विभिन्न विशेषता बोकेर लामो यात्रा पार गर्दै आएको लोककथाका केही तत्त्वहरू पनि रहेका छन् । यस्ता लोककथाहरू बच्चादेखि बूढाबूढीसम्म उत्तिकै प्यारो रहेको पाइन्छ । तर प्राचीन कालदेखि लोककथाहरू भनिदै सुनिदै आए पनि यसपालिको सङ्कलन २० औं शताब्दीको अन्तिम दशकदेखि मात्र भएको पाइन्छ । यसरी श्रुतिपरम्परामा आधारित लोकसाहित्य सबैभन्दा पुरानो साहित्य मानिन्छ ।

[३३] चूडामणि बन्धु , **नेपाली लोक साहित्य,** पूर्ववत् पृ. २९६ ।

# परिच्छेद - चार

# संरचनावाद

## ४.१. संरचनावादको परिचय र परिभाषा

साहित्यका हरेक विधाको आफ्नै खालको बनावट हुन्छ । यस्तो बनावटलाई संरचना भनिन्छ । निश्चितघटकद्वारा बनेको सम्पूर्ण साहित्यिक विधाहरू स्वयम् फरक फरक संरचना पनि हुन् । साहित्यका विभिन्न विधामात्र नभएर त्यस अन्तर्गत सिर्जित हरेक कृति विशेषको पनि आफ्नै संरचना हुने हुँदा ती पनि आफैमा संरचना नै हुन् । *साहित्यिक कृतिका विभिन्न अवयव वा घटकद्वारा निर्मित समग्र विन्यास तथा साहित्यिक कृतिको आन्तरिक सङ्गठन तथा त्यसका अवयव वा घटकहरूद्वारा निर्मित समग्र विन्यास तथा साहित्यिक कृतिको योजनाबद्ध स्थापना नै संरचना हो ।* प्रत्येक कृतिको आन्तरिक सङ्गठन तथा त्यसका बस्तुको संगठनमा हुने आदि, मध्य र अन्त्यको विन्यास एवम् विकासावस्थालाई त्यसको संरचना मानिन्छ । कविता शब्द र घटकद्वारा निर्मित एउटा संरचना हो भने कथा पनि शब्द र घटकहरूद्वारा निर्मित संरचना नै हो । कविताको आफ्नै छुट्टै र विशिष्ट संरचना हुन्छ । भाव, विचार वा घटनाको विशिष्ट लयात्मक भाषिक संरचनाका रूपमा लिइने कविता स्वयम् पनि एउटा संरचना हो । त्यसैगरी कथामा पनि विभिन्न घटकहरू मिलेर बन्दछ; यसको पनि आफ्नै संरचना हुन्छ ।

### परिभाषा

संरचनावाद भाषा विज्ञान, मानवशास्त्र, मनोविज्ञान, साहित्य, समाजशास्त्र, लोकसाहित्य, संस्कृति, गणित, विज्ञान आदि अनेक क्षेत्रमा व्याप्त वैज्ञानिक सिद्धान्त एवम् प्रणाली हो । यसकारण यो वादले व्यापक क्षेत्र ओगटेको छ । यसरी विषयक्षेत्रगत व्यापकता र असीमितताका कारण यसलाई अनेक ढङ्गले परिभाषित गरी अर्थ्याउने प्रचलन हालसम्म रहेको छ । संरचनावादलाई विभिन्न ठाउँका विभिन्न विद्वानहरूले अनेक प्रकारले परिभाषित गरेका छन् । ती मध्ये प्रमुख परिभाषा यहाँ प्रस्तुत गरिन्छ ।

१) संरचनावाद भनेको संरचनाको अध्ययनमा आधारित एउटा पद्धति (विधि) हो । - जेरर्ड जेने[घद्ध]

२) संरचनावाद नियम र रूपहरूलाई केवल विद्यमान वस्तुमा अनुभूत गर्न सकिने तथा तिनीहरूमाथि निर्वैयाक्तिक रूचि राखिने वैज्ञानिक विधि हो । - भितान तोदोरोव[घछ]

३) सर्वाधिक रूपमा संरचनाको बोध र वर्णनसँग सम्बद्ध हुने तथा आधारभूत रूपमा जगत् प्रतिको एउटा चिन्तन पद्धति संरचनावाद हो । - टेरेन्स हवस

४) संरचनावाद परम्परागत शास्त्रीय व्यवहारमा नभएर वैकल्पिक रूपमा मात्र अङ्गीकार गर्न सकिने क्रान्तिकारी पद्धति हो । - एन जेफर्सन

५) लोक आख्यानका संरचक तत्वहरू वा अवयवहरूलाई विश्लेषण गरी गरिन अध्ययन संरचनावादी अध्ययन पद्धति हो । - डा. मोतिलाल पराजुली [घट]

यसरी सबैजनाको परिभाषाको अध्ययन गरेर समग्रमा हामी संरचनावादलाई यसरी बुझ्दछौं । “वाङ्मयको कुनै वस्तु, कृति वा विषयको संरचनामा केन्द्रित भएर त्यसको वस्तुगत र वैज्ञानिक पद्धति अपनाइ अध्ययन विश्लेषण गर्ने वैज्ञानिक विधिलाई संरचनावाद भनिन्छ र यो विधि अपनाउनेलाई संरचनावादी भनिन्छ ।”

## ४.२ संरचनावादको अध्ययन क्षेत्र

संरचनावादले सामान्यतः बाह्य तत्वको संरचनालाई हेर्ने भनिए तापनि लेभी स्त्रास जस्ता नृतत्वशास्त्रीहरू संस्कृतिको आन्तरिक संरचनाको पनि विश्लेषण गरेका छन् ।

### क) भाषाविज्ञानको क्षेत्रमा संरचनावाद :-

[34] (लुइटेल, २०६१ : १२८)
[35] (लुइटेल, २०६१ : १२८)
[36] डा.पराजुली, सोरठी नृत्य नाटिक, दीक्षान्त पुस्तक, २०६३

भाषामा रहेका वर्णव्यवस्था, शब्द व्यवस्था वा वर्णात्मक, व्याकरणिक र आर्थी तहमा समाविष्ट तत्वहरूमा लागू गरिने सिद्धान्त सरचनावाद हो । प्रभावित रूपमा फर्डिनान्ड दे सस्यूरबाट आधुनिक भाषिक संरचनावादको मानक सिद्धान्तको निर्माणमा सस्युर लगायत अन्य भाषावैज्ञानिकहरूको महत्वपूर्ण योगदान देखिन्छ ।

**ख) राजनीतिक क्षेत्रमा संरचनावाद :-**

राज्य संचालनमा रहेका प्रतीकात्मक व्यवस्थाको विश्लेषण गर्ने पद्धतिलाई संरचनात्मक विश्लेषण पद्धति भनिन्छ । संरचनाको दर्शन सम्बन्धहरूको समायोजनमा आधारित हुन्छ । यसले मूर्त नभई अमूर्त संरचनालाई क्रमबद्धरूपमा पहिचान गराउँदछ । नेपालको सन्दर्भमा हेर्दा राणाशासन, पञ्चायतकाल, प्रजातन्त्रकाल र निरङ्कुशतन्त्र, लोकतन्त्रकाल आदि ।

**ग) मनोविज्ञानको क्षेत्रमा संरचनावाद :-**

संरचनात्मक अध्ययन पद्धतिले मनोविज्ञानमा पनि आफ्नो प्रमाव जमाउन सफल भएको छ । सिग्मण्ड फ्रायडको मनोविज्ञान सम्बन्धी धारणा कार्ल मुङ्क र एडलरको सामूहिक अचेत र चेतन, अर्धचेत र अचेतनको धारणा पनि संरचनाका खण्ढमा पर्दछन् । अमेरिकी विद्वान् एडवर्ड बी टिकेनरका अनुसार संरचनावाद चेतनको संरचनालाई अन्वेषण गर्ने विधि हो र यसले संवेदना, विचार, बिम्ब आदिका सामान्य रूपहरूको अन्तरदर्शी विश्लेषण गर्दछ ।

मनोविज्ञानका क्षेत्रमा संरचनावादी व्यवस्थित अभियान जर्मनीमा विल्हेम बुन्ट ( सन् १८३२ - १९२०) बाट थालियो र खासगरी संरचनावादी मनोविज्ञानी एडवर्ड बी टकेनरका नामबाट परिचित हुनपुग्यो । टिकेनरले आफ्नो शोधग्रन्थमा संवेदना र भावनमात्र हुन् भन्ने कुरा बताएको पाइन्छ । टिकेनर र अन्य संरचनावादी मनोवैज्ञानिकहरूले विचार प्रक्रियालाई मुख्यतया पूर्वअनुभवीहरूको प्रतिनिधित्व गर्ने वर्तमान अनुभव र भावहरू घटित हुनु मानेका छन् ।

### घ) सांस्कृतिक मानवशास्त्रका क्षेत्रमा संरचनावाद :-

फर्निनेन्ड डे सस्युरको संरचनावादी वर्णनात्मक भाषा विज्ञानको फलस्वरूप फ्रान्सेली सांस्कृतिक मानवशास्त्री क्लाउड लेभी ट्राउसका विशेष प्रयासबाट संरचनावादको प्रवेश हुन गयो । उनी र अन्य संरचनावादी सांस्कृतिक मावनशास्त्रीहरूले सस्कृतिहरूलाई प्रणाली (पद्धति) का रूपमा हेरेर तिनका तत्वहरूका बीचमा संरचनात्मक सम्बन्धका आधारमा विश्लेषण गरेको देखिन्छ । क्लाउड लेभी ट्राउसको सिद्धान्त अनुसार सांस्कृतिक प्रणालीका विश्व जननी स्वरूप (प्याटर्न)हरू हुन्छन् र तीन मानवमनका एक रूप संरचनाका उपज हुन् । उनका अनुसार नाता गोता, पुराकथाका प्ररूप, कला, धर्म, अनुष्ठान र पाकशाला, परम्परा जस्ता अति वैविध्यपूर्ण सांस्कृतिक क्षेत्रका विश्लेषणबाट सांस्कृतिक संरचनाको साक्ष्य प्राप्त गरेका हुन् । यी सबै संरचना पूर्णतः मानवीय मानसिक संरचनासँग सन्दर्भित रहेको कुरा ठहऱ्एका छन् । यी प्रणालीको विकासले संरचनावादी र शैली वैज्ञानिक समालोचनलाई अत्यन्त प्रभावशाली विश्लेषण पद्धति प्रदान गर्न पुगेको छ ।

### ङ) इतिहासको क्षेत्रमा संरचनाबाद

कुनै पनि प्रकारको प्रतिकात्मक समयको विषयवस्तुको प्रतिनिधित्व हुने गरी विश्लेषण गर्ने पद्धतिलाई संरचनात्मक विश्लेषण भनिन्छ । यसको विश्लेषण दर्शन सम्बन्धनहरूको समायोजनमा आधारित हुन्छ । यसले अमूर्त संरचनालाई क्रमबद्ध रूपमा पहिचान (चिनाउन) महत्वपूर्ण सहयोग गर्दछ ।

मानव समाजका विविध क्षेत्रमा प्रभाव जमाउन सफल संरचनात्मक प्रणाली मानवशास्त्र, समाजशास्त्र, कलासंस्कृति, मनोविज्ञान, इतिहास, राजनीति लगायत मानवका क्रियाकलापमा धेर थोर रूपमा हरेक प्रभाव जमाएर बस्न सफल भएको देखिन्छ ।

विभिन्न क्षेत्रमा विभिन्न अर्थमा संरचनावादको प्रयोग भएको भए पनि यसको खास सम्बन्ध बस्नु वा कृतिका संरचना वा संरचक घटकहरूसँग रहेको पाइन्छ । यस्तै

विविध घटकहरूद्वारा निर्मित व्यवस्थाका रूपमा रहने संरचनाको वस्तुगत विश्लेषणसँग संरचनावाद सम्बद्ध छ । यसले वस्तुका संरचक घटकहरू र तिनका बीचको आपसी सम्बन्धलाई बाहिरी प्रारूपमा छुट्याएर हेर्ने गर्दछ ।

## ४.३ संरचनावादको अध्ययनको परम्परा

विश्व साहित्यमा इ.सं.१९६० को दशकमा फ्रान्सेली सामाजिक चिन्तनमा विकसित संरचनावादलाई फ्रान्सेली मानववाद र विशेषगरी जाँ पाल सात्रंको अस्तित्ववादी चिन्तको प्रतिक्रियाका रूपमा देखापरेको एउटा पद्धति मानिन्छ । तापनी यसको प्रारम्भ र विकासमा अन्य विविध सन्दर्भले पनि महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । सर्वप्रथम इटालेली विधिशास्त्री गियाम्बटिष्टा विकोद्वारा लेखिएको त्जभ लभध क्अष्भलअभ ९ज्ञठद्दछ० नामको पुस्तकमा वर्णित काब्यिक विवेक तथा रूपक, बिम्ब र मिथको सौन्दर्यशास्त्रमा संरचनावादका प्रारम्भिक लक्षणहरू पाइन्छन् र उक्त पुस्तकले उत्तरवर्ती आधुनिक वैचारिक संप्रदायहरूसँग पनि सोझो सम्बन्ध स्थापित गरेको देखिन्छ ।

पाश्चात्य साहित्य समालोचनामा कृतिगत संरचना सम्बन्धी चर्चा ईश्वीय बीसौं शताब्दीका प्रथम चरणमा खास गरी रूसी रूपवादी समालोचनाबाट नै थालिएको हो । रूसी रूपवादीहरू तथा अष्ट्रियाली र भियना स्कूलका संरचनावादी भाषा वैज्ञानिक फर्निनान्ड डे सस्यूरबाट संयुक्त रूपमा प्रभावित चेकोस्लाभाकियाली अध्ययन समूह “प्रागस्कूल” ले भाषाका बहुप्रकार्यात्मक वा बहुकार्यव्यापारात्मक अवधारण ाअर्न्गात सन्देशात्मक, सौन्दर्यपरकता र कृतिका आवयविक संरचनाका मान्यताका आधारमा साहित्यलाई हेरेपछि नै शैली वैज्ञानिक एवम् संरचनावादी दुबै थरी समालोचनाका अद्यावधिक नवीनतम घटनास्वरूप रूपपरक र शैलीवैज्ञानिक तथा संरचनावादी समालोचनाका साझा पूर्वपृष्ठभूमितर्फ नियाल्दा रूसी रूपवाद र प्रागस्कूलद्वारा प्रस्तुत चेकसंरचनावादपछि फ्रान्सेली नवीन पाठ व्याख्या पद्धति र अमेरिकाली नवसमालोचनाले उक्त शताब्दीका पूर्वार्द्धमा अन्तिमा दशकसम्ममा कृतिपरक समालोचनाका विकासका निम्ति दिएको योगदानको स्मरण गर्नै पर्दछ । यी

नवसमालोचनाप्रक्रियाले पूर्वप्रचलित पाश्चात्य प्रभावपरक समालोचनाले ज्यादा अंगालेका लेखक केन्द्रितताका सट्टा कृतिपरक वा पाठव्याख्यात्मक समालोचनालाई बढावा दिए जसको फलस्वरूप अनेक विद्वान्हरूले निष्कार्षित गरेझैं कृतिहरू नै समालोचनाका उठान र विश्रान्तिका पनि बिन्दु हुन गए । यसक्रममा कृतिका संरचनातर्फ पनि रुसी रुपवाद तथा चेक संरचनावाद उक्त र फ्रान्सेली र अमेरिकी नव समालोचनाको पनि प्रभाव पर्न गयो नै । अमेरिकी नवसमालोचना प्रक्रियाले मुख्यतः कविता विधाकै कृतिको कृतिगत विश्लेषणका क्रममा यिनका संरचनातर्फ पनि रूची देखाई आफ्ना प्रयोगात्मक समालोचनाहरू प्रस्तुत गरेको पाइन्छ ।

संरचनावादले सर्वप्रथम युरोप, अमेरिकामा गणित, समाजशास्त्र, तर्कशास्त्र, दर्शनशास्त्र, भाषाशास्त्र, भौतिकशास्त्र, प्राणीशास्त्र र मनोविज्ञानका क्षेत्रमा प्रवेश गरिसकेपछि नै साहित्यशास्त्रमा वा समालोचनाका क्षेत्रमा पाइला हाल्न पुगेको हो । रूसी रूपवाद र चेक संरचनावाद (प्रागस्कूल) दुबैमा भाषाशास्त्री र साहित्यविद् रोमक याकोब्सनको शीर्षस्थ भूमिका रहेको छ । यिनै प्रागस्कूलका समुदायका अवधारणासँग मिल्ने गरी अन्य विभिन्न विद्वान्हरूले संरचनावादलाई चिनाउने प्रयास गरेको पाइन्छ । यस परिप्रेक्ष्यमा प्रागस्कूल र त्यसबाट प्रेरित प्रारम्भिक संरचनावादी समालोचकहरू साहित्यिक कृतिका भाषामा कृतिगत योजना समाहित हुन्छ र त्यस योजनाको स्पष्टिकरण निहीत रहन्छ भन्ने ठान्छन् । यस भाषिक प्रकार्यवादी धारणबाट उत्प्रेरित प्रारम्भिक संरचनावादी समालोचनाले कृतिको समालोचना भन्नु उक्त भाषिक योजना पनि हो र *त्यसबाट निष्पक्ष वा सिद्ध कृतिगत सत्ता पनि हो* भन्ने अभिमत अँगालेको हो । यस सन्दर्भमा देखापरेको स्थितिलाई ज्याँ पिजे (सन् १९७१) ले व्याख्या गरे अनुसार डा. सुरेशकुमारले निष्कर्षित गरेअनुसार यी तीन थरी संरचनावादी स्थापना उल्लेखनीय हुन पुग्दछनः- क) प्रत्येक कृतिको संरचना हुन्छ , ख) कृतिको संरचना यस किसिमको छ भन्न सकिन्छ र ग) कृति भन्नु एक संरचना हो ।[37]

[37] त्रिपाठी, पश्चिम साहित्यका वादहरू, साझा प्रकाशन

संरचनामा केही सामान्यता र केही विशेषता हुने अनि तिनै विशेषताबाट नै संरचनाले आफ्नो बाह्य अस्तित्व प्राप्त गर्ने कुरा ज्याँ पिजे (सन् १९७१) ले औंल्याएका छन् । त्यसैले यो संरचना एकदमै निरपेक्ष चाहिं नहुने तथ्यतर्फ उनी सचेत देखिन्छन् । यस क्रममा उनले संरचनाका तीन अन्योन्याश्रित विशेषता देखाएका छन् - क) समग्रता ख) सजीवता, र ग) स्व–अनुशासितता ।

संरचनाका सन्दर्भमा साहित्यिक कृति विभिन्न स्तरमा सुनिश्चित तथा क्रमबद्धरूपमा रहने पद्धति वा ढाँचाहरूको सामूहिक संरचनात्मक व्यवस्था मानिन्छ । भारतीय विद्वान अशोक डा. केलकर (सन् १९७१), डा. रवीन्द्रनाथ श्रीवास्तव (सन् १९७२) र डा. सुरेशकुमार (सन् १९७७) ले पनि साहित्यिक कृतिका यी पद्धति वा ढाँचाहरूका संरचनाका तीन स्तरबारे कतिपय उपयोगी जानकारीलाई सूत्रबद्धता प्रदान गरेको देखिन्छ र तीन स्तर हुन्- (१) भाषिक संरचना, (२) शैलीगत संरचना र (३) साहित्यिक संरचना ।[घड] वस्तुतः कुनै कृतिको संरचना भन्नु यी तीन स्तरमा देखिने पद्धति/ढाँचाहरूको समूहको क्रमबद्ध तथा सुनिश्चित व्यवस्था हो । साहित्यिक कृतिका उपयुक्त तीन तहमध्ये शिखर स्तरमा रहने साहित्यिक संरचना र मूल स्तरमा रहने भाषिक संरचना सुप्रष्ट रूपमा प्रत्यक्षतः देखिन्छन् भने यी दुई स्तरको मध्यवर्ती तहका रूपमा रहने शैलीगत संरचनाचाहिं प्रत्यक्ष नभई परोक्ष हुने गर्दछ ।

उपर्युक्त तीन स्तरमध्ये शिखर स्तर (साहित्यिक संरचना) मूलस्तर (भाषिक संरचना)मा पद्धति वा ढाँचाको श्रेणीक्रम रहन्छ भने शैलीगत ढाँचाहरूको मध्यवर्ती स्तर स्वतन्त्ररूपमा प्रत्यक्षित नहुने हुनाले यसमा श्रेणीक्रम रहने कुरा प्रमाणित हुँदैन भन्ने कुरा डा. सुरेश कुमारले पनि प्रष्ट पारेका छन् । वस्तुतः भाषिक संरचनाकै स्तरमा मात्र शैलीगत संरचना प्रत्यक्षित हुने कुरा अनुभव सिद्ध नै छ ।

प्राग भाषिक समूहले सन् १९२९ मा सम्पन्न गरेको स्लाभेली भाषाशास्त्रीहरूको प्रथम अन्तर्राष्ट्रिय सम्मेलनमा फर्डिनान्ड द सस्यूरका अनुयाली रसियाली भाषाशास्त्री बोडवाँ द कुर्टनेद्वारा लिखित त्जभकभक नामक कृतिका माध्यमबाट सामूहिक रूपले

[38] त्रिपाठी ऐ.ऐ.

भाषिक सिद्धान्त र विधिको अध्ययन गर्ने सर्वथा नौलो कार्यक्रम प्रस्तुत गरिएको देखिन्छ । यस कृतिमा संरचना शब्दलाई प्रमुख शब्दका रूपमा विशेष महत्वका साथ अत्यधिक प्रयोग गरिएको पाइन्छ । यसमा परम्परित विधिको विपरित उभिएर पृथक तथ्यहरूको विश्लेषण गर्ने पद्धतिको विरोध गरिएको छ । यस कार्यक्रमबाट संरचनावाद सम्बन्धी प्रचारको खास प्रारम्भ हुनाका साथै त्जभकभक नामक कृतिबाट संरचनावादलाई व्यापक रूपले अर्थ्याउने कार्यको समेत थालनी भएको पाइन्छ ।

संरचनावादी समालोनाकै उत्तर रूप वा नवरूप मानिने संशोधित संरचनावादलाई संरचना विघटन वा संरचनाविघटक समालोचना पनि भनिन्छ । मुख्यतः जेब्सिस डेरिडाले गरेको कृतिपठनसम्बन्धी पाठकीय विशिष्ट अभ्यासबाटै संरचना विघटक समालोना अनुप्रमाणित रहेको छ । उनको संरचना, प्रतिक र खेल भन्ने सन् १९६६ को लेख वा कार्यपत्रले नै संयुक्त राज्य अमेरिकामा विशेषतः येल विश्वविद्यालय एक नयाँ समालोचनाको जन्म दियो जसलाई संरचना विघटन वा संरचना विघटक समालोचना पनि भनिन्छ ।

समग्रमा संरचनाको अवधारणा गणित र विज्ञानका क्षेत्रमा पाश्चात्य जगत्मा पहिल्यैदेखि देखा परेको हो र कार्लमार्क्स तथा फ्रायडको साथै आइन्सटाइनका युगान्तकाी सैद्धान्तिक मान्यताहरूमा समेत संरचनाको निकटतम अवधारणाको प्रयोग भएको पाइन्छ तापनि *पारिभाषिक रूपमा संरचनावाद बीसौं शताब्दीका द्वितीय दशकमा वर्णनात्मक संरचनावादी भाषावैज्ञानिक फर्डिनान्ड डे सस्यूरले चलाएका हुन् ।* उनीपछि संरचनावादी मनोवैज्ञानिक टिकेनर र सांस्कृतिक मानवशास्त्री क्लाउड लेभी स्टाउसले संरचनावादका अवधारणालाई विशेषरूपमा अघि बढाएका हुन् । विगत एक शताब्दीका अवधिमा संरचनावाद पाश्चात्य ज्ञान-विज्ञान, कला-संस्कृति तथा भाषा-साहित्यका अध्ययन क्षेत्रमा व्याप्त भएको एक बहुशास्त्रीय अवधारणा बनिसकेको छ । संरचनावादीहरू कुनै पदार्थ, सत्ता वा अस्तित्वको विश्लेषणतर्फ चाख नराखी त्यसका अवयवात्मक घटकहरूलाई केलाई ती घटक तथा तिनको समग्रता (पदार्थ, सत्ता, अस्तित्व) का बीचको सहसम्बन्धको अध्ययन गर्न चाहन्छन् । संरचना भनेका यही अङ्गिक व्यवस्था वा पद्धति हो ।

*लोककथाका क्षेत्रमा भ्लादिमिर प्रोपले रसियाली लोककथाहरूको अध्ययन गरी तिनमा देखिएका अनिवार्य एवम् स्थिर प्रकार्यहरू निर्धारण गरी सन् १९२८ मा :यचायथिनथब क्पबशपष नामक ग्रन्थ प्रकाशमा ल्याए ।* यसको अंग्रेजी रूपान्तरण :यचउजययिनथ या तजभ ायपितबभि सन् १९५८ मा प्रकाशित भयो । यो संस्करण बजारमा आएपछि विश्वका लोकसाहित्यविद्हरूको ध्यान यसतर्फ आकृष्ट भयो र विभिन्न देशमा यसै पद्धतिलाई आधार बनाएर लोकाख्यानको अध्ययन गर्न थालियो । अमेरिकी विद्वान् एलेन डन्डेस् फ्रान्सेली विद्वान् ब्रोमेडले पनि प्रोपको संरचनावादी पद्धति अपनाएर लोककथाको अध्ययन गरेका छन् । एलेन डन्डेसले प्रोपको कथासूत्रहरूमा परिमार्जन गरी सन् १९६८ को संस्करणमा थप प्रकार्यहरूको सूची प्रस्तुत गरेका छन् । भारतमा शङ्करलाल यादवले पनि यस पद्धतिको प्रयोग गरेको देखिन्छ । नेपाली साहित्यमा पनि खगेन्द्र लुइटेलले कविताको संरचनामा विद्यावारिधि गरेका छन् ।

## ४.४ भ्लादिमिर प्रोपको संरचनावाद

रसियाली लोकसाहित्यका अध्यता भ्लादिमिर प्रोपको अनुसार लोकआख्यानमा ३१ प्रकार्यहरु स्थिर रूपमा रहन्छन् । उनको आफ्नो पुस्तक :यचउजययिनथ या ायपितबभि ( सन् १९५८) को भूमिकामा यो उल्लेख गरेका छन् । उनले रसियाको (१००) एकसय परिकथाको अध्ययन यसै सूत्रद्वारा विश्लेषण गरेका छन् ।

यो संरचना प्रणाली वनस्पतिशास्त्रबाट प्रभावित छ । बोक्रा डाँठ, जरा र पातहरु वनस्पतिका अलग-अलग तत्व छन् । यी तत्वहरुको समष्टि रुप बन्दछ । यिनीहरूको अध्ययन विशलेषण गर्दा तत्त्वहरु छुट्याउने, केलाउने र सम्बन्ध स्थापित गर्ने काम गरिन्छ । त्यस्तै लोकआख्यानका घटना, चरित्र तथा कार्यहरूको एउटा निश्चित रूप हुन्छ , यी रूपहरू फरक-फरक हुन्छन् । यी फरक रूपहरुको ठीक संयोजनवाट लोकआख्यान बन्दछ । यिनै लोकाख्यानको विभिन्न तत्वहरु वा घटनाहरुको संरचना पारस्परिक सम्बन्धको विश्लेषण गर्नु नै म्यादिमिर प्रोपको संरचनावादी अध्ययन पद्धति हो ।

प्रोपको पुस्तक बजारमा आएपछि विश्वका लोकसाहित्यविद्को ध्यान यस पुस्तक तर्फ आकृष्ट भयो र विभिन्न देशमा यसै पद्धतिलाई आध्यार बनाएर लोकआख्यानको अध्ययन गर्न थालियो । अमेरिकी विद्वान् एलेन डन्डेस, फ्रान्सेली विद्वान् ब्रोमेडले पनि यसै पद्धति अपनाएर लोककथाको अध्ययन गरेका छन् । डण्डेसले त प्रोपका कथासूत्रमा थप परिमार्जन गरेर १९६८ को संस्करणमा थप कार्यहरूको सूची प्रस्तुत गरेका छन् । भारतमा शंकरलाल यादवले प्रोपका पद्धतिको प्रयोग गरेको देखिन्छ ।[घढ]

प्रोपले ३१ प्रकार्यहरू लोकाख्यानमा स्थिर रूपमा रहने कुरा बताएका छन् । उनी यी प्रकार्यहरु रेखीए रूपमा आउने कुरा अगाडि सार्दछन् । उनका अनुसार एउटा कार्य प्रारम्भमा आएपछि फेरि दोहरिदैन, स्थिर प्रकार्यहरू उनै रहन्छन् तर पात्र घटना र परिवेश कथाअनुसार परिवर्तन भएर बढ्दै जान्छन् । प्रत्येक लोकआख्यानमा ३१ वटा प्रकार्यहरू सबै उपयोगी हुदैनन् आवश्यक प्रकार्यहरूमात्र लोकआख्यानमा प्रकार्यहरू रेखीय क्रम लोकआख्यानको भित्री तहमा नभएर वाहिरी संरचनामा आधारित हुन्छ तर प्रान्सेली लोककथाविद् ब्रोमेडले प्रोपको रेखीएक्रमलाई स्वीकार गरेका छैनन् उनी त लोककथामा प्रकार्यहरु दोहरिन सक्ने कुरा बताउँछन् ।

नेपाली लोककथाको अध्ययन गर्दा लोककथाहरूको घटना विन्यासमा व्यक्तिक्रम आँउदा, गर्भकथाहरू जोडिदा र षडयन्त्रको उदय हुँदा कतिपय अवस्थामा यी प्रकार्यहरू दोहोरिएर आएको पाइन्छ । नेपालीमा विभिन्न प्रकारका कथाहरूमा यो प्रकार्य प्रयोग गरिन्छन् जस्तैः- ऐतिहासिक कथा, बहादुरी तथा साहसका र भूत-प्रेत र बोक्सीका तर *प्रोपले परीको कथामा मात्र प्रयोग गरेका यी प्रकार्यहरू नेपाली कथामा सम्पूर्ण रूपमा मिल्दैनन् लोकआख्यानको अध्ययन गर्दा थप सूत्रहरू भेटिएमा यसलाई अझ विस्तृत वनाउदै लग्नु पर्ने नेपाली अख्यान अध्यताको खाँचो छ ।*

भ्लादिमर प्रोपले लोकआख्यानका जम्मा संरचक घटकहरूलाई ३१ र १२१ उपसुत्र गरी जम्म १५२ घटकहरूमा वर्गीकरण गरेका थिए । केही समयपछि एलेन

---

[39] डा. पराजुली ऐ.ऐ., पृ.६३

ढन्डेसले त्यसलाई परिमार्जन गरेर ३१ मूल सूत्र र १६० उपसूत्र गरी जम्मा १९१ प्रकार्यहरू भएको देखाएका छन् , तर यहाँ प्रोपका ३१ प्रकार्यहरूको सूची डा. मोतिलाल परानुलीको पुस्तक सोरठी नृत्यनाटिकावाट लिइएको छ ।

## ४.५ भ्लादिमिर प्रोपद्वारा स्थापित ३१ सूत्र र तिनको विस्तारित सूची

| क्रसं | वीजाक्षर | परिभाषा | मूलतत्वको (सूत्र) |
|---|---|---|---|
| | ब | परिचय | परिवारको सदस्य र नायकको परिचय दिइन्छ । |
| १ | β | अनुपस्थिति | परिवारको एउटा सदस्य अनसपस्थिति हुन्छ । |
| | $β^{ज}$ | | परिपक्व मानिसको अनुपस्थिति वा प्रस्थान |
| | $β^{द}$ | | अभिभावकको मृत्यु |
| | $β^{घ}$ | | युवा व्यक्तिको अुनुपस्थिति वा प्रस्थान |
| २ | γ | प्रतिबन्ध | नायकलाई निषेधको आज्ञा दिइन्छ । |
| | $γ^{ज}$ | | प्रतिबन्ध |
| | $γ^{द}$ | | आदेश वा निर्देशन |
| ३ | δ | उल्लङ्घन | निषेध आज्ञाको उल्लङ्घन हुन्छ । |
| | $δ^{ज}$ | | निषेध उल्लङ्घन गर्नु । |
| | $δ^{द}$ | | आदेश वा निर्देशनको पालना गर्नु । |
| ४ | ε | भेद जिज्ञासा | खलनायकले भेद जान्ने कोसिस गर्छ । |
| | $ε^{ज}$ | | खलनायकले नायकका बारेमा जानकारी प्राप्त गर्न अनुसन्धान गर्नु । |
| | $ε^{द}$ | | नायकले खलनायकका बारेमा जानकारी प्राप्त गर्न |

| | | | |
|---|---|---|---|
| | ε[घ] | | अनुसान्धान गर्नु ।<br><br>अरू मानिसहरूद्वारा अनुसन्धान गर्नु । |
| ५ | ς<br><br>ς[ज्ञ]<br><br>ς[द्द]<br><br>ς[घ] | भेदज्ञान प्राप्त | खलनायकले आफ्ना प्रतिद्वन्द्वीबारे सूचना पाउँछ ।<br><br>खलनायकले नायकका बारेमा जानकारी प्राप्त गर्नु ।<br>नायकले खलनायकका बारेमा जानकारी प्राप्त गर्नु ।<br><br>अन्य साधन वा माधयमद्वारा जानकारी प्राप्त गर्नु । |
| ६ | η<br><br>η[ज्ञ]<br><br>η[द्द]<br><br>η[घ] | छलफल | खलनायकले प्रतिद्वन्द्वीलाई धोका दिने कोसिस गर्छ ।<br><br>खलनायकको कपटपूर्ण विनम्रता ।<br><br>जादुमय साधनको लागि खलनायकले निवेदन गर्नु ।<br><br>बेइमान र करकापका अन्य प्रकारहरु । |
| ७ | θ<br><br>θज्ञ<br><br>θद्द<br><br>θघ | कुकर्ममा साझेदारी | धोकामा परेर अनिच्छापूर्व शत्रुलाई सहयोग गर्नु ।<br><br>खलनायकले मनाउन खोज्दा नायकले प्रतिक्रिया जनाउनु<br><br>नायक जादुको वस्तुद्वारा फस्नु ।<br><br>खलनायकको धोकापूर्ण कार्यको नायकद्वारा प्रतिक्रिया |
| ८ | α<br><br>αज्ञ<br><br>αद्द<br><br>αघ | अभाव | परिवारको सदस्यले कुनै वस्तु हराउँछ ।<br><br>एक दुलहीको अभाव/निजी दुशहीको अभाव ।<br><br>जादुमय प्रतिनिधी वा सहयोगीको अभाव ।<br><br>आर्श्चयजनक वस्तुको अभाव । |

| | | | |
|---|---|---|---|
| | αद्ध | | मृत्युको फूल वा अन्य वस्तुको अभाव । |
| | αछ | | पैसाको अभाव वा अस्तित्वको अभाव । |
| | αट | | अन्य अभावहरु |
| ८ | ब<br>८ब<br>ब्ज<br>ब्द<br>ब<br>ब्घ<br>ब्द्ध<br>ब्छ<br>ब्ट<br>ब्ठ<br>ब्ड<br>ब्ढ<br>ब्जण<br>ब्जज्ञ<br>ब्जद्<br>ब्जघ<br>ब्जद्ध<br>ब्जछ<br>ब्जट<br>ब्हखष<br>ब्जठ | खलत्व | खलनायकले परिवारका सदस्यलाई हानी पुऱ्याउँछ ।<br>दुष्ट सङ्गतीहरूद्वारा सुरुङमा फ्याँक्नु ।<br>व्यक्तिलाई अपहरण गर्नु ।<br>जादुको साधन वा अचानक हरण गर्नु ।<br>जादुमय सहयोगीलाई बलजफत हरण गर्नु ।<br>बालीनालीलाई नष्ट गर्नु ।<br>दिउँसै चोरी हुनु ।<br>विभिन्न किसिमबाट अपहरण वा चोरी गर्नु ।<br>अङ्गभङ्ग गर्नु वा हातगोडा काठ्नु ।<br>बिर्सिएकी दुलही (दुलहीलाई बिर्सनु)<br>हस्तान्तरणको निम्ति माग गर्नु वा आकर्षण गर्नु वा अपहरण गर्नु ।<br>निष्कासन ।<br>समुद्र वा पानीमा फ्याँकनु ।<br>लेखिएको वा चिह्न लगाएको ठाँउमा फाल्नु वा स्थानान्तरण गर्नु<br>नक्कली प्रतिनिधि ।<br>मार्ने आदेश दिनु ।<br>कैद गर्नु/पक्रनु/नजरबन्द राख्नु । |

| | | | |
|---|---|---|---|
| | ब्हखष्ठ<br>ब्ज्ञढ | | विवाहका निम्ति दवाव गर्न धम्की दिनु ।<br>नरभक्षणका लागि धम्की दिनु ।<br>नातेदारहरुका बीचमा नरभक्षणकमा लागि धम्की दिनु<br>रात्रिमा पीडा दिनु (बोक्सीप्रति विश्वास)<br>युद्धको घोषणा गर्नु । |
| ९. | द्य<br>द्यज्ञ<br>द्यद्द<br>द्यघ<br>द्यद्ध<br>द्यछ<br>द्यट<br>द्यठ | मध्यस्थता गर्नु | दुर्भाग्य थाहा हुन्छ, नायकलाई जान दिइन्छ वा पठाइन्छ ।<br>सहयोगका लागि आह्वान ।<br>ज्यान मार्नु वा चलान गर्नु ।<br>छुटकारा/बिदाइ ।<br>विभिन्न रूपबाट विपत्ति हुने घोषणा ।<br>नायकलाई देश (ठाँउ) निकाला गर्नु ।<br>मुत्युदण्ड सजाय पाएको नायकले छुटकारा पाउनु (बाँच्नु)<br>विलाप र शोकपूर्ण गीत । |
| १०. | ऋ | प्रतिक्रिया आरम्भ | नायक खोज गर्न सहमत हुन्छ वा निर्णय लिन्छ । |
| ११ | ↑ | प्रस्थान | नायक घरबाट प्रस्थान गर्छ । |
| १२ | र्म | दाताको प्रथमकार्य | नायकको परीक्षा हुन्छ, जादुपूर्ण माध्यम वा सहायक प्राप्त हुन्छ । |

| | | | |
|---|---|---|---|
| | म्ज्ञ<br>म्द्द<br>म्घ<br>म्द्ध<br>८म्द्ध<br><br><br>म्छ<br>म्ट<br>म्ट<br>म्ठ<br>८ म्ठ<br><br>म्ठ<br>म्ड<br>म्ढ<br>म्ज्ञण | | नायकको परीक्षा लिनु ।<br>अभिवादन गर्नु/छलफल गर्नु ।<br>मृत्युपछि क्षमा (कृपा) गर्न अनुरोध गर्नु ।<br>कैदीले कुक्तिका निम्ति प्रार्थना गर्नु ।<br>प्रारम्भिक बन्धनसँगै कैदीले मुक्तिका निम्ति प्रार्थना गर्नु ।<br>दयाका निम्ति अनुरोध गर्नु ।<br>विभाजन  (भागबण्डा) का निम्ति प्रार्थना गर्नु ।<br>ठीक आग्रह बिना अंशबण्डाका निम्ति तर्क गर्नु ।<br>अन्य अनुरोधहरु ।<br>पहिलो अनुरोध अस्वीकार भएपछि पुनः अनुरोध गर्नु ।<br>दाताको अनुरोध असयोगी अवस्थामा पुगेपछि सेवा फिर्ता लिने सम्भावना ।<br>विनाश गर्ने प्रयत्न गर्नु ।<br>मात्तिएको दातासँग घमासान युद्ध पर्नु ।<br>जादुको साधनलाई विनिमयको रूपमा राख्न प्रस्ताव राख्नु । |
| १३ | [illegible] | नायकको प्रतिक्रिया | कार्यप्रति नायकको सकारात्मक/नकारात्मक प्रतिक्रिया देखापर्छ । |

| | | | |
|---|---|---|---|
| | ⁄ज्ञ<br>⁄द्द<br>⁄घ<br>⁄द्ध<br>⁄छ<br>⁄ट<br>⁄खष<br>⁄ठ<br>⁄ड<br>⁄ढ<br>⁄ज्ञण | | अग्निपरीक्षा ।<br>मित्रतापूर्ण व्यवहार ।<br>मृतक व्यक्तिको परिक्षालिनु ।<br>बन्दी स्वतन्त्र हुनु ।<br>निवेदकलाई दया गर्नु ।<br>विपक्षीको विजोक भई छुट्टिनु ।<br>विपक्षीले धोका दिनु ।<br>अन्य कार्यहरुको प्रदर्शन/अनुरोध पूर्ण गर्नु धार्मिक कार्य कार्य गर्नु ।<br>विध्वंश टार्ने प्रयत्न गर्नु ।<br>सङ्ग्राममा प्रतिद्वन्द्वीको हार हुनु<br>लेनदेनमा धोको । |
| १४ | ँ<br>ँज्ञ<br>ँज्ञ<br>ँ(<br>ँ. | जादुको वस्तु प्राप्त गर्नु | नायकले जादुको माध्यम प्रायोग गर्न पाउँछ ।<br>साधन हस्तान्तरित हुनु ।<br>प्राकृतिक वस्तु उपहार दिनु ।<br>साधन हस्तान्तर नहुनु ।<br>नायकको नकारात्मक प्रतिक्रियाले बदला लिन उत्तेजित हुनु । |

| | | | |
|---|---|---|---|
| | ँद्द | | साधन पत्ता लाग्नु । |
| | ँघ | | साधनको तयारी । |
| | ँद्ध | | साधन बेच्न बैना गर्नु । |
| | ँछ | | साधन भेटिनु वा पाइनु । |
| | ँट | | सम्झौता अनुसार साधन उतपत्ति हुनु वा आउनु । |
| | ँखष | | पृथ्वी बाहिरबाट साधन आउनु । |
| | ँटढ | | सहयोग प्रस्ताव राख्ने सहयोगीसँग बैठक गर्नु । |
| | ँठ | | साधनहरुलाई खानु वा पिउनु । |
| | ँड | | साधनहरुलाई हात पार्नु वा कब्जामा लिनु । |
| | ँढ | | साधनले आफूलाई कसैको सेवा अथवा अभीनमा राख्ने प्रस्ताव राख्नु । |
| | ँढ | | साधनले जतिखेर चाहियो उत्तिखेर उत्पत्ति हुने विश्वास दिलाउनु । |
| १५. | ऩ<br><br>ऩ्ज्ञ<br>ऩ्द्द<br>ऩ्घ<br>ऩ्द्ध<br><br>ऩ्छ<br>ऩ्ट | नायक स्थानान्तरण | नायकको स्थानान्तरण हुन्छ, खोजेको लक्ष्यमा पुऱ्याइन्छ वा पुग्छ ।<br>नायक हावामा उड्नु ।<br>नायकको चढ्ने साधन लैजानु (चोरी हुनु)<br>नायक पथप्रदर्शक हुनु ।<br>नायकलाई प्रस्थान बिन्दुबाट लक्ष्यसम्म पुग्ने बाटो देखाइदिनु ।<br>कुराकानीको लागि नायकले अचल माध्यमको प्रयोगगर्नु । |

| | | | |
|---|---|---|---|
| | | | रगतका टाटा वा अन्य वस्तुका चिन्हहरूले बाटो देखाउनु |
| १६ | ज<br>ज्ञ<br>ज्द<br>ज्घ<br>ज्द्ध | मल्लयुद्ध (संघर्ष) | नायक र खलनायकको प्रत्यक्ष मल्लयुद्ध हुन्छ ,<br>खुल्ला जमिनमा लडाइँ हुनु ।<br>एक प्रतिस्पर्धा<br>एउटा ताराको खेल ।<br>हारजीतको मूल्याङ्कन् गर्नु । |
| १७ | व<br>व्ज्ञ<br>व्द | चिन्हित हुनु | नायकलाई चिन्हि गरिन्छ ।<br>शरीरमा चिन्ह (निसान) बनाउन अनुरोध गर्नु ।<br>औंठी र तौलिया स्थानान्तर गर्नु । |
| १८ | क्ष<br>क्ष्ज्ञ<br>८क्ष्ज्ञ<br>ज्ञद्द<br>ज्ञघ<br>ज्ञद्ध<br>ज्ञछ<br>ज्ञट | विजय | खलनायकको हार हुन्छ ।<br>खुल्ला लडाइँमा विजय प्राप्त गर्नु ।<br>अर्को लुकेको बेलामा नायकले विजय प्राप्त गर्नु ।<br>प्रतिस्पर्धामा विजय र विशिष्टता प्राप्त गर्नु ।<br>जुवा खेल्दा विजय र प्राप्त गर्नु ।<br>मूल्याङ्कनमा विशिष्टता ।<br>विना युद्ध खलनायकलाई मार्नु । |

| | | | |
|---|---|---|---|
| | | | खलनायकलाई निष्कासन गर्नु । |
| १९ | ट<br>प्ज्ञ<br>प्द्द<br>प्घ<br>प्द्ध<br>प्छ<br>प्ट<br>प्ठ<br>प्ड<br><br><br>प्ढ<br>प्ह्न<br>प्ज्ञण<br>प<br>पज्ञ<br>पद्द | दुर्भाग्यको अन्त | प्रारम्भिक वा अभावको अन्त हुन्छ ।<br>शक्ति र चलाखीको अनुरोधबाट प्रत्यक्ष लाभ हुनु ।<br>धेरै सहयोगीद्वारा एकै समयमा काम पार लगाउनु ।<br>मायावी चरो वा मनमोहक वस्तुबाट काम फत्ते गर्नु ।<br>पूर्व गतिविधिहरुको नतिजा हेरेर दुर्भाग्यको अन्त्य हुनु ।<br>जादुमय साधनद्वारा गरिबी निवारण हुनु ।<br>खोजी गर्ने साधन पक्रिनु ।<br>टुनामुना भङ्ग हुनु ।<br>पुनर्जीवन प्राप्त हुनु ।<br><br><br>पहिलेकै जीवन प्राप्त हुनु ।<br>बन्दीबाट मुक्त हुनु ।<br>जादुका बस्तुबाट दुर्भाग्यको अन्त्य ।<br>अनुसन्धान गर्ने साधन स्थानन्तरण हुनु ।<br>अनुसन्धान गर्ने साधन भेटिनु । |
| २० | ↓ | फर्कनु पिछा | नायक फर्कन्छ । |

| | | | |
|---|---|---|---|
| | | गर्नु | |
| २१ | एच | पिछागर्नु | नायकको अनुसरण गर्नु (पछि लागिन्छ) । |
| | एचज्ञ | | हावामा उड्नु |
| | एचद्द | | दोषी व्यक्तिको माग । |
| | एचघ | | जनावरमा रुपान्तर भई साथ दिनु वा पछि लाग्नु । |
| | एचद्ध | | लोभ्याउने वस्तुमा रुपान्तर भई पछि लाग्नु । |
| | एचछ | | नायकलाई समाप्त गर्ने प्रयत्न गर्नु । |
| | एचट | | नायकलाई विध्वंश गर्ने प्रयत्न गर्नु । |
| | एचठ | | नायकलाई रुखबाट फ्याक्ने प्रयास गर्नु । |
| २२ | च्क | मुक्ति (नायकको उद्धार हुनु ) | नायकलाई पछि लाग्नेहरुबाट मुक्त गरिन्छ । |
| | च्कज्ञ | | नायक हावामा उड्नु वा छिटो दगुर्नु । |
| | च्कद्द | | नायकले खलनायकलाई छेक्न काइँयो, निगालो आदि जादुमय पदार्थ फल्नु । |
| | च्कघ | | नायक भागेर मन्दिर वा अन्य ठाउँमा पसेर बाँच्नु । |
| | च्कद्ध | | दबाउने प्रयासबाट नायक उम्कनु । |
| | च्कछ | | नायकलाई कामले लुकाएर बाँच्नु । |
| | | | जनावर, बिरुवा वा ढुङ्गामा रुपान्तर हुनु । |

| | | | |
|---|---|---|---|
| | च्कट<br>च्कठ<br>च्कड<br>च्कढ<br>च्कज्ञण | | लोभ्याउने वस्तुको प्रलोभनमा परी कब्जामा राखेको व्यक्तिलाई छोडिदिनु ।<br>खलनायक (राक्षस, जनावर) को आहाराबाट बँच्नु ।<br>विनाश हुनुबाट उद्धार हुनु ।<br>अर्को रुखमा हाम फाल्नु र बँच्नु । |
| २३ | इ | अज्ञात आगमन/ अज्ञात प्रयाण | नायक अज्ञात रुपमा घरमा आइपुग्छ वा अर्कै देशमा पुग्छ । |
| २४. | ी | आधारहीन दावी | छद्म नायक आधारहीन कुरा प्रस्तुत गर्छ । |
| २५. | ः | कठिन कार्य सुम्पनु | नायकलाई कुनै कठिन कार्य दिइन्छ । |
| २६. | ल<br>द्ल | समाधान | कार्य सम्पन्न हुन्छ ।<br>मृत्युको अन्तिम म्याद अगाडि कार्यको विश्लेषण । |
| २७ | त्त | अभिज्ञान | नायक चिनिन्छ । |
| २८ | भ्थ | भेद खुल्नु | छद्म नायक वा खलनायकको भेद खुल्दछ । |
| २९ | त<br>त्ज्ञ<br>त्द्द<br>त्घ<br>त्द्ध | रुपान्तर | नायकलाई नयाँरुप प्राप्त हुन्छ ।<br>नयाँ शारीरिक बनावट ।<br>घर दरबारमा रुपान्तर हुनु ।<br>नयाँ पोसाकमा रुपान्तर हुनु ।<br>हास्ययुक्त वा युक्तिसङ्गत आकारमा रुपान्तर हुनु । |

| | | | |
|---|---|---|---|
| ३० | र ग्लभन | दण्ड | दुष्टलाई दण्ड दिइन्छ ।<br><br>छद्मनायक वा खलनायकलाई क्षमा दिनु । |
| ३१ | ε<br><br>εट<br>ε<br>εस<br>εज्ञ<br>εद्द<br><br>εण<br>ह<br>?<br>ष्ट<br>:यतउयक यच<br>δ<br>स्र | विवाह/<br>राज्यारोहण | नायकको विवाह हुन्छ र उसको राज्यप्राप्ति हुन्छ ।<br>विवाह ।<br>राज्यारोहण ।<br>आद्यविवाह ।<br>वाचाबन्धनको विवाह ।<br>पुनर्विवाह ।<br>कार्यसम्पन्न गरेवापत रुपैयाँ वा अन्य पदार्थ बक्सिस पाउनु<br>सङ्केतका आधारमा बाटो पत्ता लगाउनु ।<br>सङ्केतहरुलाई अर्को ठाउँमा सार्नु (धोका दिनु।)<br>उत्प्रेरण दिनु ।<br>कामको सकारात्मक नतिजा ।<br><br>कामको नाकारात्मक नतिजा ।<br>संयोजक ।<br>तीन संयोजक । |

# लोककथाको संरचनागत विश्लेषण

## १. चतुर सुवेलीको कथा

| क्र.सं. | मूलकथाको सार | परिभाषा | वीज्ञाक्षर |
|---|---|---|---|
| १. | चिसापानीका घिमिरे परिवारको परिचय | परिचय | ब |
| २. | अकस्मात् भूत आउनु र गोठालाहरूलाई दुःख दिने गर्नु | खलत्व | ƃ |
| ३. | सुवेली साहसका साथ निक्लिई | प्रस्थान | ↑ |
| ४. | सुवेलीले छलपूर्वक खोटो लिएर व्यासीमा झर्नु र भूतलाई दिनु | छलकपट | ल |
| ५. | सतिवेरका दाउरा र सल्लाको खोटो जम्मा पानु र आफू तेल लगाउन थाल्नु | छलकपट | ल2 |
| ६. | आफूले तेल लगाई रातो पगरी गुथ्दा भूतलाई सल्लाको खोटाको टपरी दिई र रातो ओदान खोटो दलेको टाउकोमा हाल्दिई | मुक्ति | च्क2 |
| ७. | घरका मानिसले सुवेलीलाई सहयोग गर्नु र बाँकी रहेका गोठालोले पनि भूत मार्न सहयोग गर्नु | दाताको प्रथम कार्य | ヂ |
| ८. | यो कठिन कार्य सुवेलीलाई सुम्पनु | कठिनकार्य सुम्पनु | : |
| ९. | सुवेलीले व्यासी झर्दा बाटोबाट सल्लाको खोटो लिएर झर्नु | साधनाको प्राप्ति | ँ2 |
| १०. | सुवेलीले भूतलाई मारेर गोठाला र पाडा-बाछ्चाको ज्यान बचाउनु | विजय | ज्ञछ |
| ११. | सुवेलीलाई सबैले सहयोग गर्दैछन् र सुवेलीले समस्या समाधान गरी घर फर्कनु | दुर्भाग्यको अन्त/फर्कनु | ट ↓ |

बीजधार :- ब ƃ ↑ल ल2 च्क2 ヂ : ँ2 ज्ञछ ट ↓

## २. बहादुरेको कथा

| क्र.सं. | मूलकथाको सार | परिभाषा | बीजाक्षर |
|---|---|---|---|
| १. | राजा र बहादुरेको परिचय | परिचय | ब |
| २. | नेपाली र भारतीय खेलाडीका बीचमा खेल हुँदा नेपाली पक्षले हार्नु | मल्लयुद्ध | जञ |
| ३ | अकस्मात् बहादुरलाई एकपल्ट खेल्ने इच्छा हुनु र राजासँग खेल खेल्न अनुमति माग्नु | कठिन कार्य सुम्पनु | : |
| ४. | राजा बहादुरेलाई खेल खेल्न सहमत दिन्छन् | | |
| ५. | बहादुरेले भारतीय खेलाडीको टाउको घुँडा च्यापेर फुटाउनु | विजय | ॾञ |
| ६. | राजाले बहादुरेलाई कठिन कार्यमा सहमति दिनु | कठिन कार्य सुम्पनु | : |
| ७. | अर्को भारतीय पहलमानले बहादुरेलाई नछोइकन थिचेर मार्न खोज्नु | | |
| ८. | बहादुरेले पछाडी कुममा समाएर भारतीय खेलाडीलाई थचार्दा पहलमानका ढाडका सबै हाडहरू चिरिप्प भएर मर्नु | विजय | ॾञ |
| ९. | नेपाली राजा र बहादुरेको टोली हिंड्नु | प्रस्थान | ↓ |
| १०. | खसी दिने, तोरी दिने र धान दिने कार्य गरेर नायकलाई कठिन कार्य सुम्पनु | कठिन कार्य सुम्पनु | : |
| ११. | नायकले बलले टाउको छुट्याउनु र सेकाएका सांप्रा राक्षस झैं चपाउनु | प्रतिक्रिया आरम्भ | ॠ |
| १२. | यो देखेका भारतीय खेलाडी नेपाली खेलाडीलाई थाहै नदिई राती नै भाग्नु | नायकको प्रतिक्रिया | भ्ढ |
| १३. | नेपालीको जीत स्वीकारेर भारतीय भाग्नु | विजय | ॾ |

बीजधार रूप :- ब जञ : ॾञ : ॾञ : ↑ॠ भ्ढ ॾ

## ३. स्त्रीको खेल

| क.सं. | मूलकथाको सार | परिभाषा | वीजाक्षर |
|---|---|---|---|
| १. | राजाको परिवारको परिचय | परिचय | ब |
| २. | राजाले राजकुमारीलाई बलि दिने योजना बनाउनु | छलकपट | ल |
| ३. | राजकुमार र राजकुमारी भागेर वनमा जानु | मुक्ति | $\text{च्क}^{\text{घ}}$ |
| ४. | राजकुमारी र राक्षसको बीचमा परिचय हुनु | कुकर्ममा साझेदारी | Θ |
| ५. | राजकुमार सिकारमा जान्छन् र बाघसँग भेट हुन्छ | दाताको कार्य | $\text{Ŧ}^{\text{ज्ञ}}$ |
| ६. | राजकुमार सिकारमा जान्छन् र बाघसँग भेट हुन्छ | दाताको कार्य | $\text{Ŧ}^{\text{ज्ञ}}$ |
| ७. | राजकुमार राक्षसको आगो लिन जाँदा राजकुमार र राक्षसको बीचमा युद्ध हुनु र राक्षसलाई दरबारमा ल्याएर थुन्नु | मल्ल युद्ध दण्ड | $\text{ज}^{\text{ज्ञ}}\text{र}$ |
| ८. | राजकुमारी र राक्षस मिलेर राजकुमारलाई सिकार खेल्न पठाउनु र दुबै मिलेर दरबारमा मोज गर्नु | कुकर्ममा साझेदारी | Θ |
| ९. | राजकुमारलाई मार्ने योजना बनाउनु | छलकपट | $\text{ल}^{\text{घ}}$ |
| १०. | बाघको दूध र नागको फिंज चाहिन्छ भन्ने बहाना गर्नु | कठिन कार्य सुम्पनु | : |
| ११. | राजकुमारलाई मारेर मुटु कलेजो टपरीमा राखेर नदीमा बगाउनु | खलत्व | $\text{ब}^{\text{ज्ञद्ध}}$ |
| १२. | अर्को देशको राजकुमारीले टपरी पाउनु र आफ्नो पितालाई बोलाउनु | दाताको प्रथम कार्य | Ŧ |

| | | | |
|---|---|---|---|
| १३. | राजकुमारले नयाँ रूप प्राप्त गर्नु | रूपान्तरण | ट |
| १४. | नयाँ देशका राजा र राजकुमारीले राजकुमारलाई लाश जलाउन दिनु | मध्यस्थता गर्नु | द्य |
| १५. | राजकुमार आफ्नो लाश जलाउन राजा र राजकुमारीसँग बिदा लिएर जानु | प्रस्थान | ↓ |
| १६. | पालेपहरा र कुकुरको सहयोगमा राजकुमारले आफ्नो लाश जलाएर फर्कनु | दाताको प्रथम कार्य | म |
| १७. | राजकुमारी र राक्षसलाई खाल्डोमा पुर्नु र फर्कनु | समाधान | ल |
| १८. | राजकुमारलाई नयाँ राज्य प्राप्त हुनु र आनन्दले शासन गरेर रहनु | विजय | ६ |

बीजाक्षर :- ब ल च्क3 Θ म ज्ञ ज ज्ञ ग Θ ल घ : ब ज्ञद्ध म ट द्य म ल ध↓

## ४. ऋणको भारी

| क.सं. | मूलकथाको सार | परिभाषा | बीजाक्षर |
|---|---|---|---|
| १. | रामपुरका मगर र बाहुनका बीचमा परिचय | परिचय | ब |
| २. | मगरले आधा ऋणमात्र तिर्नु र मर्नु , बाहुन बसाई सरेर शहर तर्फ जानु | अनुपस्थिति | द्य |
| ३. | बूढा मगर मरेपछि मगर पुत्र बाबुको श्राद्ध गर्न काठमाडौंको गोकर्ण जानु हिंड्नु | प्रस्थान | ↑ |
| ४. | उही बाहुनको घरमा ती दुबै मगर दाजुभाईको बास हुनु | अज्ञात आगमन | इ |
| ५. | पिसाब फेर्न जाँदा कुकु र वनि सँग जानु र छोरा हो भनी सम्बोधन गर्नु र ऋण तिर्न अनि आफूलाई उद्धार गर्न आग्रह गर्नु | अभिज्ञान | त्त |
| ६. | मगरहरूले बाहुन बाहुनीलाई कुकुरले भनेको कुरा ठीक हो कि होइन भनेर सोध्नु र बाहुनले तमसुक झिक्नु | भेदज्ञान प्राप्ति | क्घ |
| ७. | बाहुनले तमसुक देखाउनु र ऋणको दोब्बर मात्र रकम लिएर तमासुक च्यात्नु | सहयोगीद्वारा सहयोग प्राप्त भइ समस्या समाधान हुनु | म्ल |

बीजाक्षर ब द्य ↑ इ त्त क्घ म्ल

## ५. सोह्र सिङ्गे भैंसीको कथा

| क.सं. | मूलकथाको सार | परिभाषा | वीजाक्षर |
|---|---|---|---|
| १. | दिदी र भाइको परिचय | परिचय | ब |
| २. | भाइलाई दाउरा खोज्न लगाएर दिदीले रोटी पकाउन लागिन् र भाइलाई रोटी खान दिइनन् | प्रतिबन्ध | थ |
| ३. | भैंसीले पाडापाडीको स्याहा र गर भनेर भाईलाई त्यही राख्नु | दाताको प्रथम कार्य | म |
| ४. | एकदिन राजाको सिकारी सिपाही त्यही आइपुग्नु र ती युवकलाई पनि उनीहरूसँगै लान खोज्नु | खलत्व | ठज्ञ |
| ५. | युवकले नमान्नु र म पछि भैंसीहरूसँग सल्लाह गरेर बस्छु भन्नु | प्रतिक्रिया आरम्भ | ऋ |
| ६. | भैसीहरूले केही अफठ्यारो परेमा मुरली बजाउनु भनी ती बालकलाई मुरली दिनु | जादुको वस्तु प्राप्त गर्नु | ँ |
| ७. | एकदिन ती युवकले अकस्मात् कस्तो बज्दो रहेछ भनेर बजाएर हेर्नु | भेदजान्ने कोशिस गर्नु | भ |
| ८. | सोहसिङ्गे भैंसीहरू जम्मा हुनु र युवकलाई गालीगर्नु र फेरी अफठ्यारो पर्दा मात्र बजाउन भनी सबै चर्न जानु | दाताको प्रथम कार्य | मठ |
| ९. | युवकलाई आपत पर्नु, सिकारीहरूले लैजानु र मुरली पटक पटक बजाउनु र धेरैपटक बजाएपछि सोह्रसिङ्गे भैंसीहरू आउनु | जादुको वस्तु प्राप्त गर्नु सहयोगका लागि आह्वान | ँज्ञ, द्यज्ञ |
| १०. | केही समयपछि युवककी दिदी आउनु र भैसीहरूले हानेर घाइते बनाउनु | नायकको प्रतिक्रिया | भ |

| | | | |
|---|---|---|---|
| ११. | घाइते दिदीलाई स्याहार सुसार गर्नु तर बचाउन नसक्नु | सहयोगीद्वारा सहयोग र दण्ड | म्रग |
| १२. | युवक भैंसीहरू, पाडापाडी मिलेर बस्नु | समाधान | ल |

बीजाक्षर : ब थ म ब ऋ भ ब द्य भ म ग ल

# ६. मुसा र मानिस

| क्र.सं. | मूलकथाको सार | परिभाषा | बीजाक्षर |
|---|---|---|---|
| १. | बूढो, बूढाका श्रीमतीहरू र छोराछोरीको परिचय | परिचय | ब |
| २. | खेतीपाती सबै जेठीका छोराहरूलाई दिनु र मुसालाई अंश निषेध गर्नु | प्रतिबन्ध | ष |
| ३. | जेठीका सन्तानले खेतीपाती गर्दा कान्छीका सन्तान मुसाले पनि वनका रूखहरूको जरा काटी लौका रोप्नु | प्रतिक्रिया आरम्भ पिछा गर्नु | ऋरएच |
| ४. | बाली लगाउने पट्टीमा भूसमात्र फल्नु र लौका लगाएका मुसाका लौकाभरी चामलै चामल हुनु | आधारहीन दाबी | ी |
| ५. | जेठीका छोराहरूको विवाह हुनु तर मुसाको नहुनु | विवाह | ε |
| ६. | राजाकी छोरी विवाह गर्न आएको राजालाई भेट्न देउ भन्नु | अज्ञात आगमन | इ |
| ७. | राजासँग भेट गर्नु र विवाहको कुरा गर्नु | आधारहीन दाबी | ी |
| ८. | राजाले सबै जना छोरीहरूलाई मुसासँग विवाहका लागि सोध्नु तर नमान्नु कान्छीले विवाह गर्न मान्नु र विवाह हुनु | दाताको प्रथम कार्य | म |
| ९. | बेहुला मुसा जुनारको रूखमा चढ्नु र जन्तीलाई फेदमा आगो लगाउन भन्नु र सबै डराउनु तर एकले आगोले लगाउँदा मुसा नवयुवकमा परिणत हुनु | रूपान्तर | [illegible] |
| १०. | मुसा रूपको बेहुलाले राजकुमारीको परीक्षा लिनु | नायकको प्रतिक्रिया | [illegible] |

| | | | |
|---|---|---|---|
| ११. | सबै खुशी भएर नवयुवक र राजकुमारी लिएर फर्कनु र हाँसो उठ्नु | चमत्कार | ँ |
| १२. | छोरी ज्वाईंलाई राजाले आधार राज्य दिएर राख्नु | विवाह/विजय | ६ |

बीजाक्षर :- ब थ अ एच ी ६ इ ी म ट ँ भ ँ ६

## ७. दाजु र भाइको कथा

| क.सं. | मूलकथाको सार | परिभाषा | बीजाक्षर |
|---|---|---|---|
| १. | दाजुभाईको परिचय | परिचय | ब |
| २. | सबै खेतालालाई खाजा दिनु तर दाजुभाउजुलाई नदिनु | छलकपट | ल |
| ३. | श्रीमतीले रोपेको धान उखेल्न लाग्दा भगवान् उपस्थित हुनु | खलत्व | ब |
| ४. | सिंह, स्याल देख्नु र नजिकै कोदालीले खाल्टो खनेर लुक्नु | मुक्ति | च्क$^{घ}$ |
| ५. | सिंह, स्याल र सर्पको कुरा मानिसले सुन्नु | भेदज्ञान प्राप्त गर्नु | क$^{घ}$ |
| ६. | त्यही समयमा मानिस नागको मणि टिपेर भाग्नु | जादुको वस्तु प्राप्त गर्नु | ङ |
| ७. | कसैले राख्न नमान्नु र एउटा छोराछोरी नभएको मानिसले ढुकुटीमा राखेर चाहिएजति लैजानु भन्नु | दुर्भाग्यको अन्त्य | ट |
| ८. | सूर्यको बिरामी श्रीमतीलाई ठीक पार्न सक्छु भनी सूर्यको घरमा जानु | नायक स्थानान्तरण | न |
| ९. | सूर्यको भऱ्याङमुनि खन्नु, एउटा हाड भेट्टाउनु र सूर्यपत्नीलाई ठीक हुनु | समाधान | ल |
| १०. | राजासँग पाँचसय फौज माग्नु र राजाले दिनु | सहयोगीद्वारा सहयोग | म |
| ११. | पाँचसय फौजले सिंह र मुसाकहाँबाट धन जम्मा गर्नु | मध्यस्थता | द्य |
| १२. | सम्पत्ति कति भयो भनेर भाइकहाँ | छलकपट | ल |

| | | | |
|---|---|---|---|
| | पाथी माग्न जानु र बुहारीले पायीमा लिसो टाँसेर पठाउनु | | |
| १३. | भाइलाई श्रीमतीले कराउनु र दाजुकहाँ सम्पत्ति कहाँ सम्पत्ति कमाउने उपाय सोध्न जानु | प्रस्थान | ↑ |
| १४. | भाइ दाजुले भनेको ठाउँमा जानु र सबैले सम्पत्ति चोरिएको बताउनु | छलकपट | ल |
| १५. | सबैले स्याललाई हेर्न पठाउनु र स्यालले मानिसलाई भेट्टाउनु र सिंहले झिरिप्प पारेर खानु | भेद खुल्नु, दण्ड | भ्थ, म |
| १६. | सबै सम्पत्ति दाजु भाउजुको हुनु | समाधान | ल |

बीजाक्षर : - ब ल ब प्क[घ] क[घ ७ड] ए[ट] न ल म ल ल भ्थ ↑ म ल

## ८. कर्मको फल

| क.सं. | मूलकथाको सार | परिभाषा | बीजाक्षर |
|---|---|---|---|
| १. | पण्डित परिवारको परिचय | परिचय | ब |
| २. | पण्डितको छोराको परीक्षा नजिकै आउनु र घरबाट गोठमा गएर पढ्न बस्नु | प्रस्थान | ↑ |
| ३. | महात्माहरू भजन सकेर फर्कंदा ती युवकलाई देख्नु र समातेर "श्री कृष्ण सद्चितानन्द परब्रह्म परमात्मा" भन्न लगाउनु | दाताको प्रथम कार्य | म |
| ४. | करले भनेको भए पनि बालक परीक्षामा सफल हुनु र जिल्लाको हाकिम हुनु | विजय | क्ष्द्ध |
| ५. | लामो समयपछि ती हाकिमको मृत्यु हुनु र मृतात्मा यमराज र चित्रगुप्तकहाँ पुग्नु | मध्यस्थता गर्नु रूपानान्तर | द्यद्द त |
| ६. | अरूको करले...... परमात्मा भनेको कुराको फल कतिदिने भनेर (निर्णय) नियम नवाइनु र ब्रह्माकहाँ पठाउनु | स्थानान्तर | न |
| ७. | श्री कृष्णले यो आत्मा बाहेक सबै आफ्ना काममा फर्कने आदेश दिनु र आत्मा त्यही कृष्णलोकमा रहनु | समाधान | ल |
| ८. | त्यो आत्मा श्रीकृष्णको सेवामा रहनु | विजय | ६ |

बीजाक्षर :- ब ↑ म क्ष्द्ध द्यद्द त न द्य ल ६

## ९. बुद्धिको खेल

| क.सं. | मूलकथाको सार | परिभाषा | बीजाक्षर |
|---|---|---|---|
| १. | श्रीमान् श्रीमतीको परिचय | परिचय | ब |
| २. | श्रीमान् श्रीमतीका बीच मनमुटाव हुनुस श्रीमतीले खाना लुकाएर खानु | छलकपट | η |
| ३. | उखुजस्तो सर्व दुईमानाको रोटी जस्तो कानभएको जाबो दुईमाना सिलाम र चामलजस्तो सर्ष देखें भन्नु | छलकपट | ηद्द |
| ४. | भात एक्ले खाएको देखेर यो राक्षस रहिछ, लुकाएर यति सम्म गर्न सक्ने भनेर ढुङ्गाले हानेर श्रीमतीलाई मार्नु र खाल्टामा पुर्नु | खलत्व | ƃ |
| ५. | घरमा आएर ठूलो स्वरले बोलाउनु र गाउँलेलाई श्रीमती हराई भनेर विश्वास दिलाउनु | छलकपट | η |
| ६. | बेलुका लास खाल्डोबाट भिकेर आफ्नै ढोकामा भुण्ड्याउनु र आफै मरेकी भनेर गाउँलेलाई विश्वास दिलाउनु र कानुनको दण्डबाट बच्नु | हत्या गर्नु | ƃज्ञद्ध |
| ७. | श्रीमतीको अभाव महसुस हुनु | अभाव | बज्ञ |
| ९. | श्रीमती खोज्न जाँदा केही काम नगर्ने आमाका जुम्रा छोरीर छोराका जुम्रा आमाले हेरेको घरमा पुगेर बास माग्नु | भेद जिज्ञासा | ⊬ |
| १०. | श्रीमती र छोरी केही काम नगर्ने अनि श्रीमान्लाई सबै काम अऱ्हाउने | आदेश र निर्देशनको पालना गर्नु | डद्द |
| ११. | पाहुनाले यो सबै देखेर पनि छोरी माग्नु | प्रतिक्रिया आरम्भ | ॠ |
| १२. | बाबुले टीकाटाला गरेर छोरीज्वाईं घर | विवाह | ꞓ |

| | | | |
|---|---|---|---|
| | पठाउनु | | |
| १३. | तँ नहुँदा यिनीहरूले भात पकाउँथे, यी सबैको हालत देखिस् अब भात नपकाए तेरो हालत पनि यस्तै हुनेछ भनेर श्रीमतीलाई तर्साउनु | नरभक्षणका लागि धम्की दिनु | ढञठ |
| १४. | ती श्रमिती जाँगरिया हुनु र चौरासी थोक खाना तयार बनाउनु | दाताको कार्य | Ŧ |
| १५. | छोरीको घरमा बुबा जानु र छोरीले मिठो मिठो खाना खान दिनु र बाबुले ज्वाइँसँग यी सबै जान्न खोज्नु | भेद जिज्ञासा | ⊭ |
| १६. | ज्वाईंले ससुरालाई १० धार्नीको खसी, एउटा कुखुराको भाले र परेवा ठीक पार्नुहोस् भनी अऱ्हाउनु र ससुराली जानु | प्रस्थान | ↑ |
| १७. | दस धानीको खसी आँगनमा भाले अँगेनामा र परेवा दलानमा काटेछन् | हत्यागर्नु | ढञ्द |
| १८. | ससुराले औषधी भयो त भन्दा ज्वाईंले आँगनको १ धार्नी, दलानको एक धार्नी र अँगेनाको १ गरी ३ धार्नी भारी मुछेर डल्ला पार्न लगाउनु | आदेश वा निर्देशन | थ्इ |
| १९. | आँगनको र दलानको माटो डल्लो पर्नु तर अँगेनाको माटो डल्लो नपर्नुको कारण ससुराले ज्वाईंलाई सोध्नु | भेद जिज्ञासा | ⊭ |
| २०. | हाम्री सासु अँगेनाकी माटो हुन् र तपाईंकी छोरी आँगनकी माटो अर्थात् काँचो माटो सरह हुन् भनी ससुरालाई बताउनु | भेदप्राप्ति | ⊭ |

बीजाक्षर : ब η η^इ ब η ढ^ञ्द ब^ञ ⊭ ड^इ ऋ ६ ढ^ञठ Ŧ ⊭ ढ^ञ्द थ्इ↑ ⊭ क

# १०.लोभी जोगी

| क्र.सं. | मूलकथाको सार | परिभाषा | बीजाक्षर |
|---|---|---|---|
| १. | नदी जोगीको आश्रम र वनको जानकारी | परिचय | ब |
| २. | एकदिन गाउँका महाजन छोरीको विवाह सम्बन्धमा हेराउन जानु | प्रस्थान | ↑ |
| ३.. | सबैको आउँथ्यो तपाईंकी छोरीको आएन, योगबाट अब एकपटक छोरीलाई हेरेपछि आउँछ भनी योगी घरैमा जानु | छलकपट | η |
| ४. | ती सुन्दरी कन्यालाई देखेपछि योगी रुन कराउन थाल्नु र केही नबोल्नु | छलकपठ | ηद्द |
| ५. | यी कन्यालाई घरमा राख्न हुँदैन भन्नु अनि लुगा गहना सहित नदिमा बगाउने सल्लाह दिनु | कुकार्यमा साझेदारी | θ |
| ६. | बाक्सालाई बाटोमा राजकुमारले भेट्नु र कन्यालाई झिकेर भालु हालेर पुनः बगाउनु | अज्ञात अगमन / अज्ञात प्रणय | ʊ3 |
| ७. | राजकुमार र राजकुमारीको भेट अकस्मात् हुनु | दुर्भाग्यको अन्त्य | इ |
| ८. | उनीहरूको विवाह हुनु | विवाह | ε |
| ९. | के कारण यसरी बगेको भनेर राजकुमारले युवतीलाई सोध्न | भेदजिज्ञासा | ⅎ |

| | | | |
|---|---|---|---|
| १०. | युवतीले जोगीको कारणले भनी सम्पूर्ण कथा सुनाउनु र उसले सबै थाहा पाउनु | भेद ज्ञान प्राप्ति | क |
| ११. | उता जोगीले चेलालाई नदीमा बाक्सा आउँछ अनि समाउनु भनी पठाउनु र बाक्सा नखोल्नु भनी अऱ्हाउनु | कठिनकार्य सुम्पनु | : |
| १२. | बाक्सा नखोली गुरुकहाँ लगिदिनु र गुरुले चेलालाई स्याबासी दिनु | नायकको प्रतिक्रिया | ङ्2 |
| १३. | गुरू कहिले रात पर्ला भनेर कुरेर बस्नु राती कोही मानिस मेरो कोठामा कराए पनि ढोका नखोल्नु भनी चेलालाई निर्देशन दिनु | प्रतिबन्ध | ङ्2 |
| १४. | जोगी प्रिय भनेर भालुलाई सम्बोधन गर्दछ र भालुले उसलाई चिथोरेर मार्छ । | आधारहीन दाबी | बज्ञद्ध |
| १५. | भोलिपल्ट ढोका खोलेर हेर्दा गुरू मरेको अवस्थामा र भालु फुत्त बाहिर निस्कनु | भेदज्ञान प्राप्ति | Ś |

बीजाक्षर :- ब ↑ η $\eta^2$ θ ए३इ ६ ⊁ क : ⊁ ङ्2 बज्ञद्ध Ś

# संक्षिप्त बीजाक्षर तालिका

| क्र. सं. | कथाको शीर्षक | ą | ह्म | ष्ट | ड | ε | ζ | η | θ | α | ढ | द्य | ऋ | ↑ | म | भ | ँ | ¬ | ज | ठ | क्ष | ट | ↓ | एच | च्क | इ | ी | : | ल | त्त | भ्थ | त | ग | ६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | चतुर सुवेदीको कथा | ą | | | | | | η<br>$\eta^2$ | | | ढ | | | ↑ | म | भढ | ँ$^2$ | | | | क्षछ | ट | ↓ | | च्क$^2$ | | | : | | | | | | |
| २. | बहादुरेको कथा | ą | | | | | | | | | | | ऋ | ↑ | | | | | जज्ञ | | क्षज्ञ<br>क्षज्ञ<br>क्ष | | | | | | | :<br>:<br>: | | | | | | |
| ३. | स्त्रीको खेल | ą | | | | | | η<br>$\eta^3$ | θ<br>θ | | ढज्ञढ | द्य | | ↑ | म<br>मज्ञ | | | | जज्ञ | | क्ष | | | | च्क$^3$ | | | : | ल | | | | ग | ६ |
| ४. | ऋणको भारी | ą | ह्म | | | | $\zeta^3$ | | θ | | | | | ↑ | म | | | | | | | | | एच | | इ | | | ल | त्त | | | | |
| ५. | सोन्ह सिङ्गे भैसीको कथा | ą | ह्मज्ञ | ष्ट | | ε | | η | | | ढज्ञ<br>ढठ | | ऋ | | म | भ | ँ<br>ँज्ञ | | | | | | | | च्कघ | | | | | | | | ग | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | मुसा र मानिस | a̧ | | ष्ट | | | | | | | | | ऋ | | म | भ$^{\text{ज्ञ}}$ | ७ड | | | | | एट | | एच | | इ | ी<br>ी | | | | | त$^{\text{ज्ञ}}$ | | ६<br>६ |
| ७. | दाजु र भाइको कथा | a̧ | झ | | | | $\zeta^3$ | η<br>η<br>η | | | ढ | | | | म | | ७ड | न | | | | एट<br>प्क$^{\text{घ}}$ | | | | | | | ल<br>ल | | भ्थ | | ग | |
| ८. | कर्मको फल | a̧ | झ$^{\text{ज्ञ,}}$<br>झ | | | | | | | | | द्य$^{\text{द्द}}$ | | ↑ | म | | | न | | ६$^{\text{द्ध}}$ | | | ↓ | | | इ | | | ल | | | त | | ६ |
| ९. | बुद्धिको खेल | a̧<br>a̧$^{\text{ज्ञ}}$ | | ष्ट$^2$ | ड$^2$ | ε<br>ε<br>ε<br>ε | ζ | η<br>$\eta^2$ | θ | α$^{\text{ज्ञ}}$ | ढ<br>ढ$^{\text{ज्ञद्ध}}$<br>ढ$^{\text{ज्ञठ}}$<br>ढ$^{\text{ज्ञद्ध}}$ | | ऋ<br>ऋ | ↑ | म | | | न | | | | | | | | | ी | | ल | | | | | ६ |
| १० | लोभी जोगी | a̧ | | ष्ट$^2$ | | ε<br>ε<br>ε | ζ<br>ζ | η<br>$\eta^2$ | θ | | | | | ↑ | | भ | | | | | | ए3 | | | | इ<br>इ | ी | : | | | | त | | ६ |

निष्कर्ष

यस परिच्छेदमा संरचनावादको परिचय, परिभाषा लगायत यसले प्रभाव पारेका क्षेत्रको समेत छोटो प्रस्तुती भएको छ ।

भ्लादिमिर प्रोपका ३१ प्रकार्यहरूका आधारमा रामेछाप लिल्लामा संङ्कलन गरिएका कथाहरूलाई संरचक घटकका आधारमा विश्लेषण गरी वीजाक्षर समेत प्रयोग गरिएको छ ।

# परिच्छेद - पाँच
# उपसंहार

## ५.१ उपसंहार

यस अध्ययनमा रामेछाप जिल्लाको लोककथाहरूको सङ्कलन वर्गीकरण र विश्लेषण गर्ने प्रयास गरिएको छ । यसरी अध्ययन गर्ने क्रममा न्पाली लोककथालाई संरचनाका आधारमा वश्लेषण गरिएको छ । यसरी अध्ययन गर्ने क्रममा पहिलो परिच्छेदमा शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यका उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधको सीमाङ्कन सामग्री सङ्कलन र विश्लेषण विधि र रूपरेखा दिइएको छ ।

दोस्रो परिच्छेदमा रामेछाप जिल्लाको परिचय, ऐतिहासिक पृष्ठभूमि नामकरण, जिल्लाको भौगोलिक परिचय, नदीनाला, पोखरी र धार्मिक स्थलहरू प्रसिद्ध मन्दिरहरू गुम्बाहरू, रामेछाप जिल्लाको सञ्चार सेवा, रामेछाप जिल्लाको स्वास्थ्य सेवा, रामेछाप जिल्लाको यातायात, रामेछाप उद्योग धन्दा, रामेछाप जिल्लाको सामाजिक-सांस्कृतिक परिचय, रामेछाप जिल्लाको धार्मिक परिचय, जिल्लाको शैक्षिक स्थिति, जिल्लाको साहित्यिक गतिविधि आदि दिइएको छ ।

तेस्रो परिच्छेदमा लोकसाहित्यको परिचयमा लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखानटुक्का, गाँउखाने कथाको परिचय प्रस्तुत गरिएको छ । यसैगरी लोककथाको परिचय, परिभाषा, लोककथासँग सम्बन्ध राख्ने अन्य विधाहरू, लोककथाका तत्त्वहरू लोककथाका विशेषताहरू, लोककथाको वर्गीकरण, लोककथाको सङ्कलन तथा अध्ययन परम्परा आदिको विवरण क्रमशः प्रस्तुत छ । यसरी नै चौंथो परिच्छेदमा संरचनावादको परिचय, संरचनावादको परिभाषा, संरचनावादको अध्ययनका क्षेत्रहरू, संरचनावादी अध्ययनको परम्परा, भ्लादिमिर प्रोपको संरचनावाद, भ्लादिमिर प्रोपद्वारा स्थापित ३१ सूत्र र तिनको विस्तारित सूची, नेपाली लोककथाको संरचनात्मक विश्लेषण अनि सङक्षिप्त तालिका प्रस्तुत गरिएको छ ।

यसैगरी पाँचौं परिच्छेद उपसंहारका रूपमा रहेको छ । यसमा सारांश र निष्कर्ष दिइएको छ । अन्त्यमा नेपाली कथाको पूर्णरूप र सन्दर्भ सूची रहेका छन् ।

## ५.२ निष्कर्ष

भाषिको अध्ययन अनुसार भ्लादिमिर प्रोपले रसियाली परिकथाहरू अध्ययन गर्दा अपनाएका प्रकार्यहरूको प्रयोग गरेर नेपाली कथाको अध्ययन गर्ने प्रयास गरिएको छ । उनले आफ्ना कथामा संरचनावादी पद्धतिको प्रयोग गरेका छन् र हामीले लोककथामा पनि यही पद्धति लागू गर्न सकिन्छ कि भनेर प्रयास गऱ्यौं ; प्रयोग गर्दा पूर्णरूपमा लागू भएको देखिन्छ ।

रामेछापका लोककथामा पनि प्रोपकका सिद्धान्तहरू प्रयोग गरेर हेर्ने प्रयास गरिएको छ । प्रोपको संरचनात्मक पद्धति यी कथाहरूमा पूर्ण रूपमा लागू भएको देखिन्छ ।

## ५.३ भावि अनुसन्धानका निम्ति सुझाव

क) रामेछापका लोककथाहरूको तुलनात्मक अध्ययन

ख) उखानटुक्काको सङ्कलन, वर्गीकरण र विश्लेषण

ग) लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण

घ) मगर भाषाका उखानाको अध्ययन, वर्गीकरण र विश्लेषण

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली विषयको छात्र श्रीप्रसाद घिमिरेले त्रि.वि.वि. स्नातकोत्तर तहमा नेपाली विषयको दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **“रामेछाप जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण”** शीर्षकको शोधपत्र उचित ठहरिएकोले स्वीकृत भयो ।

मिति : २०६४/ /

शोधपत्र मूल्याङ्कन समिति

विभागिय प्रमुख - प्रा.डा. घनश्याम कडेल

शोध निर्देशक - सह प्रा. मोतीलाल पराजुली

बाह्य विशेषज्ञ -

# शोध निर्देशकको सिफारिस

**“रामेछाप जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण”** शीर्षकको प्रस्तुत शोधपत्र श्रीप्रसाद घिमिरेले मेरो निर्देशनमा तयार पार्नुभएको हो । क्षेत्रकार्यबाट सङ्कलित लोककथाहरूलाई लोककथा सैद्धान्तिक मापदण्डका आधारमा विश्लेषण गरिएको प्रस्तुत शोधपत्र वैज्ञानिक एवम् पूर्ण छ । यस कार्यबाट म पूर्ण सन्तुष्ट छु र मूल्याङ्कनका पूर्वप्रक्रियाहरू अगाडी बढाउन सिफारिस गर्दछु ।

दिनाङ्क :

शोध निर्देशक

...................................

डा. मोतीलाल पराजुली<br>सह प्राध्यापक<br>नेपाली केन्द्रिय विभाग<br>कीर्तिपुर, काठमाडौं ।

# सन्दर्भ ग्रन्थ


१. कोइराला, शम्भुप्रसाद, *लोकसाहित्यः सिद्धान्त र विश्लेषण,* विराटनगर : धरणी पुरस्कार प्रतिष्ठान, प्रथम संस्करण, २०५५

२. *इन्साइक्लोपीडिया ब्रिटानिका*- भाग चार

३. पराजुली, डा. मोतिलाल, *नेपाली लोकगाथा,* पोखाराः तारादेवी पराजुली- २०४९ ।

४. दिवस तुल्सी, *नेपाली लोककथा : केही अध्ययन,* काठमाडौं, ने.रा.प्र.प्र. २०६२

५. गौतम, सुवेदी, धरणी र राजेन्द्र, *मेची अञ्चलका लोककथाको सङ्कलन वर्गीकरण र विश्लेषण,* प्रतिवेदन लेख -इलाम (२०३८)

६. घिमिरे कपिला (सम्पा), *मधुपर्क,* वर्ष ३५, अङ्क- ४, लोककथा अङ्क काठमाडौं :२०४९

७. बन्धू चूडामणि, *नेपाली लोकसाहित्य,* काठमाडौं एकताबुक्स

८. थापा, सुवेदी, धर्मराज र हंसपुरे, *नेपाली लोकसाहित्यको विवेचना,* काठमाडौंः पा.पा.नि.वि.के.त्रि.वि.२०४१)

९. *रामेछाप जिल्ला पाश्वचित्र* - २०६१

१०. *रामेछाप आवाज*- क.मि.के. २०६३, रामेछाप

११. भट्टराई, अनितादेवी, *पाँचथर जिल्लाका लोककथा सङ्लन, वर्गीकरण र विश्लेषण,* अप्रकाशित शोध

१२. पराजुली, कृष्णप्रसाद, *नेपाली लोकगीतको आलोक,* काठमाडौं : वीणा प्रकाशन, २०५७

१३. लुइटेल खगेन्द्र, *कविताको संरचनात्मक विश्लेषण* काठमाडौं : विद्यार्थी पुस्तक, भोटाहिटी, २०६१

१४. पराजुली मोतिलाल, सोरठी नृत्यनाटिका- काठमाडौं : दीक्षान्त पुस्तक भण्डार, २०६३

१५. त्रिपाठी वासुदेव (सम्पा) *नेपाली वृहत्शब्द कोश,* काठमाडौं : ने.रा.प्र.प्र.छै.सं.-२०६०

१६. त्रिपाठी वासुदेव, *पश्चिमी साहित्यका वादहरू*- साझा प्रकाशन (दो.सं)

१७. लुइटेल खगेन्द्र; *पूर्वीय तथा पश्चिमी साहित्य सिद्धान्त*- २०६१

१८. *जनपुष्प साप्ताहिक,* वर्ष १ अङ्क ९, कात्तिक २६ (२०६३)

# परिशिष्ट

## १. चतुर सुवेदीको कथा

रामेछाप जिल्लाको चिसापानी गाउँका घिमिरेहरू पहिलादेखि शूरा र चतुरा थिए । उनीहरूको खेतबारी जवदे भन्ने ठाउँमा थियो । घरका नोकर चाकरलाई गाई, भैंसीको काम लगाउने अनि खेतीपातीको काम लगाउने चलन थियो भने आफ्ना छोराहरूलाई बेद रूदी, अमरशको, रघुवंश, पुराण पढाउने चलन थियो । उनीहरू छोरालाई पढाए पनि छोरीलाई चाहि खेती पाती र घरको धन्दामा लगाउँथे अनि सानैमा विवाह गरेर पठाउँथे ।

एक समयमा जवदेको सिरानमा थुमाले गैह्रामा सबैका गोठ थिए । नोकरचाकर बस्ने मालिकहरू घरबाट निर्देशन दिन्थे, सोहीअनुसार काम हुन्थ्यो । क्रमशः चलेको व्यवहारमा परिवर्तन देखियो । घामको ओजेल पारि नपुग्दै त्यस वस्तीमा गोठालाहरूलाई जिस्काउन भूत आउन थाल्यो । गोठालाले गाई हकारे ऊ पनि हकार्ने, दूध दोएमा ऊ पनि दुहुने र भात पकाउँदा सोही गर्ने गर्दथ्यो ।

यसरी भूतले हैरान पारेर सबैले दिक्क मानेका थिए । गोठालाहरू सुतेका सुत्यै भए लैना गाई भैंसीका बाछा पाडा दूध खान नपाएर मर्न थाले, लैना वस्तु दूध नदिने भए । सारा गोठहरूमा हाहाकार मच्चियो । कोही वेसीमा बस्न नसक्ने भयो, बसेका सबै सुतेका सुत्यै भए । मालिकहरू पनि चिन्तित थिए, सबैको एउटै प्रश्न थियो अब के हुन आट्यो ?

यस्तैमा सुबेली निक्लिई । उसका सन्तानहरू सबै त्यही भूतले स्वाहा पारेका कारण ऊ त्यसको बदला लिने सुरमा थिई । ऊ कार्तिक-मंसिरको महिनामा एक दिन त्यो सबै बुझ्न व्यसीमा झरेकी थिई । डाडाँको गोठबाट उसले बुडेलबुटीको दह हरियो र व्यासीमा डाँडाका छाँया परेको देख्दा उसको मनमा आयो यस्ता डाँडा त पोखरीमा छायाँ बनेर बसेका छन् । यो भूतलाई पनि पोखरीमा हाल्न पाए त सबै हाँसेर बाँच्न पाउने थिए ।

यो सोचाइ लिएर ऊ घर फर्किई फर्कदा उसले बाटोमा सल्लाको खोटो देखेकी थिई । घरमा आएर घर मालिकलाई भनी र एउटा टपरी र एउटा ठूलो ओदान लिएर ऊ अर्को दिन व्यासी झरी । डोकामा तेलको ठेकी, खाजा, सामल लिएर ऊ साहसका साथ झरेकी थिइ अरू सबै डराइरहेका थिए । झर्दा बाटोहुँदी वनबाट एक टपरी सल्लाको खोटो पनि ल्याई ।

ऊ व्यासी झर्दा टपरीमा वनबाट एक टपरी सल्लाको खोटो लिएर झरी र त्यही अघिल्लो दिन रमाइलो दृश्य हेरेको गोठमा बसी । सतिबेरका सुकेका दाउरा (मूढा) बालेर वीचमा ओदान राखेर भात पकाई, भूतले पनि बाहिर देखिने ठाउँमा त्यसै गर्न थाल्यो । खानपिन सकेर सुवेलीले जीउमा तेल लगाउन थाली । भूतले पनि तेल दे न सुवेली भनी चिच्यायो । सुवेलीले पनि त्यही खोटाको टपरी बाहिर दिई । सुवेली टाउकोमा खूब बेसरी दल्दथी, उसले पनि टाउकोमा जोड तोडकासाथ सल्लाको खोटो दल्यो । सुवेलीलले उसले देख्नेगरी टाउकामा रातो पगरी बाँधेर रमाउँदै थिइ त्यही समयमा बाहिरबाट भूतले पगरी माग्यो । यही मौका पारेर सुवेलीले अगिदेखि तातेको रातो भएको ओदान काठले उठाएर उसको टाउकोमा हालीदिई । यो ओदान पर्नासाथ भूतको टाउको जल्न थाल्यो । अनि छोडें सुवेली छोडें भन्दै त्यही बुडेलबुटीको दहमा हामफाल्यो र समस्याको समाधान सुवेलीको बुद्धिले भएको कथा छ । त्यो त्यसपछि सबै साझा भएको कारण बुडेलबुटी रहन गएको छ ।

श्रोत - बेदमाया घिमिरे चिसापानी - ७ वर्ष ५२

हाल स्व. होम नाथ घिमिरे चिसापानी -७ वर्ष ८५

## २. बहादुरेको कथा

कुनै समयमा सुदारपानीकाबहादुरे कार्की राजाका अङ्गरक्षक थिए । राजा पनि रमाइला र खेलप्रेमी थिए । एक पटक नेपालका राजा र भारतको सरकारका बीचमा नेपाली र भारतीय पहलमान एक-आपसमा जुधाएर खेल हेर्ने सम्झौता भएछ, सोहीअनुसार नेपाली राजा अङ्गरक्षक बहादुरे कार्की लगायतका पहलमानीमा छानीएका व्यक्तिहरू भारतमा पहलमानी खेल्न गएछन् । भारतीय खेलाडी बलिया, तालिम प्राप्त थिए तर नेपाली भने त्यति पूर्ण तालिम नपाएका साधारण थिए ।

खेल सुरूहुने समयमा सबैजना वरिपरि मञ्चमा बसेर खेल हेरिरहेका थिए । भारतीय पहलमानको अगाडि नेपाली पहलमानहरू धेरैबेर टिक्न सकेनन् । नेपाली पक्षको हार भयो यो खेल हेरिरहेका पातला, ख्याउटे बहादुरे कार्कीलाई पनि एक पटक मैदानमा उत्रन मन लाग्यो । उसले राजालाई बिन्ती बिसायो - सरकार ! हाम्रो पक्षको हार भयो, एकपटक सरकारबाट हुकुम भए म यी जित्ने पहलमानसँग एकपटक खेल्ने थिएँ सरकार । यति सुनेका र खेल हेरेका राजाले हाँसेर भने - बहादुर तिमी पातला छौ तर भारतीय पहलमान बलिया छन् । हाम्रा छानिएका पहलमाहरूको हालत त देखिहाल्या । अब रहर नगर भने तर बहादुरेले जिद्दी गरयो र अन्त्यमा खेल्न पाउने भयो । ऊ भारतीय दुईजना बहादुर पहलमानसँग खेल्न मैदानमा गयो । सबैजना हाँसेका छन्, कहाँका भारतीय पहलमान कहाँको नेपाली बहादुरे ठिटो ।

खेल सुरू भयो । भारतीयले बहादुरेलाई हात नलगाई टाउकाले फाल्ने बिचारले बहादुरेको टाँगामुनि टाउको के हालेको मात्र थियो, बहादुरेले दुईटा घुँडाको बलले टाउको नै किचिक्क पारिदियो । एउटा भारतीय पहलमान हेर्दाहेर्दै खत्तम भयो । टाउको फुट्यो गिद्दी निक्लियो । हेर्ने सबैजना चकित भए । बहादुरेको बुद्धिलाई सबैले स्वागत गरे ।

साथीको हालत देखेको अर्को भारतीय पहलमान रिसायो अनि बहादुरेलाई तलपारेर आफ्नो शरीरले थिचेर मार्छु भन्ने सुरले अगाडि बढेको थियो । पातला अग्ला नेपाली बहादुरे कार्कीले उसको पछाडिबाट दुबैकुममा समाउने मौका पाएछन् । समाएपछि उनले त्यस पहलमानलाई एकपटक उचालेर थेचारेछन् । थेचार्दा यति बलियोसँग उनले बजारे कि त्यस पहलमाको पछाडिको सारा शरीरका हाडहरू पनि भाँचिएर थेप्चिन पुगेछन् । एक पटक फेरि हाँसो त छायो

तर भर्खरै जितेका दुवै बहादुर पहलमान हेर्दा हेर्दै स्वाहा भए । यसरी नेपाली बहादुरे कार्कीलाई राजाबाट पहलमान कार्की नाम दिइएको थियो ।

खेल सकिएपछि अर्को सालको खेल चाहि नेपालमा हुने गरि खेलको समापन गरेर नेपाली टोली नेपाल फर्केको थियो ।

अर्को वर्ष नेपालमा खेल-खेल्न भारतीय टोली एक दिन अगाडि नै नेपाल आएको थियो । नेपालको टूडिखेलमा पाल हालेर उताकालाई पूर्वमुखे र नेपाली पहलमानहरूलाई पश्चिममुखे पारेर सामुन्ने राखिएको थियो । पालहालेर यसरी राखिएका खेलाडीलाई नेपाल सरकारले काटमार गर्ने हतियार नदिई एउटा खसी, दुवै टोलीलाई अनि भुटुनको लागि तोरीका गेडा, चामलको लागि धानको बोरा नै दिइएको थियो । अब उताका पहलमाहरू छक्क परेछन् । बहादुरे कार्कीले चाहि हातमा थुक लगाएछ अनि माटो दलेर खसीको सिङमा समाएर एउटा हात जीउमा लगेर अलिकता मुन्टो घुमाएछ, खसी त चट् टाउको छिनेको अवस्थामा पुऱ्यायो । भारतीय छक्क परे । बहादुरेले अर्को साथीलाई पानी बसाल भन्यो र तातोपानीमा त्यो खसी हालेर एकैछिनमा सफा बनायो । साप्रा चुडेर थुप्रो लगायो जीउमा औंलाको सहायताले प्वाल पारेर आंद्रा भूडी सफा पाऱ्यो अनि चुडाएका साँप्रा आगामा सेकायो । बाँकी रहेको जीऊ भाँचेर चुडेर थुपाऱ्यो अनि साथीलाई भाँडो बसाल्न अह्रायो । अर्काले बसाल्यो । बहादुरेले हातमा तोरी लिएर तरर तेल झाऱ्यो, त्यसमा मासु हालेर भुट्न थाल्यो । अर्को भाँडोमा धान हातमा लिदै माडेर चामल भऱ्यो । त्यसपछि अघिको आगामा सेकाएको दुईवटा साप्रा दुवै हातमा लिएर राक्षसी पाराले विपक्षपति हेर्दै मासु लुछ्दै गर्न थाल्यो ।

भोलिपल्ट विहान खेल सुहरूहुने थियो । बेलुका यो कार्य देखेका छिमेकी मित्रहरू रातको समयमा खसी, धान, तोरी सबै छाडेर भागेछन् ।

आजसम्म पनि सुदारपानीको बहादुरे कार्की पहलमान कार्कीको नाम प्रसिद्ध छ । (भोलि लड्ने साथी भनि पनि ऊ सफल पहिले नै भइसकेको थियो । )

फाल्गुन प्रसाद सुवेदी -वर्ष ७७

कठजोर -२

## ३. खेल स्त्रीको

एकादेशमा राजाको छोरा सिकारमा गएका थिए । उनले सिकार खेल्न जाँदा वनमा कहि पानी भेट्टाएनन् । यो के कारणले पानी भएको भनी सोद्धा ज्योतिषले सात पोखरी सात इनार खन्नु अनि पानी पाइन्छ भनी बताएछन् । ज्योतिषकोअनुसार उनले सात पोखरी-सात इनार खनाएछन् तर पानी आएनछ फेरि ज्योतिष कहाँगएर पानी आएन भन्दा अब पानी निकाल्ने हो भने तपाईको कान्छी बुहारी भोग दिनुपर्छ भनेछन् । राजाले पनि सोधेछन् -सारा प्रजाले पानी खान पाउँछन् भने कान्छी बुहारीको भोग दिनुपर्‍यो । बुहारी त अर्कोपटक विवाह गर्न पनि पाइन्छ । यही कुरा ती कान्छी बुहारीले थाहा पाइछन् अनि बेलुका श्रीमान् बाहिरबाट फर्कने समयमा बत्तीसमेत नबालेर रोएर बसिछन् । उनका श्रीमान्ले उनको यो अवस्थाबारे बुझ्दा उनले पिताको योजना बताइन् । यो सुनेर राजकुमारले राजकुमारीलाई त्यहीको सातकोठे भवनमा छोडेको थियो । त्यही नजिकैको कोठामा केही समय पहिले राजकुमारले एउटा राक्षस थुनेर राखेको थियो । (त्यो राक्षसको आगो लिन गएको समयमा राजाको छोरा र राक्षसको बीचमा ठूलो युद्ध भयो । युद्धमा राजकुमारले राक्षरलाई जिते अनि आगोसहित साक्षसलाई ल्याएर त्यही सातकोठा मध्ये एक कोठामा थुनेर राखेका थिए ।) यो कुरा उनकी पत्नीलाई पनि थाहा थिएन ।

एक दिन उनी सिकारमा जाने समयमा श्रीमतीलाई लुगा धुन दिएका थिए, लुगा धुन दिंदा त्यसमा त्यो राक्षस बन्दगरेको कोठाको साँचो छुटेछ । उनकी श्रीमतीले पनि मलाई समेत नदेखाउने यो कोठामा के रहेछ भनी खोलेर हेर्ने चेष्टा गरिन र खोलिन् । खोल्दा राक्षस पो रहेछ उनी आत्तिइन् । राक्षसले उनीलाई भन्यो - मलाई मान, लोग्ने बनाऊ अनि त्यो दिनको सल्लाह उनीहरूको मिल्यो । यो कुरा राजाको छोरालाई थाहा थिएन । भोलिपल्ट ऊ फेरि सिकारमा गयो । राक्षस र राजाकी बुहारी मिलेर राजकुमारलाई मार्ने योजना बनाए अनि ती महिला बिरामी परेको बहाना गर्न लागिन् । राक्षरले भनेको थियो-मलाई बिरामी पर्दा बघिनीको दूध चाहिन्छ भन्नु बाघको दूध लिन जाँदा बाघले त्यसलाई सक्छ अनि बसेर मोज गरौंला । बघिनीको दूध लिएर आए तर उनी मरेनन् । राजकुमार कम्मरमा खुकुरी भिरेर नागको खाजीमा गए । एक ठाउँमा नाग पोखरी नजिक नागहरू चरिरहेका रहेछन् । एउटा ठूलो नागले राजकुमारलाई निल्न लाग्यो । राजकुमारले कम्मरको खुकुरीले नागले जति निल्छ त्यति काटेझै गयो । नागको पुछारमा पुग्दा फिज पनि आयो अनि नाग पनि मर्‍यो । त्यही फिज ल्याएर दिए । त्यसले पनि उनीलाई निको

भएन । अब राक्षस र राजाकी बुहारी भएर ऊ आउने बाटोमा एउटा खाल्टो खने । केही गरी पनि नमर्नेलाई यही खाल्टोमा पारेर मार्नुपर्छ भनेर योजना बनाए । दिनभरि सिकारमा जाने राजकुमार अनि राक्षस र श्रीमती घरमा योजना बनाउने उसलाई थाहा भएन । एक दिन खाल्टोमा पऱ्यो । खाल्टामा परेको राजकुमारलाई राक्षस र जहानले मार्न लागे । यही समयमा राजकुमारले भने मलाई एक पटक बोल्न दिइयोस उनले बोल्न पाए । खाल्टाबाट बोले-मलाई मारेपछि मुटु कलेजो झिकेर नदीमा बगाउनु । उनीहरूलाई झन् सजिलो भयो के खोज्छस् कानो आँखा भनेझैं भयो अनि राजकुमारलाई मारेर मुटुकलेजो नदीमा बगाइदिए । ठहर (टपरीं) मा हालेर बगाएको त्यो मुटु कलेजो अर्को देशका राजाकी छोरीले स्नान गरेको ठाउँमा पुगेछ । समाउन खोज्दा भाग्ने तर बिस्तारै नजिक आउने फेरि समाउन खोज्दा भाग्ने गर्दागर्दै बल्लबल्ल समाएर हेरिछन् । हेरेर बाबुलाई देखाउन हतारहतार बोलाइन् । हेर्दाहेर्दै त्यहाँ सानो केराऊ जत्रो टल्किने बस्तु थियो, त्यही बढेर गुच्चा जत्रो भयो ।पछि मानिस नै भयो । बाबु आइपुगे । मेरी छोरीको विवाह गर्नपर्छ भनेर बाबुले त्यो मानिससँग प्रस्ताव राखे । उसले आइमाईको विश्वास गर्दिन भनेछ तर विवाह गरौला पहिला मेरो लास जलाउन पाऊँ भनेछ । अनि लाश जलाउन विदा लिएर गएछ । ऊ सरासर त्यही सातकोठे दरवारमा पुगेछ, बाहिरबाट आएको मानिसलाई नदेखी उनीहरू ( राजकुमारकी श्रीमती र राक्षस) गाला जोडेर रसरङ्गका कुरामा मस्त थिए । त्यही मौकामा राजकुमारले आफ्नो लाश देख्यो । पालेपहरा कुकुरले रुँघेका त्यो लाशलाई आफ्नो परम्पराअनुसार जलायो अनि ती राक्षस दम्पत्तिलाई त्यही खाडलमा हालेर पुरिदियो र फर्किएर आएर नयाँ राजकुमारीसँग विवाह गऱ्यो । यताका नयाँ ससुराले उनलाई आधा राज्य दिए । उनको त्यो सात कोठाको राज्यसमेत कसैले आफ्नो नयाँ राज्यमा मिलाएर शान्तिपूर्ण रूपमा राज्य गरेर आनन्दले दिन विताउन थाले ।

लोक ब. श्रेष्ठ वर्ष ७१

रामपुर -३ (सल्लेनी डाँडा)

## ४. ऋणको भारी

रामपुरमा कुनै समयमा बाहुन र मगर छिमेकी थिए । एकपटक छिमेकीले सहयोग गर्ने क्रममा बाहुनले मगरलाई ६० रूपैया ऋण दिएछन् । मगरले पनि त्यो ऋण तिर्न एकै पटक नसकेर केही समय पछि ३० हरूपैया तिरेछन् र बाँकी ३० हरूपैयाको घरसारको कागत गरेछन् ।

केही समयपछि बाहुन बसाईं सरेछन् । चलाख बाजे काठमाण्डौं सहरको नजिकै जग्गा किनेर बसेछन् । घरमा जङलीकुकुर पालेका रहेछन्, दिन चर्या राम्रोसँग बितेको थियो, बाहुनी घरको परिपाठमा सिपालु थिइन् ।

यता आसामी मगर मऱ्यो । ऋण तिर्नलाई बाहुन बसाइ गएका उसले कसलाई बुझाउने ? लाई अन्योलमा थियो तर छोराहरूलाई चाहि भनेको थियो । मैले यसरी बाहुनको ऋण लिएको थिएं तर साहु बसाइँ गएका कारण तिर्न सकेको छैन । बूढा मरेपछि बुढाका दुईभाइ छोराहरू आफ्नो बाबुको तिथि पारेर पशुपतिमा दर्शन गर्ने र सराद्ध पनि गर्ने भनेर घरबाट हिडेछन् । घरबाट हिडेका बटुवा अहिलेको जस्तो यातायातको सुविधा नभएकोले दोस्रो दिन त्यही घरमा बासबस्न पुगेछन् जुन साहु बाहुन थिए । सोझा मगरहरू घरको त्यो जङगली कुकुर देखेर राती दिसापिसाप लाग्ला भनेर केही नखाइकन सुतेछन् । दिनभरि हिडेर गएका थाकेका मगरहरू निदाए । राती एउटा भाइलाई पिसाप लागेछ र अर्कोलाई उठाएछ । दुवै कुकुरको डरले एकछिन त उठ्न पनि सकेनछन् केही नलागेर पिसाप फेर्न जाने भएछन् । कुकुरलाई हामीलाई नटोक हामी पिसाप फेरेर आउँछौ भनेछन् र अलिपर गएर पिसाप फेरे र उनीहरू फर्किन लाग्दा त्यहाँ पुगेको कुकुरले बुझिने आवाजमा बोल्यो र भन्यो - हेर बाबु हो तिमीहरू मेरा छोरा हौ । मैले यो बाहुनको ३० रूपैया ऋण लिएको तिरेको छैन । त्यही भएर म बाहुनको घरमा साङ्लामा बाँधिन परेको छ । त्यो ३० रुपैया मलाई यो साङ्लाबाट छुटाइदेऊ, पछि कुकुले भनेछ । छोराहरू अचम्ममा परेछन् र सल्लाह गरेछन् । बाहुनबाहुनीलाई एकपटक सोध्नुपर्छ यदि कुरा साँचो हो भने तिरेर जानुपर्छ । यही सल्लाह अनुहरूप उनीहरू भोलिपल्ट अबेरसम्म सुतेछन् । बाहुनी उठेर घरआँगन सफा गरिन् तर बटुवा बाटो लाग्ने त उठेका छैनन् । के भयो भनेर सोधिन् ? घर कहाँ हो भनेर सोधिन

? सोध्दा त पहिलेका छिमेकी रहेछन् पत्ता लगाए । बाहुन बाजे उठेपछि सविस्तार बयान गरे अनि बाहुनले पनि विर्सिएका थिए, सम्झिए । सन्दुषबाट पहिलाको तमासुक खोजेर ल्याए अनि मगरले कति लिने बाजे ३० को ६० लिने कि ९० लिने भन्दा बाजेले पनि हाम्रो परम्परामा ऋणको दोव्वरभन्दा बढी लिने चलन छैन त्यसैले जतिवर्ष वीतेको भए पनि दोव्वरमात्र लिने बताए । यो कार्य गरेको पूर्णहरूपले कुकुरले हेरिरहेको थियो । जब मालिकले पैसा समाएर कागत च्यात्न आटेका थिए कुकुरलाई छट्पटिको व्यथा लाग्यो । कागत च्यात्दा त कुकुर पनि मर्‍यो । अनि ती मगरले यो कुकुर हाम्रा बाबुको बदलिएको रूप रहेछ, हामीलाई दिनुहोस्, हामी यसलाई सेलाउँछौ भनेर आफ्नो विधि-विधान अनुसार कार्य गरेर वागमतीमा स्नान गरी घर फर्किएका थिए ।

यसरी बाबुको ऋण छोराले फर्स्याए ।

पहलमान श्रेष्ठ वर्ष ७६

रामपुर -३ (कोलाजोर)

## ५. सोह्र सिङ्गे भैसीको कथा

एकादेशमा दिदी र भाइ बसेका थिए । बाबुआमा नभएका कारण दिदीले भाइलाई बनी गरेर पालेकी थिइन् । एकदिन दिदीले भाइलाई दाउरा खोज्न लगाइन् । उनले पीठोको रोटी पकाउन लागिन् । जति रोटी पकाउँथिन् उनी पाकेको आफैं खान्थिन् अनि भाइलाई पानीखाँदै बाहिर जाऊ भनेर अह्राउँथिन् । रोटी सक्न लागेकी थिइन् । भाइले झगडा गरेर रोटी खान खोज्दा त्यही अन्तिम रोटी फाली दिइन्, त्यो रोटी गुडेर सोह्र सिङ्गेभैसीको किलामा पुगेर अडियो । भाइ पनि रोटीको पछि-पछि त्यही पुगेछ । त्यस समयमा भैसी चर्न गएका थिए । ती भाइ त्यही बसेका थिए । भैसिले पनि हाम्रा पाडा-पाडीको स्याहार गर र हामीसंगै बस भनेछन् र त्यही राखेछन् । त्यो बालक विस्तारै विस्तारै बढ्दै गयो ।

एकदिन राजा माहाराजाका सिकारी सिपाहीहरू त्यही ठाउँमा आइपुगे । युवक राम्रो देखेर सिपाहीहरूले उनीहरूसंगै लाने विचार गरे तर केटाले आज नजाने फेरि आउँदा म सल्लाह गरी राख्छु अनि जानुपरे पनि जाऔंला भनेछन् अनि यो सबैकुरा बेलुका चरेर आएका भैसीलाई सुनाएछन् । कोही लिन आएमा यही मुरली बजाउनु अनि हामी मुरलीको आवाज सुनेपछि जहाँबाट पनि आइपुग्नेछौ भनेर एउटा मुरली दिएछन् तर केटाले कस्तो बज्दो रहेछ भनेर एक दिन बेकसुरमा बजाए । त्यो मुरली बज्दा सोह्रसिङ्गे भैसी अझ पनि सुन्दैन सुइय ठ्याक, सूइय ठ्याक भन्यो । यो आवाज सुनेर सबै भैसी जम्मा भएर किन बजाएको भने-केटाले हाँसेर कस्तो बज्दोरहेछ भनेर बजाएको भन्यो । त्यसपछि सिपाहीहरू लिन आउँदामात्र बजाउनु भनेर फेरि चर्न गए । केही समयपछि सिपाही (शिकारी) उसलाई लिन आए । त्यहाँ भएका धन-दौलत, जाय-जेथा सबै सहित (केटा) युवकलाई पनि लगे । त्यही समयमा उसले मुरली बजायो । तर भैसीले पत्याएनन् । सोह्रसिङ्गे भैसी अझपनि सुन्दैनन् सूइय ठ्याक, सूइय ठ्याक भन्यो । भैसीले सुनेपनि ढांटेर हामीलाई हैरान दिन बजाएको होला भनेर आएनन् । उसले फेरि बजायो यसपटक एक डाँडा काटी दुइ डाँडा लाग्यो सोह्रसिङ्गे भैसी अझपनि सुन्दैन, सूइय ठ्याक सूइय ठ्याक तर पनि भैसी आएनन् । यसैगरी २ डाँडा ३ डाँडा, ४ डाँडा, ५ डाँडा, ६ डाँडा ७ डाँडा काटेपछि पक्का पनि लगेछन् भनेर भैसीहरू आएछन् अनि युवकलाई नदेख्दा खोज्दै लिन गएछन् । लिन गएपछि

सिकारीहरूसँग भैसीहरूको भेट भएछ, सिकारीहरूले डरले युवकलाई ल्याइ दिए अनि सबै धनदौलत पनि फिर्ता भए र आफ्नो ठाउँमा बसेका थिए ।

केही समयपछि युवककी दिदी पनि त्यही ठाउँमा आइपुगिन्। दिदी आएपछि भैसीले यी महिला को हुन् भनेर सोधे ? युवकले पनि पहिला मलाई रोटी खान नदिएर फालदिने दिदी उहाँ नै हो भनेर के चिनाएको मात्र थिए - भैसीले हानदिए । दिदी विरामी परेको अवस्थामा भाइले स्याहार सुसार गरे तर दिदीलाई बचाउन भने सकेनन् । केही समय त दिदीलाई बचाउन नसक्दा परी माने तर मानेर के गर्नु दैवको खेल भनेर मन बुझाए अनि युवक भैसीका दूध र पाडा र पाडीसँग रमाउँदै बसे ।

पहलमा श्रेष्ठ वर्ष -७६

रामपुर -३ कोलन्जोर

## ६. मुसा र मानिस

एकादेशमा एउटा बूढो र दुईवटा श्रीमती थिए । बूढाका श्रीमतीहरू मिलेर बसेका थिए तर अचम्म के थियो भने बुढाका कान्छी श्रीमतीबाट जन्मिएका सन्तानहरू मुसाको रूपमा थिए । अब बुढालाई अप्ठ्यारो परेको थियो । तैपनि खेतीपाती सबै जेठीका छोराहरूलाई दिए । कान्छीका सन्तान मुसा भएका कारण केही दिएनन् । जेठीका छोराले खेतीपाती गर्दा मुसाले पनि वनका रूखको जरा काटेर लौका लगाएका थिए । दुवै पक्षले वाली भित्र्याउने बेला भयो । मानिस पक्षका दाइहरूले वाली भित्रयाउँदा बालीका रूपमा भुस मात्र भयो भने मुसाको लौकामा चामलै चामल मात्र भएको पाइयो ।

केही समयपछि जेठीका छोराहरूले विवाह गरे, रमाइलो मनाए । यो देखेर कान्छीले आफ्ना छोरालाई भनिन् । हेर बाबु हो, तिमीहरूको विवाह हुदैन । जेठीका छोराहरूको विवाह भयो । बुहारीहरू आए काममा सघाउने भए तर तिमीहरूलाई कसले छोरी दिन्छ ? यो सुनेर मुसाले भने आमा म राजाकी छोरीसँग विवाह गर्छु । एकपटक दाजु-भाउजु ससुराली जाँदा उनीहरूले थाहा नपाउने गरी मुसो पनि पछि-पछि लाग्यो । जाँदा जाँदा एउटा कोशी आयो । दाजु-भाइसँग नदेखिने गरी पारि कसरी जाने उसलाई आपत पर्‍यो । तैपनि उपाय निकाल्यो । दाजु-भाउजु डुङ्गामा चढेर अलिपर पुगेपछि मुसोपनि उनीहरूले नदेख्ने गरी बुर्लुक्क उफ्रेर नदीको डुङ्गामा गयो । दाजु भाउजुले थाहा नपाउँदै मुसो पनि नदी पारि पुग्यो । दाजु भाउजु नदीपार गरेर दक्षिणतर्फ लागे भने मुसोचाहि उत्तरतर्फ लाग्यो । मुसो जाँदा-जाँदा राजाको दरवारमा पुग्यो । दरबारको ढोका ढोका चोक चोकमा कराउन थाल्यो । यो मुसाले के खोजेको भनेर दरबारका पालेले भन्दा म राजाकी छोरी विवाह गर्न आएको, एकपटक राजासंग भेट्न देऊ भनेछ र पालेले पनि राजासंग भेट्ने व्यवस्था मिलाइ दिएछन् । त्यसपछि राजाले मुसालाई भित्र बोलाए र सबै कुरा सुने । कुरा सुनिसकेपछि राजाले आफ्ना पाँच छोरीहरूलाई पालैपालो सोधे तर चारवटीले मानेनन् तर कान्छीले मुसालाई वर स्वीकारिन र विवाह भयो । राजाकी छोरीमुसासंग विवाह भयो भनेर सबैतिर हाँसो छायो । राजाले पनि छोरीलाई खुसी पारेर धन-दौलत, लावा-लस्कर लगाएर विदा गरे । जन्तीहरू विस्तार विस्तारै फर्कदै थिए । आधाबाटोमा आइपुग्दा बेहुलामुसा जुनारको

हरूखमा चढ्यो अनि जन्तीलाई तलबाट आगो लगाउन भन्यो । राजाकी छोरी पनि आश्चर्यले हेरिरहेकी थिइन् । सबै डराएका थिए तर एकजनाले बेहुलाको आज्ञा मानेर आगो लगाइदियो । आगोको रापले मुसो फुट्यो अनि त्यसबाट सुन्दर राजकुमार निस्कियो । जन्तीहरू खुशीभएर त्यही सुन्दर युवकलाई राजकुमारीका साथमा घर लिएर गए । केही समयपछि ती दुवै राजाको दरवरमा फर्किए अनि राजाले यो कसरी भयो भन्दा उनकी छोरीले सबै अगाडिको घटना दोहर्‍याइन । यो जानेर राजाले ती छोरी-ज्वाइँलाई आधाराज्य दिएर राखे । यसरी ती दम्पति आरामले जीवन निर्वाह गरेर रमाउँदै बसे ।

भोजराज श्रेष्ठ वर्ष -१६

रामपुर -३ कोलन्जोर

## ७. दाजु र भाइ

कुनै गाउँमा दाजु-भाइ बसेका थिए । अंश बराबरी भएपनि भाइ अलि धनी थिए भने दाजु केही गरीब थिए । भाइले असारमा बेठी लगाउने विचार गरेछन् र गाउँका सबैलाई बोलाएछन् । यो थाहा पाएर उसका दाजुभाउजू पनि बेठीमा आएछन् । दिउँसो खाजा दिंदा पनि दाजु भाउजू घरको मानिस पछि खानुहुन्छ भनेर दिएनन् । अरू सबैले देऊ न दिनभरि काम गर्नुपर्छ किन दाजुभाउजूलाई नदिएको भन्दा घरको मानिस अहिले खानुहुन्छ ? भनेर खाजा दिएनन् । बेलुका भात पनि त्यही भनेर अरू खेतालालाई दिंदा दिएनन् । त्यसपछि ती जोडीलाई रिस उठ्यो र श्रीमान् दिउँसो लगाएको आली भत्काउने अनि श्रीमती आफूले रोपेको धान उखल्ने भनेर खेतमा पुगेर हातमात्र के लगाएका थिए, एउटा साक्षात्कार भगवान उनीहरूका अगाडि देखिएर भने- तिमीहरू यस्तो काम नगर, यो मूर्खले गर्ने काम हो । यो सुनेर श्रीमान्ले सोधे तपाई को हो ? उत्तर पाए-म तिम्रो भाइको भलाई गर्ने भगवान् हुँ । तिमीहरू यस्तो काम गर्दा विग्रन्छौ भनेपछि ती श्रीमान् चाहिले सोधे-अनि मेरो भगवान् काहाँ हुनुहुन्छ ? एकपटक देखाइदिनुहोस् न त ? भन्दा त्यहाँ उपस्थित भगवान्ले परको वरको रूख देखाउँदै त्यही रूख निर पहरामा छन् भनेर देखाइदिएछन् । त्यसपछि श्रीमतीलाई घरमा लिपपोत गर्दै गर, म भगवान् लिएर आउँछु भनेर हिडेछन् । उसले भनेको ठाउँमा हेर्दा त नाग झलल वत्ती बालेर बसेको देखेर त्यही नजिकै कोदालीले खाल्डो खनेर लुकेर खाल्डामा बसेछ । त्यसपछि त्यहाँ सिंह, लम्बा(सर्प), जम्बू (स्याल) श्री सूर्य र मुसा जम्मा भएछन् । त्यसपछि उनीहरूको कुराकानी सुरू भयो । ए  लम्बाज्यू कसो छ, तपाईको हालचाल भने, सिंहले उत्तरमा लम्बाले आराम छु, सन्चै छ भनेछन् । श्रीसूर्यलाई लम्बाले सोधे - तपाईलाई कस्तो छ ? सूर्यले उत्तर दिए - रानी विरामी छिन् । उनी बिरामी हुँदा मलाई आराम छ । त्यसै गरी लम्बाले बाघलाई पनि सोधे- बाघले उत्तर दिए - सत्र ढुकुटी सम्पत्ति छ मलाई धन्दा छैन भन्ने उत्तर दिए । मुसालाई सोध्दा मुसाले पनि नब्बे ढुकुटी धन छ खानाको पीर छ भन्यो । त्यसपछि यी सबै कुरा सुनेका मानिस खाल्टाबाट कुरा सुन्दा सुन्दै मुस्काइरहेका थिए । त्यही समयमा बाघले जम्बूलाई - जाऊँ मनुखे, मनुखे गन्हाउँछ एक पटक बाहिर हेरेर आऊ भन्दा जम्बू बाहिर आयो र हेरयो कहीं मानिस नदेखे पछि मानिस छैन भनी फर्कियो ।

केही समयपछाडि नाग वाहेक सबै आ-आफ्नो घरमा फर्किए । बेलुका एकपटक जम्मा हुनेहरूको चलन त्यो दिनको लागि सकियो त्यही समयमा पहराको टाकुराको रूखमा एउटा चरो आएर बस्थ्यो । त्यो चरा खान नाग जाँदा बत्ती छोडियो । त्यही समयमा बत्ती टिपेर मानिस हिड्यो । जाँदा जाँदा शहरमा पुग्यो । शहर पुग्दा केही नखाएको कारण भोकले मर्न आँट्यो । साथमा बत्ती छ तर खाना केही छैन । प्रत्येक ठाउँमा गएर बत्ती राख, खान देऊ भन्दा कोही मानेनन् । कसैले पनि उनीहरूको धनले नपुग्ने भएको कारण त्यो वत्ती राख्न मानेनन् । एउटा घरमा छोराछोरी नभएका बूढाले ढुकुटीमा राख र चाहिने जति लैजाऊ भनेछन् र उसले सोही गरेछ । त्यहाँबाट रानी कहाँ गयो । त्यहाँ उसलाई सोधियो रानीलाई ठीक पार्न रानीलाई निको पार्न सक्छौ कि त भन्दा एकपटक कोसिस गर्छु भनेछ र रानीको कोठामा गयो अनि अहरू केही चाहिन्न धागो लेऊ भनेर अह्रायो । राजाले बिरामी ठीक भएमा जे चाहिए पनि दिने भनेका थिए । त्यो धागो दाहिने हातको चोर औंलामा बाँध्यो अनि त्यसको अर्को छेऊ लिस्नु कुनामा किला ठोकेर बाँध्यो । त्यसपछि यहाँ नलिहाड छ । त्यसलाई झिक्नुपर्छ भनेर खन्ती कोदाली लिएर खन्न थाल्यो । केही समय खनेपछि त्यो हाडको  अवशेष पाइयो । त्यो झिकेपछि रानीलाई निको हुँदै गयो । राजा खुशी भएर के माग्छौ भन्दा मलाई त पाँच सय फौज सरकार भनेछ । यी पाँच सय फौजले बाघ कहाँबाट सत्र ढुकुटी धन लगे । त्यसपछि मुसाकहाँ गएर ढुकुटीको धन सबै लगे । यी सबै ठाउँबाट धन जम्मा पारेपछि भाइकहाँ पाथी माग्न गयो । उसलाई पनि लाग्यो, आफूले जम्मा पारेको सम्पत्ति कति भएछ, एक पटक भरेर हेर्नुपर्‍यो । भाइकी श्रीमती बाठी रहिछिन् । उनले पाथी दिंदा पाथीको छेउमा खोटो टाँसेर दिइछन् । सम्पत्ति भरेर फिर्ता गर्दा एउटा पैसा पाथीमा टाँसिउर फिर्ता गएछ । त्यसपछि बुहारीले उनका श्रीमान्लाई दाइले पैसा कमाएर ल्याएर पाथीले भर्न थाले । अब तपाई पनि पैसा कमाउन जानुहोस् भनी सल्लाह दिइन् । भाइले एकपटक दाजुलाई पैसा कमाउने उपाय सोध्यो । दाजुले पनि सोझो उपाय बताए । नजिकैको वरको रूखनिरको पहरो । भाइ पनि त्यही गए । सधैं जसरी नाग सिह, मुसो, जम्बू जम्मा भए । उनीहरूको बीचमा कुराकानी चल्यो । नागले अँध्यारो भयो मेरो उज्यालो चोरियो भने । बाघ, सिंहले पनि सबै चोरियो । मुसाले पनि त्यही भने । श्रीसूर्यले पनि रानीलाई निको भयो म त भुतुक्कै मरें भनेछ । किन भनेर सिहले सोध्दा उनले उत्तरमा भनेछन् । रानी घरमा बिरामी हुँदा

चारैतर्फबाट मानिसहरू उनलाई हेर्न आउँथे, विभिन्न प्रकारका फलफूल ल्याउँथे । घरमा मानिसको कहिले खाँचो हुँदैनथ्यो । सधै नयाँ अनुहार हेर्न पाइन्थ्यो । अब त रानी एक्लै घरमा अरू कोही छैनन् । त्यही समयमा सिहले जम्बूलाई मनुखे-मनुखे गन्हाउँछ, जाऊ, जाऊ बाहिर हेर भनेर अह्राएछ । नभन्दै जम्बूले आज्ञा पालन गरेर बाहिर निस्कँदा त्यही भाइलाई देख्यो । सिंहले त्यसलाई झिरिप्प पारिदियो अनि सबै सम्पत्ति दाजु भाउजूको जिम्मामा गयो ।

पहलमान श्रेष्ठ वर्ष ७६

रामपुर -३

## ८. कर्मको फल

एकजना पण्डितको घरमा भजन किर्तनको कार्यक्रम थियो । कार्यक्रममा दुईजना महात्मा पनि आएका थिए । ती पण्डितका छोराको जाँच नजिकै आएको थियो । यही कारण उनी घरबाट बाहिर निस्केर गोठमा गएर बस्यो । भोलिपल्ट ती महात्माहरू भजन र किर्तनको कार्यक्रम सकेर त्यही गोठकोबाटो भएर जान लाग्दा त्यो घरको केटोलाई देखे । केटालाई ललाइफकाइ समाएर श्री कृष्ण सद्चितान्द परब्रम्हा पूर्ण परमात्मा भन्न लगाए तर ती बालकले मानेनन् । गोठको तल बसेका अर्का महात्मा पनि माथि गए । उनी घाँटीमा समाएर जबरजस्ती भन्न लगाए । त्यो करले भन्न लगाएका थिए । अरूको करले भनेको भए पनि ती बालक परीक्षामा उत्तीर्ण हुँदै गए । त्यस जिल्लाका हाकिम पनि भए ।

लामो समयपछि उसको मृत्यु भयो । उसको आत्मा यमराज र चन्द्रगुप्तकहाँ पुग्यो । उनीहरूको खातामा ती बालक छँदै श्री कृष्ण सद्चितानन्द परब्रम्हा पूर्ण परमात्मा भनेको देख्यो । यो कुरा आफै स्वतःस्फूर्त नभनेर अर्काको करले भनेकोमा कति न्याय दिने भन्ने लेखिएको रहेनछ । त्यसपछि ब्रम्हलोकमा ब्रम्हाकहाँ गए । ब्रम्हालाई पनि यसको निर्णय दिन कठिन भयो । उसको खातामा पनि जबरजस्ती भन्न लगाएको हुनाले निर्णय सोध्न विष्णु कहाँ गए । त्यहाँ पनि निर्णय हुन सकेन । त्यसपछि कैलाशपति भगवान् कहाँ गए । शिवले पनि यसको निर्णय दिन सकेनन् कैलाशमा रहँदा ती विद्यार्थीको आत्मा करले एकपटक भन्दा त विष्णु, लक्ष्मी, शिव, पार्वती आदिको दर्शन पाए । झन् रातभर भजन किर्तन गरेर बसेको भए कति पुण्य कमाउन सकिने रहेछ भनेर सोच्दा सोच्दै बेहोस भएछन् । त्यसपछि ती सबै देवीदेवता मिलेर त्यो बेहोसी आत्मालाई बोकेर चारैजना मिलेर परमधाम परब्रम्हा (श्रीकृष्ण) कहाँ लगे । ढोकापालेले पनि आफ्ना मालिक श्रीकृष्णलाई ब्रम्हा, विष्णु , शिव, यमराज र एउटा अर्को जीवको आत्मा आएको कुरा बताए । यो आत्मा २८ औ कलियुगमा उनका बाबुले परब्रम्हाको भजन किर्तनमा परीक्षा छ भनी मागेर गोठमा बसेको र पछि बाबाजीहरूले जबरजस्ती श्री कृष्ण परब्रम्हा पूर्ण परमात्मा भन्न लगाएको फलले यहाँसम्म आउन पायो । ब्रम्हा, विष्णु, शिवजी सबैजना आफ्ना काममा जानु अनि यो आत्मालाई यही छोड्नु भन्ने आदेश बमोजिम अरू सबै फर्किए । श्री कृष्णको ढोकासम्म आइपुगेको पुहरूष आत्मा परब्रम्हाको सेवामा आनन्दले रहे ।

उमानाथ उपाध्याय, वर्ष ८३

कठजोर - २

## ९. बुद्धिको खेल

कुनै गाउँमा युवायुवतीका जोडी बसेका थिए । श्रीमती चाहि साह्रै अल्छे थिइन् । एक दिन यी दुईका बीचमा ठ्याकठुक परेछ । श्रीमान् चाही एउटी अर्की स्वास्नी नभइ भातै खान्न र आगै फुक्दिन भनेर श्रीमतीलाई छकाएर घरको ध्वासिमा लुकेछ । श्रीमती पनि श्रीमान् नभएको मौका पारेर तीनमाना चामलको भात पकाउन बसालिन् । माथिल्लो तल्लामा गएर एकमाना चामल एकमाना सिलाम पोल्टामा हाली र दुई मानाको मुङ्ग्रे रोटी हाली । त्यसपछि ऊखु बारीमा गएर तीन लाकुरा ऊखू काटी उखू, रोटी, सिलाम, चामल सबै खाई । त्यसपछि आज तिहुन के खाँ है भनेर सोची अनि नजिकैको तीनकाने बाखाको कान खाँ भनेर आइलागी । यो सुनेर लोग्ने माथिबाट तल झरेछ अनि श्रीमतीलाई भनेछ आगो फुक्दिन भनेर बसेको हैन । किन फुकेको भन्दा त झोलामा जुम्रा परेछ । तीन लाकुरा उखु जस्तो सर्प, दुई मानाको रोटी जस्तो कान भएको दुई माना सिलाम र चामल जस्तो थेग्ला भएको सर्प देखे । यति अर्थ जाने जान नजाने नजान तीन काने बाखाको कानले धन्- म त आएँ भन्यो ।

त्यसपछि आगो पुक्दिन भन्थिस आगो छ त भन्यो । त्यसपछि श्रीमतीले दिइन् झोलामा जुम्रा परेछन् । जुम्राले खायो अनि चोलो पकाउन बसालेकी भनी । मेरो लमौटी पनि चिलाएको छ । भनेर त्यही बहानमा हाल्दियो अनि ऊ चोली धुन गइन । सबै भात खाई भातले नअघाएर लमौटीमा लगेका भातका सिता टिप्दै खान थाली । यो कुरा श्रीमतीको श्रीमान्ले देखेछ । यो देखेर बडो राक्षस रहिछ भनेर ढुगाले हानेर श्रीमती चाहिंलाई सिध्यायो अनि त्यसको लाश खाल्टोमा लुकाएर राखेछ । त्यसपछि घरमा आएर तलामाथि चढेर छोराछोरी नभाकी आमा कहाँ गइस् भनेर श्रीमतीलाई बोलाउन थाल्यो । ठूलो स्वरले बोलाएर गाउँलेलाई विश्वाश दिलायो । बेलुका त्यही खाल्टाको लाश उठाएर ढोकामा झुण्ड्याएछ , पछि झुण्डिएर मरिछ भनेर गाउँलेले विस्वास गरे ऊ जोगियो ।

केही समयपछि उसलाई श्रीमतीको अभाव महशुस भयो र श्रीमती खोज्न गए । हिड्दा हिड्दै आमाका जुम्रा छोरी र छोरीका जुम्रा आमाले हेर्ने घरमा काम केही नगर्ने, भात पनि नपकाउने, पानी पनि नल्याउने, दाउरा पनि नखोज्ने आमा छोरी फेला परयो । ती छोरीका बाबु

दाउरा खोजेर आए । पाहुना आएको देखेर केही पाक्यो होला कि भनेछ । यही समयमा श्रीमतीले झम्टिई । खाना सोध्दा बसी खाने गरिन् । गाग्रामा पानी सोध्दा गएर हेर भनी । पानी नभएको गाग्री बोकेर पानी लिन गयो अनि श्रीमतीले पाहुनासँग भनिन् । हाम्रो श्रीमान्को क्या निको बानी, दाउराबाट आइगए त गइगए पानी लिएर आएपछि श्रीमान्ले श्रीमती छोरी पाउना र आफूलाई भात पकाए । भात खाएपछि तपाई किन मेरा घरमा आउनु भएको भनी सोधे पाहुनालाई सोध्दा पाहुनाले म तपाईकी छोरी माग्न आएको भन्यो । उसले भन्यो यो अल्छी छ तर पाहुनाले अल्छी पनि स्वीकार्‍यो । बाबु चाहीले म टीका टाला गर्छु भनेर छोरी र ज्वाईँलाई टिकाटाला गरिदियो ।

त्यही मानिसले नयाँ श्रीमती लिएर घर गयो । त्यो घरमा एउटा कुकुर, बिरालो र पाठो रहेछन् । एक दिन त्यो मानिसले पका है कुकुर भात भनेछ । बाहिरबाट फर्केर आउँदा पाकेको पाएन । त्यो कुकुरलाई कुटेर पहराबाट फालिदिएछन् । त्यसपछि अर्को दिन बिरालोलाई भात पकाउन भनेर बाहिर निस्केछन् । बाहिरबाट आउँदा भात पकाएको पाएन । त्यसलाई पनि काटेर फालिदिएछ । अर्को दिन बाहिर निस्कने समयमा बाखाको पाठालाई भात पकाउनु भनेर निस्केछन् । त्यसले पनि मानिस फर्कदा भात पकाउने कुरै भएन । पाठालाई पनि काटिदियो अनि श्रीमतीलाई भन्यो । तँ नहुँदा यी सबैले काम दिन्थे । तँलाई देखेर पकाएनन् । मेरो रीस मापाको छ । मेरो पारा यही हो । देखिहालिस् अब तँ भात पकाउने कि नपकाउने ? भनी पाठाको मासुको चौरासी थोक बनाउनु भनेर लगायो । अगाडिका सबैको हालत देखेकी ती दुलहीले भने बमोजिम गरिन् र जागरिया भइन् । गाउँलेले ती अल्छीका पीतालाई गाली गरेछन् । त्यो श्रीमती मार्नेलाई किन छोरी दिएको त्यो फटाहा छ । यो सुनेर हतार हतार छोरीको घरमा गएछन् । आएको समयमा छोरी चाहिंले मीठा मीठा परिकार खान दिइछ अनि उसले ज्वाईँलाई छोरी जाँगरिली कसरी भइ मेरो जहानलाई पनि यो औषधी गरिदिनु भनी बिन्ति बिसाए ।

ज्वाईँले ससुरालाई १० धार्नीको खसी, एउटा भाले कुखुरो, एक जोर परेवा खोजेर ठीक्क पार्नुहोस् म ओखती गरौला भनेर केही दिनपछि उपचार गर्न गएछ । दशधार्नीको खसी माझा आँगनमा काटेछ । भाले अँगेनामा काट्न लगाएछ । परेवा दलानमा काटेछ । बीस दिन बसेर खाएछ । भाले पनि निख्रो, परेवा पनि निख्रो खसी पनि निखियो अनि ससुराले खोइ त हजूर

औषधी भनेर सोधेछ अनि ज्वाइँले अगेनाको एक धार्नी माटो खन्न लगायो र मुछ्न लगायो । परेवा काटेका ठाउँमा कुट्न लगायो । खसी काटेको ठाउँ आँगनको पनि एक धार्नी माटो जोख्न लगायो र पानी हालेर मुछ्न लगायो । त्यसपछि यी दुबै ठाउँको माटोलाई डल्लो पार भनेर लगायो । आँगनको माटो डल्लो पाऱ्यो तर अँगेनाको माटो डल्लो पार्न खोज्दा परेन अनि ज्वाइँसँग सोध्दा यो अँगेनाको माटो डल्लो भएन भने यो पनि तपाईकी छोरी र श्रीमती जस्तै फरक छ । आँगनको माटो काँचो थियो त्यो डल्लो भयो । अर्थात् तपाईकी छोरी काँचो माटोसरह हुन् भने । तपाईकी श्रीमती अँगेनाको माटो सरह पाकेकी थिइन् । त्यही भएर उनलाई ठीक बाटोमा लगाउन सकिदैन ।

यो सुनेपछि ससुरा झल्याँस्स विउँझिए झैं भए र चुपचाप रहे ।

खड्ग ब. बर्देवा, वर्ष ६६

फुलासी -२

## १०. लोभी जोगी

कुनै नदीको किनारामा जोगीको आश्रम थियो । त्यसमाथि वन थियो । वनमाथि एउटा सुन्दर वस्ती थियो । गाउँमा साहुमहाजन थिए । उनीहरूको व्यवहार राम्रो थियो । तलको जोगी पनि योगबाट हेरकोर गर्दथ्यो ।

एक दिन गाउँको साहुले हाम्रो सबैकुरा राम्रो छ, एउटी कान्छी छोरी बाँकी छ, यसको व्यवहार कसरी गरौं भनेर बूढीसँग सल्लाह गर्‍यो । बुढीले पनि सल्लाह दिइन, जे भए पनि तलका योगी जान्नेछन् । उनीलाई एकपटक हेराऔं, कस्तो भागभोग रहेछ ? छोरीको भनेर योगीलाई भेट्न भए, योगीसँग सल्लाह गरे । योगीले पनि के कामले आउनुभयो भनेर सोध्दा - उनीहरूको जवाफ थियो । हाम्री एउटी कान्छी छोरी छ, छोरीको विवाह कुन दिशामा कस्तो मानिससँग हुन्छ भनेर सोध्दा सबै कुरा हेर-विचार गर्‍यो । योगीलाई ती कन्याप्रंति मोह जाग्यो अनि ती आमा-बाबुलाई यहाँ सबैको हेरकोरगर्दा आउथ्यो तर तपाईकी छोरीको आएन भन्यो । के गर्नुपर्छ भन्दा घरैमा गएर हेर्नुपर्छ भन्यो । त्यसपछि घरमा ती योगीलाई ल्याए । खानपान गराए, त्यसपछि कसको लागि भनी सोध्यो अनि छोरीलाई बोलाए । ती सुन्दरी कन्यालाई देखेपछि योगी रुनकराउन थाल्यो । सबैलाई आपत पर्‍यो । रोएको रोऐ भयो । भन के भयो ५ परे ५० दिन्छु भनी भन्न कर लगाए । विश्वासमान भन्छु भन्यो । त्यसपछि यी कन्यालाई घरमा राख्न हुँदैन, नराम्रो रहेछ, सबैलाई अगाडि लगाएर जान्छे नराख्नु भन्यो । मनमा कन्याप्रति मोह बढ्यो र अपराध चितायो ।

अनि महाजन परिवारले सजिलो उपाय बताइदिन अनुरोध गरे । योगीले उपाय बतायो । एउटा ठूलो बाक्सा बनाउनु, त्यसमा कपडा, गहना सबैसहित कन्यालाई पनि सोही बाक्सामा हालेर नदीमा बगाउनु अनि त्यस बाक्सामाथि बत्ती बालेर बगाउनु भने । नभन्दै ती बाबुआमाले योगीको विश्वासमा सोही काम गरे । यस्तो काम गरेपछि तेरा घरमा राम्रो हुन्छ भन्यो अनि आफ्नो आश्रममा गयो । आश्रममा गएपछि आफ्ना चेलाहरूलाई नदीमा स्नान गर्न जानु अनि एउटा बाक्सा आउँछ त्यसलाई समाउनु, समाउन नसके तिमीहरू मर्नेछौ भनी बतायो । ल, हुन्छ भनी उनीहरू नदीतर्फ लागे ।

ती सेठले पनि योगीको भनाइअनुसार धन, गहना र राजकुमारीसमेत बगाए । यो बाकसलाई वनमा राजकुमारले भेट्यो । त्यो राजकुमारले दिनभरमा एउटा भालुमात्र शिकार गरेको थियो । त्यही भालु डोऱ्याएर नदीको किनार हुँदैजाँदा एउटा राम्रो बाक्सा देख्यो र जालमा पारेर लियो । बाक्सा खोलेर हेऱ्यो । त्यसमा एउटी सुन्दरी, रूपैया र गहनासमेत देख्यो । ती सुन्दरीलाई तिमी को हौ ? किन यसरी बगेकी ? भनेर सोध्यो । उनले पनि तिमी को हौ भनेर सोधिन् । उसले म राजकुमार हुँ भनी बताए । उनले म तिमीलाई पति मान्छु, छोड्दिन भनिन् अनि के कारण यसरी बगाइएकी भन्दा एउटा जोगीको अपराधी विचारले गर्दा मेरा आमाबाबुले मलाई त्यागेको हो भनी बताइन् । त्यसपछि सबै पत्ता पाएर राजकुमारले त्यो बाक्सामा आफूले ल्याएको भालु बन्द गऱ्यो अनि बाक्सा बगाइदियो । केही समयपछि त्यो बाक्सा जोगीका चेलाले फेला पारे । उनीहरूले आज्ञा मुताबिक जोगीलाई दिए । यो बाक्सा कोठामा लगेर कोही चिच्याए पनि ढोका नखोल्नु, अनि हुन्छ भनी सबै चेलाहरू आ-आफ्नो कोठामा बसे । रात परेपछि योगीले राम्रीसँग मोज गर्ने विचारले बाक्सा खोले । कोठामा बाक्सा खोल्दा त्यसमा भालु थिए । भालुले नङ्ग्रयाउन थाल्दा योगी प्यारीको सम्झना नगर न प्यारी नगर भन्छ तर त्यहाँ भालु थियो । योगीलाई थाहा भएन । भालुले नङग्राएर योगीलाई मारिदियो ।

भोलिपल्ट चेलाहरूले हेर्दा त गुरूवा उठेनन् । चेलाहरूले हिजो पो नखोल्नु भनेको आज त नखोल्नु भनेको हैन भनेर ढोका खोलें । ढोका खोल्दा त भालु फुत्त बाहिर निस्केर भाग्यो । उनीहरूका गुरूवा मरिरहेका रहेछन् ।

तक बहादुर हमाल वर्ष-६१

फुलासी -३

# सूचकको परिचय

| क्र.सं. | नाम | गा.वि.स. | वार्ड.नं. | वर्ष |
|---|---|---|---|---|
| १. | वेदमाया घिमिरे<br>होमनाथ घिमिरे | चिसापानी | ७ | ५२<br>८५ |
| २. | फाल्गुनप्रसाद सुवेदी | कठजोर | २ | ७७ |
| ३. | लोकबहादुर श्रेष्ठ | रामपुर | ३ | ७१ |
| ४. | पहलमान श्रेष्ठ | रामपुर | ३ | ७६ |
| ५. | पहलमान श्रेष्ठ | रामपुर | ३ | ७६ |
| ६. | भोजराज श्रेष्ठ | रामपुर | ३ | १७ |
| ७. | पहलमान श्रेष्ठ | रामपुर | ३ | ७६ |
| ८. | उमानाथ उपाध्याय | कठजोर | २ | ८४ |
| ९. | खड्गबहादुर बर्देवा | फुलासी | २ | ६७ |
| १०. | तकबहादुर हमाल | फुलासी | ३ | ६२ |

# सन्दर्भ सामाग्री


१. कोइराला, शम्भुप्रसाद, *लोकसाहित्यः सिद्वान्त र विश्लेषण* विराटनगरः धरणि पुरस्कार प्रतिष्ठान, प्रथम संस्करण, २०५५

२. गौतम, सुवेदी, धरणी र राजेन्द्र *भेची अञ्चलका लोककथाको सङ्कलन वर्गीकरण र विश्लेषण,* प्रतिवेदन लेख - इलाम २०३८

३. घिमिरे, कपिल (सम्पा), *मधुपर्क,* वर्ष ३५, अङ्क - ४, लोककथा अङ्क काठमाडौंः २०४९

४. *जनपुष्प साप्ताहिक,* वर्ष १ अङ्क ९, कात्तिक २६ः २०६३

५. थापा, सुवेदी, धमराज र हंसपुरे, *नेपाली लोकसाहित्यको विवेचना* काठकाडौं पा.पा.नि.वि.के.त्रि.वि.:२०४१

६. दिवस, तुलसी, *नेपाली लोककथा* केहि अध्ययन, ने.रा.प्र.प. २०३२

७. पराजुली, डा. मोतीलाल, *नेपाल लोकगाथा,* पोखराः तारादेवी पराजुलीः २०४९

८. पराजुली डा. मोतीलाल, सोरडी नृत्यनाटिका- काठमडौं : वीण प्रकाशन, २०५७

९. पराजुली, कृष्णप्रसाद, नेपाली लोकगीतको आलोक, काठमाडौं : वीणा प्रकाशनः २०५७

१० बन्धू चूडामणि, *नेपाली लोकसाहित्य,* काठमाडौंः एकताबुकस

११. भट्टराई, अनितादेवी, *पाँचथर जिल्लाका लोककथा सङ्कलन, वर्गीकरण र विश्लेषण,* अप्रकाशित शोध

१२. *रामेछाप जिल्ला पार्श्वचित्रः* २०६१

१३. *रामेछाप आवाज* - क.मि.के. २०६३,

१४. लुइटेल खगेन्द्र, *कविताको संरचनात्मक विश्लेषण* काठमाडौं : विद्यार्थी पुस्तक, भोटाहिटीः २०६१

१५. लुइटेल खगेन्द्र, *पूर्वीय तथा पश्चिमी साहित्य सिद्धान्तः* २०६१

१६. त्रिपाठी वासुदेव (सम्पा) नेपाली वृहत्शब्द कोश, काठमाडौंः ने.रा.प्र.प्र. छै.सं. -२०६०

१७. त्रिपाठी वासुदेव, पश्चिमी साहित्यमा वादहरु- साझा प्रकाशन (दो.सं.)

१८. इन्साइक्लोपीडिया ब्रिटानिका - भाग चार ।